वर्ष ३६, अङ्क १०, २०८० साल चैत

March-April 2024

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र









३२ परोपकारको भावना समेटिएका पाटीपौवा

राजामहाराजाले कीर्ति तथा यश कायम गर्न पाटीपौवा निर्माण गरेको देखिन्छ । जनस्तरमा निर्मित पाटीपौवा धनले भन्दा पनि मनले खडा भएको प्रतीत हुन्छ ।

३९ माझीको जीवन नै नदी

सङ्ख्यामा कमी हुनु, अनेक कारणले मूलधारमा आउन नसक्नु, राज्यले प्रोत्साहन नगर्ने कारणले ती चाडपर्व माझी समुदायमा मात्रै सीमित बनिरहेका छन् ।

४४ बुद्ध जब राजमहल फर्किए

सबै मनोकामनाले पूर्ण गर्ने भन्ने अर्थमा ब्राह्मणहरुले नवजात शिशुको नाम 'सर्वार्थसिद्ध' राखे । 'सर्वार्थसिद्ध' लाई पछि 'सिद्धार्थ' भन्न थालियो ।

६६ घातक हुन्छ प्यान्क्रियाजको क्यान्सर

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह-सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
तारा बस्याल

उत्पादन विभाग
ओम भुसाल

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौं, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन - सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

सन्तानप्रतिको कर्तव्य

चितवनमा एक किशोरीको मृत्युले हाम्रो समाजलाई ऐना देखाएको छ। यस घटनालाई सामान्य रूपमा हेर्न सकिँदैन। यसले वर्तमान समाजका अनेक पक्षको प्रतिनिधित्व गरेको छ। यहाँ यस्तो समाज विकसित भएर गएको छ जहाँ अनमेल, असङ्गति र पारिवारिक विखण्डनको परिणामका रूपमा हामीले ती किशोरीको मृत्यु देखेका छौँ। समाज परिवर्तनशील छ र त्यसका सबै घटक पनि सधैँ गतिशील नै हुन्छन् तर द्रुत परिवर्तन, विशेषगरी पारिवारिक संरचनामा देखिएको अस्थिरता अनेक असङ्गतिको कारण बन्दा सामाजिक परिवेशमा थुप्रै प्रश्न सिर्जना भएका छन्।

छात्राको निधनमा जे-जस्ता दाबी र प्रतिवाद आए पनि एउटा कुरा स्पष्ट के छ भने त्यो पारिवारिक कलह र विखण्डनको परिणति हो। विवाहपछि आमाबाबु बनिदिने तर सन्तानप्रतिको जिम्मेवारी र कर्तव्यबाट उनीहरू अनेक बहानामा च्युत हुने प्रवृत्ति आजको समाजमा मौलाएको छ। जीवन जन्माएर प्रकृतिको अविछिन्नतामा देखाएको भूमिकाले मात्र वैवाहिक र पारिवारिक जिम्मेवारी, दायित्व, कर्म र धर्म पूरा हुँदैन। स-साना विषयमा दम्पतीबीच कलह हुने र त्यसमा टेकेर वैवाहिक सम्बन्ध विच्छेद गर्ने तर भएका सन्तानलाई वात्सल्यबाट विमुख बनाउने, भविष्यको चिन्तन नगर्ने र जतिसक्दो चाँडै अर्को वैवाहिक सम्बन्धमा बाँधिन हतार गरिनु स्वधर्म अनुरूप छैन। चितवनमा भएको छात्राको मृत्युले जन्मदिने आमाबाबुबाट स्वधर्मको पालना भएको छैन भन्ने स्पष्ट नै छ। बच्चा जन्माएपछि अनेक बहानामा काँचो धागो जस्तै वैवाहिक सम्बन्ध चुँडाएर आमाबुवा अन्तै गएपछि बच्चा भावनात्मक रूपमा कमजोर त हुने नै भयो। अबोध बाल्यकालमा बच्चा सानो सहारा पाउँदा पनि रमाउला र अर्काको काखमा दिन बिताउला तर कुरा बुझ्ने उमेर भएपछि आमाबुवाकै माया, सहारा, स्नेह र सामाजिक सम्मान उसलाई अपरिहार्य हुन्छ।

हामी अहिले जुन सामाजिक परिवेशमा बाँचिरहेका छौँ यहाँ एकल पारिवारिक संरचना व्यापक हुँदै गएको छ। संयुक्त पारिवारिक संरचना कमै देखिन्छ। परिवारमा उत्पन्न हुने स-साना विवादलाई मत्थर बनाउने, साम्य पार्ने र एकअर्काप्रति सम्मान जनाउने संस्कार ह्रास भई द्वेषले उग्र रूप लिएर भुसको आगो हुँदा वैवाहिक सम्बन्धको महत्त्व, जिम्मेवारी र कर्तव्य बोध गराउने अग्रज एकल परिवारमा छैनन्। परिणाममा परिवार विघटन र सन्तानले अप्रिय बाटो रोज्ने चितवनसरहका अनेक घटना हामीसामु छन्। सन्तानको बिचल्ली, वात्सल्यको छटपटी र अवोधावस्थामा सङ्घर्ष समाजको तितो सत्य भएको छ।

समाजमा विकसित भएको मनोवृत्ति पनि कम्ती दोषी छैन। केही अपवादबाहेक अनाथ बालबालिकाप्रति गरिने व्यवहार, लालनपालन भिन्न देखिन्छ, अनेक लाञ्छना लगाउने गरिन्छ। भलै आफन्तले नै संरक्षणमा लिएका किन नहुन्। कुनै गम्भीर घटना भइहाल्यो भने त्यही समाजको असहिष्णु प्रतिक्रिया गम्भीर रूपमा अगाडि आउँछ। घटनाको अनुसन्धान पूरा नहुँदै एउटा धारणा बनाइहाल्ने अराजक प्रवृत्ति अहिले हाबी छ।

यिनै परिवेशमा सन्तानको संरक्षण तथा लालनपालनको अभिभारा आमाबाबुबाटै हुनुपर्ने विषय सर्वाधिक महत्त्वको विषय भएको छ। वैवाहिक सम्बन्ध विच्छेद गर्नुपर्ने अवस्था आएमा भएको सन्तानलाई आमाबाबुबाट चटक्कै विमुख नपार्ने वैधानिक व्यवस्था आवश्यक देखिन्छ। ■

प्रविधिमा जोड

यो प्रविधिको युग हो। प्रविधिले हाम्रो जीवनलाई निकै सहज बनाएको छ। राम्रा र नराम्रा भन्ने कुरा त सबैतिर हुन्छन् तर सदुपयोग गर्न जान्नु पर्छ।

युवामञ्च युवाको प्रिय पत्रिका हो। यस मासिक पत्रिकामा नियमित रूपमा प्रविधिसम्बन्धी लेख प्रकाशित भइरहेका छन्। जुन म जस्ता प्रविधिबारे अध्ययन गर्ने विद्यार्थीका लागि उपयोगी छ। म सूचना प्रविधिको स्नातक तहमा अध्ययन गर्ने विद्यार्थी हुनाले यस पत्रिकामा प्रकाशित हुने प्रविधिसम्बन्धी लेख नियमित रूपमा पढ्ने गर्दछु।

तर एक–दुई वटा मात्र यस्ता लेख प्रकाशित हुनाले कमी महसुस भएको छ। यसर्थ आगामी अङ्कमा प्रविधिसम्बन्धी लेखहरू थप प्रकाशित गरियोस् भन्ने सुझाव दिन चाहन्छु।

अनुभवमान सिंह प्रधान
इस्लिङ्टन कलेज, कमलपोखरी, काठमाडौँ



क्यान्सरबारे जान्न पाइयो

फागुनको युवामञ्चले क्यान्सर जस्तो प्राणघातक रोगलाई प्राथमिकता दिएको रहेछ राम्रो लाग्यो । यो पटकको युवामञ्च पत्रिकाको चाखलाग्दो विषय भनेको नै क्यान्सर रोगका बारेमा जान्न पाइयो। लेख मात्र होइन सम्पादकीय पनि क्यान्सर रोगका बारेमा लेखिएको रहेछ। वास्तवमा आजको विश्व नै यो रोगको पीडामा रहेकाले हाम्रो देश पनि अछुतो नरहेको सन्दर्भमा युवामञ्चले पाठकलाई यो रोगविरुद्ध जागरण ल्याउन निकै राम्रो काम गरेको छ।

यस्तो महत्त्वपूर्ण भूमिका खेलेकोमा युवामञ्च र टिमका सबैलाई धन्यवाद दिन मन लागेर यो पत्राचार गरेको हुँ। हुन त युवामञ्च पत्रिकाले स्वास्थ्यका बारेमा जागरण ल्याउने काम विगतदेखि नै गर्दै आएको भए पनि यो पटक भने अलि भिन्नै लागेकाले शुभकामना दिन मन भएर पत्राचार गरेको हुँ। भविष्यमा अझ विस्तृत रूपमा यस्ता सामग्री पढ्ने अवसर प्राप्त होस् भन्ने सुझाव पनि दिन चाहन्छु।

मदन अधिकारी
कुरुले, धनकुटा

हिटलरको धनबारे पढ्दा तीनछक्क

युवामाझ मनपर्ने पत्रिकाको परिचय बनाएको युवामञ्चले सधैँ हामी पाठकलाई केही न केही नयाँ नयाँ ज्ञान दिने गरेको छ। यही भएर नै म जस्ता पाठकको पहिलो रोजाइ युवामञ्चै हुने गरेको हो। मेरो हातमा फागुनको युवामञ्च छ। यो पत्रिकामार्फत विश्वका चर्चित हिटलरको विषयमा जान्न पाइयो। वास्तवमा हिटलर को थिए, उनको जीवन पद्धति कस्तो थियो, उनी कति धनी थिए आदि कुरा जान्न पाइयो।

हिटलरको सम्पत्ति बारेमा थाहा पाउँदा त म तीन छक्क नै परेँ। अर्बौं डलरको उनको सम्पत्ति कहाँ छ भनेर आज पनि खोजी भइरहेको सुन्दा अचम्मै लाग्यो। हिटलरका बारेमा सानैदेखि सुनेको भए पनि युवामञ्चले उनका बारेमा नयाँ र नौलो जानकारी दिएको छ। जुन जानकारीले रोचक अनुभूति गरायो। यो पत्रिकामा छापिने अन्य लेख रचना पनि राम्रो लागेको छ। पहिले छापिने गरेका केही महत्त्वपूर्ण लेख एकाएक हटाइएको रहेछ किन होला ? त्यस्ता लेखले पनि नियमितता पाउँदा राम्रै हुन्थ्यो भन्ने अनुरोध गर्न चाहन्छु।

शान्ता चौधरी
इनरुवा, सुनसरी

उज्ज्वल भविष्यको कामना

युवामञ्चको २०८० साल फागुन अङ्क समयमै पढ्ने अवसर मिल्यो। यो मेरो सुरुदेखिको मन पर्ने पत्रिका भएकाले पढ्न कहिले पनि छुटाउँदिनँ। यमबहादुर दुराले लेखेको उतिबेलाको भाउ शीर्षकको सामग्री राम्रो लाग्यो। राष्ट्रिय गानका रचयिता व्याकुल माइलाका बारेमा जान्ने अवसर मिल्यो। रतन भण्डारीले लेखेको राणाविरोधी आन्दोलनमा महिला शीर्षकको लेख पढ्ने अवसर मिल्यो।

एपेन्डिक्स र पित्तथैलीको क्यान्सर शीर्षकको प्राडा सुमनराज ताम्राकारले लेखेको स्वास्थ्यसम्बन्धी सामग्री पढ्न पाउँदा खुसी लाग्यो। युवामञ्च पत्रिकामा रोचक लेख सामग्री पढ्न पाइन्छ। यो पत्रिको उज्ज्वल भविष्यको कामना गर्दै मन छुने लेख सधैँ पढ्न पाइयोस् भन्न चाहन्छु।

अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ-४, पासीकोट
उज्यालो बस्ती, काठमाडौँ


उतिबेलाको भाउ

सधैँ लत्पतिने कागज नै किन ?

मलाई गोरखापत्रको सहप्रकाशन युवामञ्च असाध्यै मनपर्ने भएकाले म युवामञ्च नियमित पढ्दै आइरहेको छु। यो पत्रिका म सधैँ बेलिविस्तारमा पढ्न मन पराउँछु। यसमा छापिने सामग्रीले मेरो मन छुने गरेको छ। सामग्रीको विविधता यो पत्रिकाको विशेषता नै हो भने पनि हुन्छ। खोजमूलकदेखि मनोरञ्जन अनि विज्ञानका खेलसम्म यो पत्रिकामा पढ्न पाएर हामी पाठक निकै रमाएका छौँ।

युवामञ्चका अगाडि अरू पत्रिका हामीलाई खल्लो लाग्न थालेको छ। यति राम्रा कुरा गर्दागर्दै पनि नराम्रा र भन्नै पर्ने केही कुरा पनि छन् यसलाई सुझावका रूपमा लिइदिन म अनुरोध गर्दछु। सरकारी प्रकाशन भएर पनि यो पत्रिकाको डिजाइन अनि साजसज्जामा किन सुधार हुन नसकेको ? के सधैँ लतपतिने कागजमा नै यो पत्रिका छापिनु पर्ने ? यसमा तत्काल सुधार आवश्यक देखेको छु।

मनोजबहादुर थापा
कटुन्जे, भक्तपुर

पत्रिका युवामैत्री होस्

युवामञ्चको प्रगति चाहने पाठक भएकाले मैले केही सुझाव पस्कने विचार गरेर यो पत्र लेखेको छु। यो पत्रिका युवाबीच किन लोकप्रिय छ भन्ने हेक्का राखेर मात्र यसमा लेखहरूको छनोट हुन आवश्यक देखेको छु। युवामैत्री पत्रिकामा युवाको चाहना अनुसारका मात्र लेख छाप्दा राम्रो हो नि। यो पत्रिकाले नियमित छाप्दै आएको यौनसम्बन्धी लेख युवामैत्री लेख थियो तर एकाएक किन हटाइयो ? यस्तै अन्य स्तम्भ पनि हटाइएको रहेछ। अविलम्ब युवाले मन पराउने सामग्री समावेश गरियोस् भन्ने अनुरोध गर्न चाहन्छु। खेल, मनोरञ्जन जस्ता सामग्रीले नियमितता पाइरहून्।

फागुनमा प्रकाशित युवामञ्च पत्रिकामा छापिएका लेखले मेरो ध्यानाकर्षण गराएकाले यो पत्राचार गरेको हुँ। म यो पत्रिकाको नियमित पाठक पनि भएकाले यो पत्रिकामा छापिने सामग्रीका बारेमा मैले के भन्नु र प्रायः राम्रो नै लाग्ने गरेको छ मलाई। यो पत्रिकाले सबै विषयलाई समेट्दै आइरहेको देखिन्छ।

साजन ढुङ्गेल
ठोक्सिला, उदयपुर

डबली

जासुस बिरालो

सन् १९६० को दशकमा अमेरिकाको गुप्तचर निकायका अनेक परियोजनामा बिरालोमाथिसमेत परीक्षण र प्रयोग गरिएको थियो। गुप्तचर निकाय सिआइएले बिरालोलाई काममा लगाउने निर्णय त गऱ्यो तर बिरालोलाई तालिम दिन कत्तिको कठिनाइ आइपर्ने हो संस्थाले रत्तिभर विचार गरेन। बिरालोको काम थियो, वासिङ्टन डिसीमा रहेको सोभियत सङ्घको राजदूतावास बाहिरको बगैँचामा दुई जनाको गुप्त कुरा सुन्नु।



बिरालोको कानभित्र पशु शल्यचिकित्सकले एउटा माइक्रोफोन प्रत्यारोपण गरेका थिए। टाउकोको हड्डीमा सानो रेडियो ट्रान्समिटरलाई अड्याएर तन्तुमा ब्याट्री राखिएको थियो। यो परियोजना सम्पन्न हुन पाँच वर्ष समय लाग्यो र दुई करोड अमेरिकी डलर खर्च भयो।

यति धेरै खर्च गरिएको परियोजना सन् १९६७ मै सिआइएले बन्द गरायो किनभने बिरालोले टेर्न छाडेको थियो।

सोभियत सङ्घको प्रमुख प्रशासनिक केन्द्र क्रेमलिन तथा उसका राजदूतावासको गुप्तचरी गर्न सिआइएले बिरालोलाई तालिम त दियो तर त्यो सोचे जति सफल भएन। सिआइएले परियोजनाको नाम 'अकुस्टिक किट्टी' राखेको थियो।

'अकुस्टिक किट्टी' परियोजना असफल हुनुको मुख्य कारण थियो बिरालोमा जन्मजात स्वतन्त्र विचरण गर्ने प्रवृत्ति हुनु। तैपनि सिआइएले बिरालोलाई आफ्नो निर्देशनमा काम गर्ने गरी तालिम दियो। बिरालोले अह्राए अनुसार काम पनि गऱ्यो तर बिरालोमा जडित माइक्रोफोनले गरेको रेकर्डमा पृष्ठभूमिको आवाज धेरै नै आउँदा त्यो रेकर्ड काम नलाग्ने नै भयो।


बिरालोलाई भोग लाग्दा उसले अह्राएको काम छाडेर खानेकुरा खोज्न हिँड्न थालेपछि सिआइएलाई थप समस्या आइपऱ्यो। जतिभन्दा पनि बिरालोले नटेर्ने। सिआइएले बिरालोलाई यताउता नजाओस् भनी खोजेको ठाउँमै खाना उपलब्ध गराउने बन्दोबस्तसमेत मिलाए तर बिरालोको मन काममा थामिएन। सिआइएको ठूलो लगानी डुब्यो।


जीवजन्तुलाई गुप्तचरी काममा खटाउने सिआइएको अभियान धेरै पहिलेदेखि सञ्चालनमा रहेको स्पष्ट नै छ। परेवा, बिरालो, डल्फिन माछा आदि सिआइएको परियोजनाको हिस्सा बन्ने गरेका छन्। हामीलाई सम्झना हुनु पर्छ सन् २००५ मा अमेरिकामा भयङ्कर समुद्री आँधी 'कटरिना' आएको थियो। आँधीले पारेको मानवीय र भौतिक क्षतिमै प्रायः सबैको ध्यान गयो। राहत र उद्धारमै सबैजना लागिपरे। यी सबै घटनाबीच एउटा समाचार आयो– अमेरिकाद्वारा तालिम दिइएका ३६ डल्फिन मेक्सिकोको खाडीमा बेपत्ता भएका छन्।

ती आमडल्फिन थिएनन्। तिनलाई सैन्य उद्देश्यले तालिम दिइएको थियो। अमेरिकी जलसेनाले समेत डल्फिनलाई सैन्य प्रयोजनले तालिम दिने गरिएको स्वीकार गऱ्यो। आन्ध्र महासागरका 'बोटलनोज' डल्फिनलाई समुद्रमा बिछ्याइएका बारुदी सुरुङ पत्ता लगाउने र चिह्नित गर्ने गरी अमेरिकाले तालिम दिने गरेको कुरा सार्वजनिक भयो तर अझ हैरान पर्ने कुरा त के बाहिर आयो भने सम्भावित खतरामाथि आक्रमण गर्ने र त्यसलाई मार्ने काम पनि डल्फिनलाई सिकाइने गरिएको छ।

साथै डल्फिनमा विषालु 'डार्ट गन' समेत जडान गरिने र लक्ष्यलाई पछिसम्म पछ्याउन मिल्ने गरी 'डार्ट गन' डिजाइन गरिएको कुरा पनि बाहिर आयो। 'कटरिना' कारण महासागरमा भाग्न सफल भएका ती डल्फिन गैरसैन्य क्षेत्रलाई जोखिम हुने कुरा उठेको भए पनि हालसम्म त्यस्तो अप्रिय घटना प्रकाशमा आएको चाहिँ छैन। ■

-युवामञ्च





सन् २०१० मा जापानको राजधानी टोकियोमा सबैभन्दा जेठो ठानिएका व्यक्ति वास्तवमा ३० वर्षपहिले नै मरिसकेको थाहा भएको थियो। कुरा के थियो भने टोकियोका जेठा व्यक्ति सोजेन काटोलाई उनको १११ औँ जन्मदिनमा बधाई दिन शहरका अधिकारी उनको घर जाँदा त्यहाँ काटोको ममीमा परिणत भइसकेको मृत शरीर फेला पऱ्यो।



शयनकक्षमा काटोको सुकिसकेको शरीर थियो। सन् १८९९ जुलाईमा जन्मिएका काटोको मृत्यु ७९ वर्षको उमेरमा सन् १९७९ नोभेम्बरमै भइसकेको विश्वास गरिएको छ तर उनी जिउँदै रहेको र १११ वर्ष पुगेको भन्दै बधाई दिन जाँदा अधिकारीहरू चित खाए। काटोको परिवारका सदस्यले उनी जिउँदै रहेको भन्दै पेन्सन खाइरहेका थिए। ■

-युवामञ्च

अमेन्डाको सङ्घर्ष



घटना सन् २०१९, मे महिनाको हो । जब लगभग पाँच किलोमिटरको पदयात्रा (हाइकिङ) मा बाटो बिर्संदा अमेन्डा इलरलाई हवाईमा रहेको माउईको जङ्गल अत्यन्त कष्टप्रद जीवन सङ्घर्षमा परिणत हुन पुग्यो । अमेन्डाले आफूसँग खाना, पानी, मोबाइल फोन केही पनि लिएर गएकी थिइनन् किनभने उनी छोटो दूरीमा हिँडेर फर्कने योजना बनाएर जङ्गल छिरेकी थिइन् ।

हिँड्दै जाँदा अमेन्डाले बाटो बिर्सिइन् र जति कोसिस गर्दा पनि फर्किन सकिनन् । जति जति उनले कोसिस गरिन् उनी झन् झन् अनकन्टार जङ्गलमा हराउन थालिन् । १७ दिनसम्म अमेन्डाले जङ्गलमा जीवनका लागि सङ्घर्ष गर्नुपर्‍यो ।

३५ वर्षीया अमेन्डा फिजियोथेरापी चिकित्सक हुन् । आफ्नो अन्तर्मनले निर्देशित हुने गजबको खुबी भएकी अमेन्डा त्यस मनको अभिव्यक्तिले

यी पानीजहाज मात्र ३० वर्षपहिले विश्वको चौथो ठूलो तालमा हुन्थे । अहिले त्यहीँ मरुभूमिमा भूताहा जहाज भएर थन्किएका छन् ।

कुनै बेला अलेक्जेन्डर महानले समेत पार गर्न ठूलो चुनौती मानेको 'अराल सी' अहिले सुकेको छ । यो ताल माछाको ठूलो स्रोत थियो र बिदा मनाउनेको समेत यहाँ घुइँचो लाग्दथ्यो । यस ताल वरिपरि कैयौँ रिजोर्टसमेत खुलेका थिए तर







गर्दा पदयात्रामा गएकी थिइन् तर दुर्भाग्यले उनी फर्केर आफ्नो कारमा आउन सकिनन्। आफ्ना हरेक कदमले उनी जङ्गलभित्र हराउँदै गइन्। अमेन्डाको जीवन सङ्घर्षलाई हामीले मात्र शारीरिक चुनौतीका रूपमा मात्र बुझ्नु हुँदैन, १७ दिनसम्म अनकन्टार जङ्गलमा खानापानीबिना एक्लै सङ्घर्ष गर्न मानसिक रूपमा समेत बलियो हुनु पर्छ। उनले आफ्ना हरेक कदमलाई सकारात्मक रूपमा लिइन् र एक दिन अवश्य आफ्नो उद्धार हुने विश्वासमा रहिन्। उनले हरेश खाइनन्।

उनी भन्छिन्, "हरेक कदममा मैले जीवन देखेँ।" यस्तो बलियो मानसिकताले नै उनको जीवन रक्षामा महत्त्वपूर्ण भूमिका खेल्यो। अमेन्डाले धेरै दिनसम्म अन्तर्आत्माको कुरा सुन्ने र धैर्य राखेर आफूलाई जीवित राखिन्। उनी हराएको खबर फैलिएपछि वरिपरिका समुदाय र सुरक्षा निकायले व्यापक स्तरमा खोजी कार्य थाले। संसारमा यसको चर्चा भयो। घनघोर जङ्गललाई हेलिकोप्टरबाट हेरियो, स्वयंसेवीहरूले रुखमा चढेर हेरे, आवाज दिइयो तर अमेन्डा फेला परिनन्।

चौतर्फी प्रयास भइरहँदा एक दिन अमेन्डा नजरमा आइन्। खोजी कार्यमा जुटेको एउटा हेलिकोप्टरबाट मे २४ मा एक दुरस्थ कन्दरामा अमेन्डा देखिइन्। उनलाई चोट लागेको थियो, राम्रोसँग खान पाएकी थिइनन् तर पनि उनी होसमै थिइन्।

जङ्गलमा जीवन सङ्घर्ष गर्दा अमेन्डाले जङ्गली बयर खाने, खोलाको पानी पिउने र सुरक्षित स्थान खोजेर पातमा सुत्ने गर्थिन्। ■

– *युवामञ्च*



अचेल यहाँ उजाड छ। पानीजहाज सुक्खा भुईंमा पछारिएका छन्। लगभग छ सय वर्षमा अराल सागर करिब पूर्ण सुकेको छ।

एक समय अराल सागर उज्वेकिस्तान र कजाखस्तानको ठूलो भूभागमा फैलिएको थियो तर जलस्रोतको व्यापक दोहन तथा सिँचाइका लागि ठूला बाँध निर्माणबाट यो सागर आजको मरु अवस्थामा पुगेको छ। ■

– *युवामञ्च*

अहिंसक सियार/चुम्बा

गोरखा जिल्लाको उत्तरी सीमावर्ती क्षेत्रमा अवस्थित चुम उपत्यकामा रहेका चुम्चेत, छेकम्पार, छोच्युक्सम र निब्री गाउँमा सियार (चुम्बा) जातिको बसोबास छ। यिनीहरूलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले सियार जाति भनेर आदिवासी जनजाति समूहमा सूचीकृत गरेको छ।

गणेश र सिङ्ग्री हिमालको फेदमा अवस्थित उपत्यकामा रहेका सियारहरू मूलतः बौद्धधर्मावलम्बी छन्। गोरखाको उत्तर–पूर्वबाट पश्चिम–दक्षिण बग्ने सियार नदीका कारण पनि यस क्षेत्रमा बस्ने यस जातिको नाम सियार भएको हुन सक्छ। अर्कोतिर चुम उपत्यकामा बस्ने भएकाले चुम्बा भएको सहजै अनुमान लगाउन सकिन्छ।

यिनीहरूको मूल थलो चीनको स्वशासित क्षेत्र तिब्बत हो। तिब्बती भाषामा नुब्री भनेको पश्चिम र श्यायर भनेको पूर्वतिर भन्ने हुन्छ भन्दै कतिपय लेखकले श्यायरबाट सियार भएको हुन सक्ने अनुमान लगाएका छन्। साथै स्थान नुब्रीबाट जातीय नाम नै नुब्री रहेको हुन सक्ने पनि बताइन्छ। सियारहरू छदेखि सात सय वर्षअघि तिब्बतबाट नेपाल प्रवेश गरेको अनुमान गरिएको छ।

यिनीहरू कतिपयले आफ्नो थरमा लामा लेख्ने गर्छन् तर कतिपयले भने सियार, निब्री वा चुम्बा पनि लेख्ने गरेका छन्। यसले गर्दा जनसङ्ख्याको तथ्याङ्क तलमाथि परेको हुन सक्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार चुम्बा/नुब्री(सियार) को जनसङ्ख्या चार हजार ४१४ जना रहेको छ। यसअघिका जनगणनामा चुम्बा/नुब्री(सियार) को सङ्ख्या उल्लेख थिएन तर यस पटकबाट चुम्बा/नुब्री भनेर नयाँ जातिका रूपमा जनगणना गरी जातीय सङ्ख्या उल्लेख गरियो।

राष्ट्रिय जनगणनाको जातीय जनसङ्ख्याको तथ्याङ्कमा 'सियार' भनिएको छैन। अर्कोतर आदिवासी जनजाति प्रतिष्ठानले चुम्बा वा नुब्री नभनी 'सियार' भनेर यो जातिलाई अति सीमान्तकृत जातीय समूहमा सूचीकृत गरेको छ। नाममा फरक परे पनि गोरखाको यस क्षेत्रमा चुम्बा/नुब्री/सियारको बसोबास छ र यिनीहरू तामाङ वा भोटेभन्दा अलग जाति हुन् भन्नेमा विवाद छैन।

जानकारहरूका अनुसार विगतमा यिनीहरूलाई भोटे वा तामाङ भनेर तिनै जातिको सङ्ख्यामा समावेश गरिएको थियो। राष्ट्रिय राष्ट्रिय जनगणना २०७८ मा भने आफ्नो जातको नाम चुम्बा, सियार वा नुब्री लेखाउन स्थानीय युवाले अभियान नै चलाएका थिए। पछिल्ला वर्षमा यिनीहरूले गोरखाको तलतिर झरेर बसोबास गर्ने गरेका छन् भने कतिपयले चुममै बसेर व्यापार, कृषि तथा पशुपालन गरेको देखिन्छ। यिनीहरूको आर्थिक अवस्था निकै कमजोर छ। विकासको मूलप्रवाहले छोएको छैन।

आठौँ शताब्दीमा बौद्धधर्म गुरु मिलारेपाले चुम्बा उपत्यकामा आई ध्यान तथा धर्म प्रचार गरेकाले बौद्धमार्गी सियार (चुम्बा) हरूले यस क्षेत्रलाई पवित्र धार्मिक तथा



सांस्कृतिक महत्त्वको क्षेत्र मान्दछन्। यस ठाउँलाई चुम्बाहरूले 'वियुल' पनि भन्ने गर्छन्। तिब्बती भाषामा 'वियुल' भनेको 'विलुप्त' वा लुकेको भन्ने हुन्छ।

बौद्ध लामाहरूले ध्यान गर्दा अन्य मानिससँगको सम्पर्कबाट टाढा रहनुपर्ने भएकाले यस क्षेत्रलाई 'वियुल' भनिएको हो। १२ औँ शताब्दीमा बौद्ध धर्मगुरु पद्म सम्भवले यहाँ आएर ध्यान गरेको विश्वास गरिन्छ। चुम्बाहरूको मात्र बसोबास रहेको यस क्षेत्रमा विभिन्न शिलालेख, गुम्बा, चैत्य, विहार, गुफा, मानी, रहेका छन्। यो उपत्यका रहस्यात्मक र धार्मिक प्रकृतिको देखिन्छ।

चुम्बा/सियारहरू असली अहिंसावादी छन्। यो गाउँमा कुनै पनि प्रकारका जीवजन्तुको हत्या गर्न पाइँदैन। काटमार गरे सजाय हुन्छ। लामा सेराप दोर्जे द्रुपाले रिम्पोचेले सन् १९२० मा चुम उपत्यकालाई 'साक्या' (हिंसारहित) क्षेत्र घोषणा गर्दै अहिंसाका लागि सात बुँदा पारित गराएका थिए। जसअनुसार यस उपत्यकाभित्र बसोबास गर्नेले कुनै पनि जन्तु (घरपालुवा वा जङ्गली) को सिकार गर्न पाइन्न। जनावर तथा पक्षीलाई पासोमा पार्न पाइने छैन। मौरी वा यस्तै अन्य प्रजातिको मह निकाल्न नपाइने व्यवस्था गरिएको छ। काटमार गर्ने जाति वा व्यक्तिलाई आफ्ना गाईवस्तु बेच्न पाइँदैन।

चौँरीगाईको बाच्छोलगायत सानाठूला जलचर, थलचरको हिंसा गर्न बन्देज छ। मासु खाने प्रयोजनले चुम क्षेत्रका कुनै पनि बासिन्दाले पशु आयात-निर्यात गर्न पाइँदैन। किरा, कमिला फट्याङ्ग्राजस्ता जीवको सुरक्षार्थ वनमा आगो लगाउन नपाइने नियम बनाएका सियार/चुम्बाहरू अहिंसाका पुजारी नै हुन्।



यो जातिमा जातीय कानुन र परम्परा प्रचलित छ। जन्म, छेवर, विवाह, मृत्यु र अन्य सामाजिक संस्कारमा धन्छेन (लामा/मुखिया) ले गर्ने निर्णय गाउँका लागि कानुनसरह हुन्छ। कतिपय विवाद धन्छेनले मिलाउने गर्थे तर अहिले भने क्रमशः स्थानीय तह र प्रहरी वा अदालतजस्ता सरकारी निकायमा पनि स्थानीय विवादले प्रवेश पाउने गरेको छ।

धानछेन, साकाधावा, चाडपर्व लोकप्रिय छन्। खेतीपती भित्र्याएपछि नागरक पूजा गरिन्छ। नयाँ अन्नलाई देवताको प्रसादका रूपमा पितृहरूलाई चढाएपछि मात्र खाने चलन छ। पूजाका दिन तथा समय र सामान्य विधि लाप्राङ लामाहरूले निकाल्ने तिथिमिति र गाउँबस्ती अनुसार फरक फरक पनि हुन्छ तर समग्रमा सियारहरूमा खेतीपाती लगाउनु र भित्र्याउनुपूर्व भूमि तथा अन्नको पूजा गर्ने चलन छ।

सियार लामाहरूले उच्चारण गर्ने मन्त्र तिब्बती वा संस्कृत भाषाका हुन्छन् तर उनीहरूको आफ्नै भाषा छ, जसलाई चुम्ब वा नुब्री भाषा भनिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार पहिलो पटक यो भाषाका वक्ता चार हजार २८४ पाइएका छन्।

सियार/चुम्बाहरूले धार्मिक तथा सांस्कृतिक कार्यक्रममा डमरु, त्रिशूल र डम्बुजस्ता बाजा प्रयोग गर्छन। पूजाआजामा ध्वजापताका, खाता (खादा) प्रयोग हुन्छ। महिलाले मुगाको माला लगाउने गर्छन्। कतिपयले कपालमा फुर्के डोरी लगाउने गरेको देखिन्छ। पुरुषका पनि जातीय पहिरन छन्।

यो क्षेत्रमा खेतीपाती त्यति हुँदैन। खेतीको सन्दर्भमा यस क्षेत्रमा एउटा मान्यता प्रचलित छ, एकपटक कुनै बौद्ध लामाले ध्यान गर्न चुम्बा उपत्यकामा आई रोटी खान माग्दा स्थानीय एक महिलाले आधा रोटी मात्र दिएकाले यस क्षेत्रको करिब आधा भागमा मात्र खेती हुन्छ। आधा भाग भिरालो, चट्टान वा हिउँले पाटिएको छ। अधिक हिउँ पर्ने भएकाले यस क्षेत्रमा ढुङ्गाको गारो र काठ वा ढुङ्गाले छाएका घर हुन्छन्।

यिनीहरू गहुँ, फापर, केराउ, आलु, तोरीको खेती गर्छन्। परम्परागत ऊनी कपडा बुन्ने, जडीबुटी बेच्ने गर्छन्। तिब्बततिरको व्यापारबाट यिनीहरूको जीवन निर्वाह भएको छ। ■

-त्रिभुवनचन्द्र वाग्ले

'जिउँदो बाघ' को अमर कीर्ति



■ निर्मलकुमार आचार्य

हिन्दु धर्मावलम्बीका लागि चारधामको विशेष महत्त्व छ। चारधाममा बद्रीनाथ धाम, द्वारका धाम, रामेश्वर धाम र जगन्नाथ धाम पर्दछन्। यिनलाई वैष्णव तीर्थ पनि भनिएको छ। बद्रीनाथ धाम भारतको उत्तराखण्डमा पर्छ भने द्वारका धाम गुजरातमा, रामेश्वर धाम तमिलनाडुमा र जगन्नाथ धाम ओडिसामा पर्दछ।

उत्तराखण्डका चार धाम चाहिँ बद्रीनाथ, केदारनाथ, गङ्गोत्री एवं यमुनोत्री हुन्। तीर्थालुहरू हरिद्वार, ऋषिकेश आदि क्षेत्र हुँदै यमुनोत्री, गङ्गोत्री, केदारनाथ र बद्रीनाथको यात्रा पूरा गर्दछन्।

'गङ्गोत्री' यतिखेर लेखनको अभीष्ट बनेको छ। पतितपावन गङ्गाको उद्‌गम स्थल यही भएकाले गङ्गोत्रीको महिमा उच्च हुनु स्वाभाविक हो। गङ्गोत्री नपुगेसम्म उत्तराखण्डको चार धाम यात्रा अपूरै रहने जनभावनाले पनि यसको गरिमा दर्शाएको छ। यही थलोमा राजा भगीरथले तपस्या गरी महादेवलाई प्रसन्न तुल्याएको कथन छ।

भगवान् रामका पूर्वज हुन् भगीरथ। इक्ष्वाकु कुलमा जन्मिएका उनले आफ्ना पुर्खाको उद्धारका लागि घोर तपस्या गरे। कपिल मुनिको क्रोधका कारण भष्म भएका समस्त पितृको उद्धारका लागि भगीरथले स्वर्गकी गङ्गालाई पृथ्वीमा ल्याउन सफलता प्राप्त गरेका हुन्।

साठी हजार भए खरानी

पौराणिक कथा अनुसार अयोध्याका राजा सगरका केशिनी र प्रभा नामका दुई पत्नी थिए।



केशिनीबाट छोरा असमञ्जस र प्रभाबाट साठी हजार सन्तान जन्मिए । राजा सगरले अश्वमेध यज्ञ आयोजना गर्दा स्वर्गका राजा इन्द्रलाई चित्त बुझेन । अनि यज्ञका घोडा चोरेर कपिल मुनिको आश्रममा छाडिदिए । घोडा खोज्दै आएका अभिमानी साठी हजार सगरपुत्रले कपिल मुनिलाई चोर ठह-याई दुत्कार्न थाले । कपिल मुनिको क्रोधाग्निले तिनलाई खरानी बनाइदियो ।

राजा सगरको अनुनय-विनयपछि कपिल मुनिले गङ्गाजलको स्पर्श पाउनासाथ तिनको उद्धार हुने उपायसमेत बताए । राजा सगर, तिनका छोरा असमञ्जस, नाति अंशुमान तथा पनाति दिलीपले पनि गङ्गा ल्याउन निकै प्रयास गरे तर अन्ततः राजा भगीरथलाई सफलता प्राप्त भयो ।

भगवान् शङ्करले उनको अभिमान भङ्ग गर्न उम्कनै नसक्ने गरी आफ्नो जटामा बेरिदिए । भगीरथबाट प्रसन्न भएपछि गङ्गाको एउटा सानो धार मात्र प्रवाहित गरियो ।

जन्हुको झोक

भगीरथको अथक् साधनाको प्रतिफलस्वरूप गङ्गा पृथ्वीमा उत्रिएकीले 'भागीरथी गङ्गा' नाम रह्यो । गङ्गाको एक नाम 'त्रिपथगा' पनि हो । पुराण अनुसार स्वर्ग, पृथ्वी र पातालमा बग्ने नदी भएकीले 'त्रिपथगा' भनिएको हो । यस आधारमा स्वर्गकी गङ्गालाई मन्दाकिनी, पृथ्वीकी गङ्गालाई भागीरथी र पातालकी गङ्गालाई भोगवती भनिएको छ । गङ्गाको अर्को नाम 'जान्ह्वी' हो । यसका पछाडि पनि एक प्रसङ्ग रहेको छ । अघिअघि रथमा भगीरथ र पछिपछि गङ्गाको प्रवाह चल्दा जन्हु ऋषिको यज्ञस्थल डुब्न पुग्यो । रिसाएका ऋषिले गङ्गालाई स्वात्तै पिइदिए । राजा भगीरथको बिन्तीभाउपछि उनले गङ्गालाई निकास दिएका हुन् । यस अर्थमा गङ्गा जन्हुकी पुत्री हुन पुगिन् र नाम जुर्न पुग्यो- जान्ह्वी ।

गङ्गा अवतरण गराउन राजा भगीरथले सर्वप्रथम ब्रह्मालाई प्रसन्न तुल्याएका थिए । गङ्गाको स्वीकृति पनि थियो तर पृथ्वीले भार वहन गर्न नसक्ने भएकाले भगवान् शङ्करको आराधना गर्नुपर्ने भयो । यसबीच गङ्गालाई पनि अभिमान चढेछ, आफ्नो भार थाम्न नसकी शङ्कर पनि पृथ्वीसँगै धसिन पुग्ने हँस्सीमा उनी थिइन् । भगवान् शङ्करले उनको अभिमान भङ्ग गर्न उम्कनै नसक्ने गरी आफ्नो जटामा बेरिदिए । भगीरथबाट प्रसन्न भएपछि गङ्गाको एउटा सानो धार मात्र प्रवाहित गरियो ।

शङ्कर र शान्तनु

भगवान् विष्णुका पाउबाट ब्रह्माको कमण्डलुमा पुगी प्रकट भएकी तेजस्वी गङ्गाको महादेवका जटामा पुगेसम्मका रोचक कथा पुराणादिमा रहेका छन् । विष्णुको पाउबाट निस्किएकीले गङ्गालाई 'विष्णुपदी' पनि भनिएको छ । भगवान् शङ्करकी पत्नी अर्थमा पनि गङ्गालाई लिइएको छ । एक पौराणिक आख्यान अनुसार भगवान् शङ्कर र पार्वतीको गर्भ उनले धारण गरेकी हुन्, जसबाट कात्तिकेयको जन्म भएको थियो ।



गाईको मुख जस्तो मुहान भएकाले 'गोमुख' वा 'गौमुख' भनिएको हो। यस स्थानको महत्त्व परापूर्वकालदेखि रहँदै आएको छ। स्वर्गको बाटोमा लाग्दा पञ्चपाण्डवले यहाँ शिवको आराधना गरेको भनाइसमेत छ।

महाभारत अनुसार हिमालयकी जेठी छोरी गङ्गाका पति हस्तिनापुरका चन्द्रवंशी राजा शान्तनु र छोरा देवव्रत हुन्। यसपूर्व शान्तनुबाट गङ्गाका सात पुत्र जन्मिएका थिए तर सबैलाई एक, एक गर्दै उनले बगाइदिएकी थिइन्। प्रणयसूत्रमा बाँधिनुअघि वाचाबन्धनमा परेका कारण सोध्ने आँट राजा शान्तनुमा थिएन। जे जसो गरे पनि प्रश्न गर्न नपाइने वाचामा फसेका शान्तनुको जसै धैर्य टुट्यो, गङ्गासितको सम्बन्धमा पनि विराम लाग्न पुग्यो। धन्न देवव्रत नहुर्कियुञ्जेल उनले आफूसितै राखिन्। यिनै देवव्रत आफ्नो भीष्म प्रतिज्ञाका कारण 'भीष्म पितामह' कहलाएका हुन्।

गङ्गे च यमुने चैव...

गङ्गा उत्रिएको ठाउँ भएकाले 'गङ्गोत्री' नाम पर्न गयो। हिमनदबाट निःसृत गङ्गाको उद्‌गम स्थल 'गोमुख' त्यहाँबाट नौ किलोमिटर पर छ। गाईको मुख जस्तो मुहान भएकाले 'गोमुख' वा 'गौमुख' भनिएको हो। यस स्थानको महत्त्व परापूर्वकालदेखि रहँदै आएको छ। स्वर्गको बाटोमा लाग्दा पञ्चपाण्डवले यहाँ शिवको आराधना गरेको भनाइसमेत छ।

गङ्गाजललाई अत्यन्त पावन मानिन्छ। वैज्ञानिक परीक्षणबाट पनि यसको जल सुस्वास्थ्यकर प्रमाणित भएको छ। पृथ्वीका उल्लेख्य सात पवित्र नदीमध्ये सर्वप्रथम उच्चारण गरिने नाम पनि गङ्गा हो। स्नान गर्दा धेरैले 'गङ्गे च यमुने चैव गोदावरि सरस्वति। नर्मदे सिन्धु कावेरि



जलेऽस्मिन् सन्निधिं कुरु ॥' स्मरण गर्ने चलन छँदैछ । थोरै गङ्गाजल मिसाएर सारा पुण्य कार्य सम्पन्न गर्ने परम्परा नौलो कुरो होइन ।

स्तुत्य योगदान

हामी नेपालीका लागि गङ्गोत्रीको थप गौरवशाली पक्ष पनि छ । हाल उत्तरकाशी जिल्लामा रहेको गङ्गोत्रीको प्राचीन मन्दिर नेपालीद्वारा निर्मित हुनु हामी सबैका लागि अत्यन्त सुखद पक्ष हो । बडाकाजी अमरसिंह थापाले सन् १८०५ मा त्यहाँ गङ्गोत्री मन्दिर निर्माण गराएका हुन् । त्यहाँ 'गोरखा कमान्डर अमरसिंह थापाद्वारा मन्दिर निर्माण गराइएको' ऐतिहासिक उल्लेख गरिएको छ ।

मन्दिर निर्माणको साल भने कसैले सन् १८०५ भनेका छन् त कसैले सन् १८०७ लेखेका छन् । उनले बनाएको मन्दिरको जीर्णोद्धारको काम चाहिँ जयपुरका राजा माधो सिंहबाट भएको हो । जीर्णोद्धारको सालमा पनि एकरूपता छैन । कतै सन् १९२१ भनिएको छ त कतै सन् १९३५ । जेहोस् गङ्गोत्रीमा सर्वप्रथम मन्दिर बनाउने श्रेय गोरखा कमान्डर अमरसिंह थापालाई प्राप्त छ ।

अमरसिंह थापा नाम अनुरूप आफ्नो कीर्तिमा अमर बनेका छन् । वीर, पराक्रमी, निर्भीक योद्धा अमरसिंह थापा हाम्रा राष्ट्रिय विभूति हुन् । नेपाल तथा अङ्ग्रेजबीच युद्ध हुँदा उनी नेपालको पश्चिम किल्लाका सर्वोच्च कमान्डर थिए । नेपाल एकीकरणका क्रममा उनले पुऱ्याएको योगदान अविस्मरणीय मात्र होइन, स्तुत्य पनि छ ।

बाघको बच्चा

"म बाघको बच्चा डमरु हुँ, सिनो खाने कुकुर होइन" भन्दै शत्रुलाई हुँकार्ने 'बडाकाजी' अमर सिंह थापा यसै 'जिउँदो बाघ' कहलाएका होइनन् । उनको वीरताको कदर स्वयं अङ्ग्रेजले समेत गरेका छन् । उनकै अगुवाइमा पाल्पा, जुम्ला, डडेलधुरा, डोटी, कुमाउँ, गढवाल, देहरादुन, काँगडा आदि स्थान समेटिए । पूर्वमा टिस्टादेखि पश्चिममा सतलज पारिसम्म नेपाली सरहद हुनुमा लौहपुरुष अमरसिंहको ठूलो योगदान छ ।

विसं १८०८ साउन १२ (सन् १७५१ ताका) मा सिरानचोक, गोरखामा जन्मिएका अमरसिंह थापाको निधन चाहिँ वि.सं. १८७३ साउन ६ (सन् १८१६ ताका) मा गोसाइँकुण्डमा भएको मानिन्छ । उनको जन्मस्थल तनहुँ हुनुपर्ने फरक धारणा पनि भेटिएको छ । भीमसिंह

थापा तथा उमादेवी थापाका सुपुत्र अमरसिंह थापा नेपाल एकीकरण अभियानका अथक् जुझारु हुन् । उनी नेपाल तथा अङ्ग्रेजबीच सुगौली सन्धि (सन् १८१६) हुनुपूर्वसम्म सक्रिय थिए । पछि बिरक्तिएर गोसाइँकुण्ड लागेका उनको त्यहीँ निधन हुन पुगेको इतिहास छ ।

वीर अमरसिंह थापा धर्मानुरागी थिए। यसको उदाहरण उनले ठाउँ, ठाउँमा मन्दिर स्थापना गर्नुबाट प्राप्त गर्न सकिन्छ। पाल्पामा अमरनारायण मन्दिर बनाएका उनले काँगडामा जयन्ती माताको मन्दिर निर्माण गराए। गढवाल, कुमाउँ, काँगडा आदि क्षेत्रमाथि विजय हासिल गर्न उनले डडेलधुरामा बनाएको 'अमरगढी किल्ला' पनि यतिखेर स्मरणीय बनेको छ ।

अनुपम उपहार

राजा भगीरथले तपस्या गरेको शिला नजिकै गङ्गाको मन्दिर स्थापना गराएर अमरसिंहले न केवल नेपालीका लागि अपितु भारतीयका लागि पनि, अझ भन्ने हो भने दुनियाभरिकै हिन्दु धर्मावलम्बीका लागि बिर्सन नसकिने उपहार दिएका छन् । उनले बनाएको मन्दिर दर्शन नगरी उत्तराखण्डका चार धामको यात्रा पूरा हुनै नसक्ने वस्तुस्थितिले त झन् उनको कार्य महान् बनेको छ ।

सैन्य कमान्डर अमरसिंह थापाले गङ्गोत्री मन्दिरको स्थापना मात्र गरेका होइनन्, मन्दिर सञ्चालन तथा व्यवस्थापनका निम्तिसमेत कार्य गरे । 'मुखबा' गाउँका सेमवाल ब्राह्मणलाई पण्डा नियुक्त गरी उनले चलाएको परम्परा अद्यापि कायम छ । उतिखेर परम्परागत नेपाली शैली (प्यागोडा) को मन्दिर निर्माण भएको भनाइ पनि छ । यसबारे वस्तुगत गहिराइमा पुगी प्राचीन महत्त्व झल्काउने उस्तै मन्दिर पुनर्स्थापन गर्नेतर्फ भारतीय पुरातत्त्व विभाग जाग्ने हो भने सुनमा सुगन्ध हुनेछ ।

जहाँ मिसिन्छन् नेपाली नदी

भागीरथी गङ्गा जस्तै अलकनन्दा नदी पनि अत्यन्त महत्त्वपूर्ण नदी हो । गङ्गा र अलकनन्दा मिसिई भागीरथी गङ्गाको मूल प्रवाह बनेको छ । सरस्वती नदी आफूमा समेटी बद्रीनाथ धाम नजिक हुँदै बग्ने अलकनन्दामा अनेक सहायक नदी समेटिएका छन् । अलकनन्दासित प्रवाह क्रममा धौली (विष्णुप्रयाग), नन्दाकिनी (नन्दप्रयाग), पिण्डर (कर्णप्रयाग), मन्दाकिनी (रुद्रप्रयाग) मिसिएका छन् । भागीरथी गङ्गा र अलकनन्दाको सङ्गम चाहिँ 'देवप्रयाग' मा भएको छ । यी पाँच प्रयाग अत्यन्त महत्त्वपूर्ण तीर्थ मानिन्छन् ।

नेपालबाट बगेका नदी पनि भागीरथी गङ्गामै समाहित हुन्छन् । महाकाली, कर्णाली, गण्डकी र कोशी नदी यही गङ्गामा मिसिई सागरको यात्रा तय गर्दछन् । हिमाली, पहाडी भेग छिचोली ऋषिकेश, हरिद्वार, कन्नौज, कानपुर, प्रयागराज, वाराणसी, हाजीपुर, भागलपुर भई कोलकातामा हुगली हुँदै गङ्गाको गन्तव्य सागरमा पुगी टुङ्गिन्छ । यही गङ्गासागरमा सगरका साठी हजार पुत्रले मोक्ष पाएको जनविश्वास छ । गङ्गाको अर्को धारा बङ्गलादेशमा 'पद्मा' कहलाई बङ्गालको खाडीमा एकाकार भएको छ ।




गौरवको विषय

भागीरथी गङ्गा र नेपाली गङ्गा (काली, कर्णाली, गण्डकी, कोशी आदि) का बीच जुगौँ अघिदेखि अविच्छिन्न सम्बन्ध रहेको छ । भौगोलिक तथा प्राकृतिक रूपमा गाँसिएको अकाट्य नैसर्गिक सुसम्बन्धको यात्रामा हाम्रा महान् अमरसिंह थापाले गङ्गाको उद्गम स्थलमै 'गङ्गोत्री' मन्दिर स्थापना गराएर साँच्चै अपूर्व कार्य गरेका छन्। 'सुगौली सन्धि' ले हतियारद्वारा विजित सिमानालाई त छोट्याउन सक्यो तर वीर अमरसिंह थापाद्वारा गङ्गोत्रीमा जगाइएको अध्यात्म ज्योतिलाई रत्ति आँच पार्न सकेन, बरु यो ज्योति निरन्तर जगमगाइरहनु हामी सबैका लागि हर्ष एवं गौरवको विषय बनेको छ । ■

RIPLEY'S Believe It or Not!



अमेरिकाको अलाबामा राज्यको डोरामा बसोबास गर्ने दुई पाठेघर र दुई सेर्भिक्स भएकी किल्से हयाचरले सन् २०२३ एकैसाथ फरक फरक पाठेघरमा विकास भएका दुई बच्चा जन्माएकी थिइन् ।



क्याम्ब्रिज विश्वविद्यालयद्वारा गरिएको एक अनुसन्धानबाट के थाहा भएको छ भने सहोदर सन्तानबीच झगडा हुँदा सामाजिक कला र विकास दुवै वृद्धि हुन सक्छ ।



सन् २०२३ मा युक्रेनका पहलमान डिमेट्रो हर्नस्काईले चालकसहितका छ कारलाई आफ्नो दाँतको बलमा तानेका थिए ।



सङ्कटमा गधा

पानी बिक्री गर्न र आफ्नो जीविका चलाउन स्टिव पूर्णतया आफ्ना गधामा निर्भर थिए। ती गधाले पानी भरिएका २० जर्किन लादिएको गाडा तानेर स्टिवका सबै ग्राहकसम्म लैजान्थे। जबदेखि स्टिवका गधा तिनका छाला काढ्नका लागि चोरिए उनले काम गर्न सकेनन्।



अन्य मानिससरह स्टिवको पनि त्यस दिन दैनिकी सुरु भएको थियो। नैरोबीको बाह्य इलाकामा रहेको आफ्नो घरबाट निस्केर उनी आफ्ना पशुलाई लिन खेतमा गए। उनी त्यस दिनको घटना सम्झेर भन्छन्, “मैले त्यहाँ तिनलाई देखिनँ। दिनभरि, रातभरि र भोलिपल्ट पनि मैले यताउता खोजेँ तर फेला पारिनँ।” तीन दिनपछि एक जना साथीले उनलाई फोन गरेर आफूले पशुका हाडखोर फेला पारेको जानकारी दिए। “तिनलाई मारिएको छ, वध गरिएको छ र तिनीहरूको छाला त्यहाँ थिएन।”

यसखालले गधाको चोरी अफ्रिकाका कैयौँ क्षेत्रमा तथा विश्वका अन्य भागमा आमहुँदै गएको छ। विशेष गरेर जहाँ यी कामकाजी गधाको सङ्ख्या धेरै छ त्यहाँ छालाका लागि गधाको चोरी हुने गर्दछ। स्टिव र उनका गधा गधाको छालाको विवादास्पद वैश्विक व्यापारमा एक अतिरिक्त क्षतिका रूपमा बुझ्न सकिन्छ।

यसको उद्गम केन्याको त्यस इलाका भन्दा हजारौँ किलोमिटर टाढा छ। चीनमा गधाको छालामा हुने जिलेटिनबाट तयार पारिने परम्परागत औषधिको उच्च माग छ। त्यसलाई इचाओ भनिन्छ।

इचाओमा स्वास्थ्यवर्धक र युवामय बनाइराख्ने गुण भएको विश्वास

गरिन्छ। इचाओ बनाउन गधाको छालालाई उमालेर त्यसबाट जिलेटिन निकालिन्छ। जसबाट औषधिको धुलो, चक्की वा द्रव बनाउने वा खाद्यवस्तुमा मिसाउने गरिन्छ।

गधाको छालाको विरुद्ध सक्रिय अभियन्ताले स्टिव जस्ता मानिस र तिनीहरू निर्भर गधा इचाओको परम्परागत घटकका लागि धान्न नसकिने मागको सिकार हुने गर्छन्।

सन् २०१७ देखि गधाको व्यापारविरुद्ध अभियान चलाइरहेको 'डङ्की स्याङ्च्युरी' ले तयार पारेको एउटा नयाँ रिपोर्ट अनुसार छालाको आपूर्तिका लागि प्रत्येक वर्ष विश्वमा कम्तीमा ५९ लाख गधा मारिन्छन्। साथै यसको माग हरेक वर्ष बढ्दो छ।

तथापि इचाओ उद्योगका लागि छाला आपूर्ति गर्न विश्वमा वध गरिने गधाको सङ्ख्या यकिन गर्न चाहिँ गाह्रो छ। विश्वमा भएका गधाको अनुमानित सङ्ख्या पाँच करोड ३० लाखको करिब एक तिहाइ भाग ओगट्ने अफ्रिकामा नियमनको पेच फसेको छ। गधाको छालाको निर्यात केही देशमा वैध छ भने अन्यमा अवैध छ तर गधाको छालाको उच्च माग र मूल्यले गधा चोरी कार्यमा मलजल पुगिरहेको छ।

'डङ्की स्याङ्च्युरी' ले जानकारी दिए अनुसार त व्यापारले वैधता प्राप्त गरेको क्षेत्रमा पुग्न चोरले गधालाई अन्तर्राष्ट्रिय सीमासम्मसमेत लिएर जाने गर्छन्।

तथापि चाँडै नै महत्त्वपूर्ण मोड आउने देखिन्छ किनभने अफ्रिकी राज्य सरकार तथा ब्राजिलको सरकारले गधाको घट्दो सङ्ख्याको जवाफमा गधाको वध र निर्यातमा प्रतिबन्ध लगाउने तयारीमा छन्।

'डङ्की स्याङ्च्युरी' का लागि कार्य गरिरहेका तथा नैरोबीमा बस्ने सोलोमन अनयाङ्गोले प्रतिक्रिया दिएका छन्, "हाम्रो अनुमान के छ भने सन् २०१६ देखि २०१९ बीचमा छालाको व्यापारका लागि आपूर्ति गर्न केन्याका आधा जति गधा मारिएका छन्।"

यी तिनै पशु हुन् जसले मानिस, मालवस्तु, पानी र खाद्यवस्तु बोक्ने गर्छन्– गरिब र ग्रामीण समुदायमा यी दिनचर्याको मेरुदण्ड हुन्। तसर्थ जुन परिमाण र गतिमा छालाको व्यापार बढिरहेको छ, त्यसले अभियन्ता र विशेषज्ञहरूलाई चिन्तित बनाएको छ। यसले केन्यामा छालाको व्यापार विरोधी प्रदर्शनमा सहभागी हुन मानिसलाई प्रेरित गरेको देखिन्छ।

यसैले अफ्रिकाव्यापी, अनिश्चितकालीन प्रतिबन्धलाई अफ्रिकन युनियनको सम्मेलनमा हालै एजेन्डा बनाइयो।





इथियोपियामा सम्पन्न सम्मेलनमा अफ्रिकन युनियनको सम्मेलनबाट अफ्रिकामा छालाको व्यापारका लागि गधाको वध गर्नमा प्रतिबन्ध लगाइएको छ। गधाको कल्याणका लागि सक्रिय संस्थाहरूले यस निर्णयको स्वागत गरेका छन्।

यसबाट गधाको संरक्षणमा ठूलो टेवा पुग्ने आशामा छन् स्टिव किनभने यसरी नै गधाको वध हुँदै गयो भने मानिसको अर्को पुस्ताले गधा देख्ने छैन।

तर अफ्रिका र ब्राजिलमा लगाइएको प्रतिबन्धले गधाको छालाको व्यापार अन्यत्र स्थानान्तर हुन सक्छ।

इचाओका उत्पादकले पहिले चीनमा पाइने गधाको छाला प्रयोग गर्दथे तर त्यहाँको कृषि तथा ग्रामीण मामिला मन्त्रालयका अनुसार सन् १९९० मा त्यहाँ भएका एक करोड १० लाख गधाको सङ्ख्या घटेर सन् २०२१ मा मात्र लगभग २० लाख रहन गयो। साथै इचाओ एक विशिष्ट विलासिताको वस्तुबाट लोकप्रिय वस्तु भयो र चौतर्फी उपलब्ध हुन थाल्यो।

चिनियाँ कम्पनीहरूले विदेशबाट गधाको छाला आपूर्तिको उपाय खोज्न थाले। अनि अफ्रिका, दक्षिण अमेरिका र एसियाका केही भागमा गधा वधशाला स्थापित गरिए। यसबाट अफ्रिकामा छालाको व्यापारका लागि भयङ्कर प्रतिस्पर्धा सुरु भयो।



इथियोपियामा गधाको मासुको उपभोग वर्जित छ। त्यहाँ जनविरोध र सञ्चार माध्यमको दबाबका कारण त्यहाँका दुवै गधा वधशाला सन् २०१७ मै बन्द गरिएका थिए।

तान्जानिया र आइभरी कोस्टलगायतका देशले सन् २०२२ मा गधाको वध र छाला निर्यातमाथि प्रतिबन्ध लगाए तर चीनको छिमेकी देश पाकिस्तानले यो व्यापारलाई अङ्गीकार गरिराखेको छ। गधाको उत्कृष्ट नश्ल तयार पार्न सन् २०२३ मा पाकिस्तानले स्थापना गरेको पहिलो आधिकारिक गधा प्रजननशालाका बारेमा त्यहाँका सञ्चार माध्यममा निकै बढाइचढाइ गरियो।

यो एक ठूलो मुनाफाको व्यापार हो। सिड्नी विश्वविद्यालयमा चीन–अफ्रिका सम्बन्धका विद्वान् प्राध्यापक लारेन योहान्सटनका अनुसार चीनमा इचाओको बजार सन् २०१३ को लगभग ३.२ अर्ब अमेरिकी डलरबाट बढेर सन् २०२० मा लगभग ७.८ अर्ब डलर पुगेको थियो।

गधाको वधको विषय जनस्वास्थ्य अधिकारीहरू, पशु कल्याण अभियन्ताहरू तथा अन्तर्राष्ट्रिय अपराध अनुसन्धानकर्ताहरूसमेतको चासोको विषय भएको छ। अनुसन्धानबाट के पनि थाहा भएको छ भने गधाको छालालाई अन्य वन्यजन्तुका अवैध मालवस्तु तस्करी गर्न समेत उपयोग गरिन्छ। धेरैजसो मानिसको चिन्ता छ, गधाको छालाको व्यापारमाथि राष्ट्रियस्तरमा लगाइएको प्रतिबन्धले भूमिगत रूपमा यसको ओसारपसार मौलाउने छ।

राज्य प्रमुखहरूका अगाडि यो मूलभूत प्रश्न छ : के विकासशील अर्थव्यवस्थाका लागि गधाको मूल्य अधिक छ, चाहे त्यो मरेको होस् वा जीवित ?

स्टिव भन्छन्, "मेरो समुदायका अधिकांश मानिस सानो स्तरमा किसान हुन् तथा उनीहरूले आफ्ना मालवस्तु बिक्री गर्न आफ्नो गधा उपयोग गर्छन्।" उनले औषधि विज्ञान अध्ययन गर्नका लागि स्कुलको शुल्क तिर्न गधामा ओसारेको पानी बिक्रीबाट भएको आयबाट बचत गर्दथे।

'डङ्की स्याङ्च्युरी' का मुख्य पशु चिकित्सक फेथ बर्डनको भनाइमा विश्वको अधिकांश क्षेत्रको ग्रामीण भेगमा गधा 'पूर्णतया प्रकृति अनुरूप' छ। गधा बलियो र अनुकूलनीय पशु हो। उनी भन्छन्, "पानी नपिएर पनि एउटा गधा करिब २४ घण्टा रहन सक्छ र बिनासमस्या चाँडै नै उसको शरीर पुनर्जलीय हुन सक्छ।"

तर अनेक गुण भए पनि गधाले सजिलै वा चाँडै प्रजनन गर्न सक्दैन। यस कारणले पनि अभियन्ताहरू चिन्तित छन्। चिन्ताको विषय छ : यदि गधाको छालाको व्यापार वर्जित गरिएन भने गधाको सङ्ख्या निरन्तर घट्ने छ तथा गरिब मानिसको जीवन झनै दुष्कर हुने छ र





गधाको साथसमेत हुने छैन । अनयाङ्गो भन्छन्, "हामीले यसरी सामूहिक वध हुने गरी आफ्ना गधा पालेका होइनौँ ।"

योहान्सटनको भनाइमा गधाले शताब्दीयौँदेखि मानिसलाई बोक्दै आएका छन् । तिनीहरूले बालबालिका, महिलालाई बोके । उनी भन्छिन्, "जब कुनै पशुलाई लगिन्छ त्यसको सबैभन्दा बढी असर बालबालिका र महिलामा पर्छ । जसै गधा कसैले लैजान्छ मूलतः महिला फेरि गधा बन्छिन् ।"

तथ्यगत रूपमा तितो सत्य के छ भने मूल रूपमा धनाढ्य चिनियाँ महिलाका लागि इचाओको व्यापार भइरहेको छ ।

इचाओ हजारौँ वर्ष पुरानो औषधि हो तथा यसमा रगत शोधन हुनेदेखि निद्रा लाग्ने र प्रजनन क्षमता बढ्नेसहितका कैयौँ स्वास्थ्यवर्धक गुण भएको विश्वास गरिन्छ । सन् २०११ मा चिनियाँ टेलिभिजन कार्यक्रम 'इम्प्रेसेस इन द प्यालेस' प्रसारण गरिएको थियो । शाही दरबारको काल्पनिक कथामा आधारित यस कार्यक्रमले इचाओको आकर्षण झनै बढाइदियो ।

त्यस टेलिभिजन कार्यक्रममा इचाओको विषयवस्तु बारे टिप्पणी गर्दै योहान्सटन भन्छिन्, "चतुराइँपूर्वक उत्पादनको प्रचार गरियो । कार्यक्रममा अभिनय गरिरहेकी महिलाले सुन्दर र स्वस्थ रहन आफ्नो छाला र प्रजनन क्षमताका लागि दिनहुँ इचाओ खाने गर्छिन् । यसले यो कुलीन नारीत्वको उत्पादन बन्न गयो । विडम्बना के छ भने यसले अफ्रिकाका कैयौँ महिलाको जीवन नष्ट गरिरहेको छ ।"

कार्यक्रममा अभिनय गरिरहेकी महिलाले सुन्दर र स्वस्थ रहन आफ्नो छाला र प्रजनन क्षमताका लागि दिनहुँ इचाओ खाने गर्छिन् । यसले यो कुलीन नारीत्वको उत्पादन बन्न गयो ।

२४ वर्षका स्टिव आफ्ना गधा गुमाएर चिन्तित छन्, आफ्नो जीवन र दिनचर्यामा उनको नियन्त्रण पनि गुमेको छ । उनी भन्छन्, "म अहिले एक्लो भएको छु ।" नैरोबीमा स्थानीय पशु कल्याण च्यारिटीका लागि काम गरिरहेको 'च्यारिटी ब्रुक' ले जीविका र शिक्षाका लागि गधा पालन गर्न खोज्ने स्टिव जस्ता युवाका लागि गधा खोज्ने काम गरिरहेको छ ।

'डङ्की स्याङ्च्युरी' का जानख मक्सको भनाइमा जति धेरै देशले गधाको संरक्षणका लागि कनुन बनाउने छन् यो त्यति नै कठिन हुँदै जाने छ ।

मक्स भन्छन्, "विश्वले हेर्न चाहेको कुरा के हो भने इचाओ कम्पनीहरूले गधाको छाला आयात गर्न पूर्णतया बन्द गरून् र 'सेल्युलर एग्रिकल्चर' जस्तो दीर्घकालिक विकल्पमा लगानी बढाऊन्, जसबाट प्रयोगशालामै कोलेजन उत्पादन गर्न सकियोस् ।" यस्तो विकल्पका लागि विश्वमा कैयौँ सुरक्षित र प्रभावकारी विधि उपलब्ध छन् । ■

–उमेश ओझाद्वारा बीबीसीबाट अनुवादित र सम्पादित

सापेक्षित छ
समय र परिवर्तन




■ लेखनाथ ढकाल

कुनै प्रकारको परिवर्तन वा घटना हुनु भनेको पहिलेको अवस्था र वर्तमान अवस्थामा आएको भिन्नता हो। यो समयसँग सम्बन्धित छ। आयु, अवधि, छिटो, ढिलो, पहिले, अहिले, भोलि, आज आदि समयसँग जोडिएका छन्। पहिले र अहिले भन्ने कुराले समय बितेको अवस्था बताउँछ।

समय र परिवर्तन सम्बन्धित छन्। समय बितेको र परिवर्तन आएको कुरासँग सम्बन्धित छन्। समयरहित अवस्थाको कल्पना गर्दा सबै कुरा ठप्प हुने छ, प्रकृति ठप्प हुने छ।

वास्तविक संसार गतिशील छ र निरन्तर परिवर्तन भइरहेको छ। कुनै घटना एक पटक मात्र हुन्छ। जस्तै रुखबाट एउटा पात खस्नु, त्यही पात फेरि अर्को पटक त्यसरी कहिल्यै खस्दैन। कुनै घटना दोहोरी रहन्छन् जस्तै समुद्रको किनारामा छाल आइरहनु। दोहोऱ्याई तेहऱ्याई नियमित हुने घटनाले अन्य परिवर्तनलाई सङ्केत गरिरहेका हुन्छन्। जस्तै सूर्य उदाउनु र अस्ताउनु। पहिलेका मानिसले यस्ता दोहोरिरहने प्राकृतिक घटनाको गणना गरेर समयको हिसाब गर्ने विधि बनाएको अनुमान गर्न सकिन्छ। प्राकृतिक घटनाको गणना गरेर समय मापन गर्ने उपकरण घडीको आविष्कार गरिएको हामीले बिर्सन हुँदैन।

सूर्य उदाउने र अस्ताउने समयको हिसाबले अँध्यारोको एक अवधिलाई एक



रात र उज्यालोको एक अवधिलाई एक दिन मानियो। आकाशमा देखिने चन्द्रमाको पूरा गोलो आकार हुने र घट्दै जाने, फेरि उही गोलो आकार देखिने लगभग साढे उनन्तीस दिनको अवधिलाई एक महिना मानिएको भन्न सकिन्छ।

दिन, महिना, वर्षको अवधिलाई कैयौँ वर्षसम्म मानिसले नियालेर अध्ययन गरिरह्यो। उस्तै कुरा दोहोरी रहेको र उही अवधि रहेको कारणले निश्चित प्रणालीको विकास गरी मानिसले पात्रो बनायो। हामी एक वर्षको पात्रो बनाएर प्रयोगमा ल्याउँछौँ। एक वर्षलाई १२ महिनामा विभाजित गरिएको हुन्छ तर कुनै महिनामा चन्द्रमाको अवस्था वास्तविक अवस्थितिसँग ठ्याक्क मेल खाएको हुँदैन।

सात दिनको एक हप्ता मानेर पात्रोमा अङ्कित गरेको हुन्छ। यो प्रचलन यहुदीहरूको काम गर्ने र आराम गर्ने प्रचलनबाट आएको मानिन्छ। सभ्यताको विकास हुँदै गर्दा जुनबेला सूर्य आकाशमा टाउकोमाथि हुन्छ त्यस क्षणलाई मध्याह्न र त्यसको १२ घण्टापछिको समयलाई मध्यरात मानेर व्यवहार चलाउन थालिएको हुन सक्छ। पृथ्वीका सबै भू-भागमा मध्याह्न र मध्यरात एकै पटक हुँदैन।

समयलाई नाप्ने र अभिलेख गर्ने प्रणालीमा उपयोगी औजारका रूपमा पात्रो वा क्यालेन्डरको विकास भयो। प्रकृतिमा नियमित सारणीका रूपमा ऋतुहरूको चक्र चलिरहने कुराको लेखाजोखा क्यालेन्डरको महत्त्वपूर्ण उपलब्धि मानिन्छ। यसले मानिसलाई योजनबद्ध रूपमा प्रकृतिका विभिन्न ऋतुका गुण अनुसार काम गर्ने योजना बनाउन सहयोग पुर्‍याउँछ। संसारका विभिन्न भागमा विकास भएका सभ्यता अनुसार विविध ढाँचाका क्यालेन्डरको प्रचलन विकास भयो। जस्तै ग्रेगरियन क्यालेन्र, चर्च क्यालेन्डर, हिब्रु क्यालेन्डर, इस्लामिक क्यालेन्डर, चिनियाँ क्यालेन्डर, जाभा क्यालेन्डर आदि।



क्यालेन्डर विकास हुने क्रममा पृथ्वीले सूर्यको एक चक्कर लगाउने समय तथा चन्द्रमाको औँशी–पूर्णिमाको अवधि अनुसार १२ महिना र ३६५ दिन गणना गर्ने विविध तरिका अपनाउने गरिन्छ।

आजका दिनमा धेरै प्रयोगमा आउने ग्रेगरियन क्यालेन्डर हो। सोह्रौँ शताब्दीमा पोप ग्रेगरी तेह्रौँले विकास गरेको यो प्रणालीमा १२ महिना हुन्छ। जसमा ११ महिना ३० र ३१ दिनको तथा एउटा महिना लगातार तीन वर्ष २८ दिन र चौथो वर्ष २९ दिनको हुन्छ। प्रचलनमा ल्याइएको यो प्रणालीको क्यालेन्डरका वर्ष, महिना, दिनको समय पृथ्वी र चन्द्रमाको गति अनुसार केही सेकेन्डले मिल्दैनन्। चन्द्रमा पूरा उज्यालो र पूरै छाया परेको समय (पूर्णिमा-औँशी) चक्रलाई तिथि, घडी, पला, प्रहर आदि एकाइको विकास गरेर गणना गर्ने प्रचलन अनुसार एक वर्ष १२ महिना वा ३६५ दिनको तथा महिना २९-३२ दिनको हुने पात्रो हाम्रो प्रचलनमा छ।

यस अनुसार हाल विक्रम संवत् २०८०, नेपाल संवत्को क्यालेन्डर अनुसार ११४४, ग्रेगरियन अनुसार २०२४ र हिब्रु अनुसार ५७८४ समय चलिरहेको छ। यसरी विभिन्न प्रचलनका पात्रो अनुसार हालको समय फरक फरक सालमा अङ्कित गरिएको हामी देख्न सक्छौँ।

क्यालेन्डर विकास हुने क्रममा पृथ्वीले सूर्यको एक चक्कर लगाउने समय तथा चन्द्रमाको औँशी–पूर्णिमाको अवधि अनुसार १२ महिना र ३६५ दिन गणना गर्ने विविध तरिका अपनाउने गरिन्छ। ३६५ लाई ठ्याक्कै १२ भागमा बाँढ्न सकिँदैन। फेरि पृथ्वीले सूर्यलाई परिक्रमा गर्ने बाटो पूरै गोलाकार नभई अन्डाकार हुने भएकाले यसलाई १२ भाग लगाउँदा पनि एकैनासको भागहरू बन्दैनन्। पृथ्वी पनि सिधा उत्तर-दक्षिणको रेखामा नभई केही कोल्टे परेको रेखालाई धुरी बनाएर घुम्छ र दिन-रात बनाउँछ। कुनै भू-भागमा रात र दिन लामो/ छोटो हुने तथा फरक स्वभावका ऋतु हुने कारणले पात्रो बनाउँदा पनि समयलाई यताउता पारेर मिलाउने गरिन्छ।

यस कारणले प्रकृतिको समय र पात्रोको समयमा तादम्य रहेको हुँदैन। केही वर्षअगाडि समय मिलाउन ११ महिनामा नै एउटा वर्ष सकिएको मान्नुपर्ने बहस चलेको थियो।

एक दिनलाई २४ घण्टामा विभाजन गरिन्छ । एक घण्टालाई ६० मिनेट र एक मिनेटलाई ६० सेकेन्डमा । प्राचीन बेबिलोनियनलाई यसको जनक मानिएको छ । बेबिलोनियनहरूले सूर्यको एक चक्करलाई ३६० भागमा विभाजित गर्ने र डिग्री एकाइमा नाप्ने गरे । एक डिग्रीलाई ६० मिनेटमा विभाजन गरिन्थ्यो । पछि घडी बनाउँदा जति सानो युनिट भयो त्यति स्पष्ट मापन गर्न सजिलो हुने भएकाले एक घण्टालाई ६० मिनेटमा र एक मिनेटलाई ६० सेकेन्डमा विभाजित गरेर घडी बनाइयो । मध्यरातदेखि अर्को मध्यरातसम्मको अवधिलाई २४ घण्टा मानियो, एकदिन भनियो ।

विज्ञानमा समयलाई लम्बाइ र पिण्ड जस्तै आधारभूत मापन मानिन्छ । प्रख्यात भौतिकशास्त्री अल्बर्ट आइन्स्टाइनले लम्बाइ, पिण्ड र समय तीनवटै आधारभूत मापन वस्तुको सापेक्षित गतिले प्रभावित हुने रहेछन् भन्ने तथ्य पत्ता लगाए । लम्बाइ, चौडाइ र उचाइ तीन आयाम तथा समयलाई मापनको चौथो आयाम रहेको सिद्धान्तको विकास भएको थियो ।

समयको निरन्तर अग्रप्रवाहलाई प्रकृतिको आधारभूत चरित्र मान्न नसकिने धेरै भौतिकशास्त्रीको मत पनि छ । उनीहरूका अनुसार यो ब्रह्माण्ड तीव्र गतिमा विस्तार भइरहेको एकदम असङ्गठित प्रणाली जस्तो रहेका कारणले समयको निरन्तर अग्रप्रवाह मात्र नहुन सक्छ । उनीहरूको तर्क अनुसार कुनै निश्चित अवस्थामा समय पछाडि फर्कने सम्भावना पनि रहन्छ तर यो विचारलाई प्रयोगबाट प्रमाणित गर्न सकिएको छैन आजसम्म ।

प्राणी र वनस्पतिले समयचक्रसँग संवेदनशीलता देखाउँछन् । भौतिक पदार्थले पनि समय, अवधिका नियमसँग तादाम्य राख्छन् । भू-गर्भका पदार्थ जस्तै युरेनियम विकिरणद्वारा आफ्नो ऊर्जा क्षय गर्दै सिसामा रूपान्तरित हुन्छ । युरेनियमको खानीमा रहेको सिसाको परिमाण मापन गरेर उक्त चट्टान निर्माण भएको अवधि आकलन गरिन्छ । यस्तै प्राणी र वनस्पतिमा भएको कार्बन क्षयीकरणको हिसाब गरेर उक्त जीव वा वनस्पति कति वर्षपहिले मरेको हो पत्ता लगाइन्छ ।

समय, जीव र निर्जीव दुवैमा प्रभावी छ । कुनै घटना भएपछि त्यसको असर अर्को ठाउँमा पुग्छ । बिजुली चम्किँदा त्यसको प्रभाव हाम्रो आँखा र कानमा अनुभव हुन्छ । बन्दुक पड्कँदा धुवाँ उडेको र आवाज निस्केको हामी हेर्न र सुन्न सक्छौँ । घटना र असर एकै पटक हुँदैन । पहिले घटना अनि त्यसको प्रभाव हुनुपर्ने हो तर कुनै विशिष्ट अवस्थामा भौतिकशास्त्री, गणितशास्त्री र दार्शनिकको प्रयोग, तथ्याङ्क र सूत्रले घटना भएको भन्दा प्रभाव परेको समय पहिलेको देखाइदिन्छ ।

कतिपय अनुसन्धानकर्ता त्यस्ता नतिजाबाट हैरान हुन्छन् । भौतिकशास्त्री एचए लरेन्ज आफ्नो प्रयोगको नतिजामा ऋणात्मक समय आएको कुराले जीवनभर समाधान निकाल्न असमर्थ रहे । पछि आइन्स्टाइनले समय सापेक्षित हुने तथ्य पत्ता लगाएपछि समस्या सुल्झियो ।



प्रकृति विचित्रको छ, कतै जन्मनुभन्दा पहिले नै मृत्यु हुने समय सम्भव छ ? समयको सापेक्षित चरित्र हुने, अनि एउटै घटना फरक अवस्थामा बसेर हेर्दा बेग्लाबेग्लै समयमा भएको पाइने हुँदा सोझो हिसाबले समयलाई चिन्न सकिँदैन । प्रकाश पनि उम्कन नसक्ने भीमकाय गुरुत्वाकर्षण शक्ति भएका ब्ल्याकहोलमा मानौँ यदि हामीले चिया उमाल्न थाल्यौँ र त्यसमा लागेको समयमा त सूर्यभन्दा ठूला तारा पनि भकभकी उम्लिएर सकिने छन् । यसको कारण हो ब्ल्याकहोलमा समय रोकिन्छ, धेरैजसो वैज्ञानिकको मत यही छ । ■





पकेट हरक्युलस नेम सुलेमानव

सर्वकालीन महान् भारोत्तोलक नेम सुलेमानव बुल्गेरियाको पिटिचर खार्डहाली प्रदेशमा सन् १९६७ जनवरी २३ मा जन्मिएका थिए। उनी बडेमानका ढुङ्गामुढा उचालेर देखाउँथे। यस्तैमा एकदिन भारोत्तोलन खेलका प्रशिक्षकको नजरमा उनी पर्छन् र ती प्रशिक्षकले उनलाई भारोत्तोलन प्रशिक्षण दिन सुरु गर्छन्।




■ रमेश खनाल

प्रशिक्षणपश्चात् १५ वर्षकै उमेरमा उनी विश्व च्याम्पियन बन्छन् र उनले ओलम्पिकमा भाग लिएर ओलम्पिक च्याम्पियन बन्ने सपना देख्न थाल्छन् तर त्यसैबीच सोभियत सङ्घको सेनाले अफगानिस्तानमाथि आक्रमण गरेर त्यसलाई आफ्नो अधीनमा लिन्छ। विश्वभरि सोभियत सङ्घको यस कारबाहीको विरोध हुन्छ। लगत्तै सन् १९८० को मास्को ओलम्पिकमा अमेरिका समर्थक राष्ट्रहरूले भाग नलिने भनेर ओलम्पिक बहिष्कार गर्छन्।

त्यसैगरी सन् १९८४ को लस एन्जल्स ओलम्पिकमा सोभियत सङ्घ समर्थक राष्ट्रहरूले पनि भाग नलिने निर्णय गर्छन्। बुल्गेरियाले पनि ओलम्पिक बहिष्कार गरेको थियो। सुलेमानव राजनीतिक लडाइँ देखेर वाक्क हुन्छन्। राजनीतिबाट टाढा हुन उनी टर्की प्रवेश गर्छन्। टर्की प्रवेश गरेपछि उनको नयाँ नाम रहन गयो। बुल्गेरियालीले उनलाई 'नाउम सहालामोनोभ' भनेर उच्चारण गर्दथे तर जब उनी टर्की प्रवेश गरे उनको नाम नेम सुलेमानव राखियो। यो नामसँग उनी खुसी थिए।

तर सुलेमानवलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा नामकै कारण अफ्ठ्यारो पर्‍यो। टर्की सरकारले १० लाख अमेरिकी डलर बुल्गेरियाको भारोत्तोलन सङ्घलाई पठाएर सुलेमानवको स्थानान्तर व्यवस्था मिलाइदियो।



त्यसपछि उनले टर्कीबाट सोल ओलम्पिक (सन् १९८८) मा भाग लिएर ६० केजी तौल समूहमा 'स्न्याच', 'क्लिन एन्ड जर्क' र 'टोटल' मा नयाँ ओलम्पिक कीर्तिमान बनाएर तहल्का मच्चाइदिए।

नेम सुलेमानव छोटो कदका थिए। उनको कद मात्र चार फिट १० इञ्च थियो।

यसबीच सन् १९९२ मा आयोजना भएको युरोपियन भारोत्तोलन च्याम्पियनसिपमा उनी बुल्गेरियाका नवप्रतिभा निकोलेइ पेसालोभद्वारा पराजित भए। अनि त्यसको तीन महिनापछि सुरु हुने बार्सिलोना ओलम्पिकका लागि उनले गम्भीर भएर प्रशिक्षण गरे। जब बार्सिलोना ओलम्पिक सुरु भयो तब उनले ६० केजी समूहबाट नै भाग लिई निकोलेइको भन्दा १५ केजी बढ्ता तौल उचालेर स्वर्ण पदक जिते।

एट्लान्टा ओलम्पिक (सन् १९९६) मा उनले ६४ केजी तौल समूहबाट भाग लिए। उनलाई टक्कर दिन ग्रिसका भार्लेजोस लियोनिडिस अगाडि आए। ग्रिसका खेलाडीले प्रयास त गरे तर सुलेमानवलाई उछिन्न सकेनन्। अन्ततः सुलेमानवले नै स्वर्ण पदक जिते। यो उनको तेस्रो ओलम्पिक स्वर्ण पदक थियो। लगातार तीन पटक ओलम्पिकमा स्वर्ण पदक जित्ने उनी मात्र थिए। उनी सात पटक विश्व च्याम्पियन भए र उनले ४६ वटा विश्व कीर्तिमान बनाए।

उनको असाधारण क्षमताको कदर गर्दै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले उनलाई 'ओलम्पिक अर्डर' बाट सम्मान गऱ्यो। यसैगरी अन्तर्राष्ट्रिय भारोत्तोलन सङ्घले उनलाई 'हल अफ फेम' बाट सम्मानित गरेको छ। जब उनी ३३ वर्षका भए तब उनले चौथो पटक ओलम्पिकमा भाग लिने निर्णय गरे तर यस पटक उनी असफल भए।

उमेर चढ्दै जाँदा उनी धेरै धूमपान गर्ने भए। एक दिनमा ५५ खिल्लीसम्म चुरोट पिउन थाले।

सन् २००९ मा उनी कलेजोमा 'सिरोसिस' भएर तीन महिना अस्पताल बसे। त्यसपछि सन् २०१७ सेप्टेम्बर २५ मा उनको कलेजो काम नलाग्ने भयो। उनीमा कलेजो प्रत्यारोपण गरियो। त्यसपछि नोभेम्बर ११ मा उनलाई मस्तिष्कघात भयो र ओलम्पिक खेल जगत्का सर्वकालीन एक महान् खेलाडी नेम सुलेमानवको सन् २०१७ नोभेम्बर १८ मा ५० वर्षको उमेरमा निधन भयो।

उनलाई इस्तानबुलमा समाधिस्थ गरियो। आज पनि उनको समाधिमा पुग्नेहरूले श्रद्धाञ्जलीका फूल चढाउने गरेका छन्। उनको मृत्युमा ग्रिसका भारोत्तोलक लियो नाडिस पनि मलामी गएका थिए।

नेम सुलेमानव एक यस्ता शक्तिशाली भारोत्तोलक थिए जसले 'क्लिन एन्ड जर्क' मा आफ्नो शरीरको तौलभन्दा तीन गुना बढी वजन उठाएका थिए। उनले सन् १९८२ देखि सन् २००० सम्म विश्व भारोत्तोलन जगत्मा सक्रिय भूमिका निर्वाह गर्दै कैयौँ विश्व कीर्तिमान बनाए।

नेम सुलेमानवको नाममा डकुमेन्ट्री बनेको छ 'पकेट हरक्युलस'। जसमा हायाट भेन इकले पकेट हरक्युलसको भूमिका निर्वाह गरेका छन्। विश्वको प्रसिद्ध पत्रिका टाइमले आफ्नो आवरण पृष्ठमा उनको तस्बिर छापेको थियो। ■

फ्रिलान्सिङको दुनियाँ

विश्वको कुनै पनि भागमा बसेर इन्टरनेटमार्फत धेरै किसिमका काम गर्न सकिन्छ। त्यसमा पनि सूचना प्रविधिसँग सम्बन्धित काम त झन् सहज र सरल ढङ्गले गर्न सकिने भएको छ। अनलाइन माध्यमबाट आइटी आउटसोर्सिङ, अनलाइन फ्रिलान्सिङ, अफ्सोर डेभलपमेन्टलगायतका काम हुने गर्छन्।



■ अजय शर्मा

घरबाटै विश्वका विभिन्न स्थानमा रहेका कार्यालय, कम्पनी वा व्यक्तिगत रूपमा समेत हुने यस्तो काम कोभिड सर्वमहामारीका बेला नेपालमा वृद्धि भयो। त्यतिबेला सुरु भएको वर्क फ्रम होम, अनलाइन क्लास, अनलाइन जब, भिडियो कन्फ्रेन्सिङ अहिले पनि प्रचलनमा रहेका छन्।

अहिलेका प्रविधिमा पोख्त युवादेखि गृहिणीसम्मले अनलाइनमा काम गरेर पैसा कमाउन सक्छन्। त्यसका लागि कुनै न कुनै ज्ञान र सिप भने हुनुपर्छ। फ्रिलान्सिङमा जो कोहीले आफ्नो रुचि र इच्छा अनुसार अनलाइनमार्फत काम गर्न सक्छन्। यस्तो काम सूचना प्रविधिको डाटा इन्ट्रीदेखि आफूलाई रुचि लाग्ने जुनसुकै काम पनि हुन सक्छ।

फ्रिलान्सिङमा ग्राफिक डिजाइनिङ, वेबसाइट डेभलपमेन्ट,



डिजिटल मार्केटिङ, भिडिओ एडिटिङ, एनिमेसन, डाटा इन्ट्री, व्यावसायिक परामर्श, कानुनी परामर्श, सर्भे, नक्साङ्कनलगायतका थुप्रै काम सकिन्छ। यस्तो काम फुर्सदिलो जुनसुकै उमेर, समूहका व्यक्तिले गर्न सक्छन्।

अहिले नेपालमा प्रविधिमा पोख्त युवा विश्वका नाम चलेका कम्पनीमा घरमै बसेर आफ्नो समयको सदुपयोग गरी अनलाइनमार्फत मनग्ये आम्दानी गर्दै आएको देखिन्छ।

यस्तो काम खोज्न विभिन्न अनलाइन वेबसाइट (प्लेटफर्म) रहेका छन्। यदि तपाईंलाई पनि यस्तै काम गर्ने रहर छ भने आफ्नो दक्षता अनुसार यस्तो प्लेटफर्ममा काम खोज्न सक्नु हुन्छ। कुनै पनि व्यक्ति वा कम्पनीले आफूलाई चाहिएको सेवाको विवरण र आफूले त्यसबापत दिने शुल्क तोकी फ्रिलान्सिङ प्लेटफर्ममा राख्दछन्। सेवा चाहिने व्यक्तिले त्यस्ता प्लेटफर्ममा गएर आफ्नो रुचि र सिपलगायतका विवरण राखेपछि सेवा चाहिने कम्पनी वा व्यक्तिले काम खोज्ने व्यक्ति (फ्रिलान्सर) लाई सम्पर्क गरी आपसी समभ्रूदारीमा काम गर्न सक्छन्।

फ्रिलान्सरले आफ्नो अनुकूलको कामका लागि ती कम्पनीलाई फ्रिलान्सिङ प्लेटफर्ममार्फत सम्पर्क गर्छन्। यसरी उनीहरू एकआपसको काम र आवश्यकता पूरा गर्छन्। फ्रिलान्सिङ प्लेटफर्मले केही प्रतिशत सेवा शुल्क लिएर बाँकी रकम फ्रिलान्सरको एकाउन्टमा पठाइदिन्छन् तर सबै यस्ता प्लेटफर्म भरपर्दा नहुन सक्छन्। त्यसैले अनलाइनमा काम खोज्दा फ्रिलान्सिङमा सावधानी अपनाउनुपर्छ।

फ्रिलान्सिङ के हो ?

फ्रिलान्सिङ भनेको कुनै एक व्यक्तिले एउटा कम्पनीसँग आबद्ध रही काम गर्नुभन्दा



फ्रिलान्सिङ गर्न चाहनेका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न अवसर छन् । यदि तपाईंसँग कुनै विषयमा ज्ञान, सिप वा दक्षता छ भने तपाईं फ्रिलान्सिङ गर्न सक्नुहुन्छ ।

स्वतन्त्र रूपमा कुनै पनि काम विभिन्न कम्पनी वा व्यक्तिसँग निश्चित समयका लागि गर्नु हो । फ्रिलान्सिङ विभिन्न पेसा वा व्यवसायमा निकै प्रचलित शब्द हो । कुनै लेखक, पत्रकार, फोटोग्राफर, सम्पादक, भाषा अनुवादक, गीतकार वा सङ्गीतकार जो कोहीले फ्रिलान्सिङ गर्न सक्छन् ।

यसरी स्वतन्त्र रूपमा काम खोज्ने व्यक्तिलाई 'फ्रिलान्सर' भनिन्छ । उनीहरू कुनै कम्पनीसँग नियमित काम गर्नुभन्दा स्वतन्त्र रूपमा काम गर्न रुचाउँछन् । नेपालमा समेत फ्रिलान्सिङ युवामाझ लोकप्रिय बनेको छ । उनीहरूले अनलाइन माध्यमबाट पैसा कमाउन फ्रिलान्सिङ गर्छन् ।

'फ्रिलान्सिङ प्लेटफर्म' यस्तो अनलाइन सम्पर्क स्थान हो जहाँ योग्य र दक्ष फ्रिलान्सरले संसारको कुनै पनि ठाउँबाट काम खोज्न र काम गरेको आम्दानी प्राप्त गर्न सक्छन् । यहाँ काम दिने कम्पनीसँग फ्रिलान्सरलाई जोड्ने मध्यस्थकर्ताका रूपमा 'फ्रिलान्सिङ प्लेटफर्म' ले काम गर्छन् । 'फ्रिलान्सिङ प्लेटफर्म' लाई यसबापत निश्चित सेवा शुल्क दिनु पर्दछ ।

फ्रिलान्सिङलाई एक रोमाञ्चक यात्रा भन्ने पनि गरिन्छ । यसबाट तपाईंले आफ्नो अनुकूल समयमा रमाउँदै निर्धक्क आफ्नो सिपको सहायताले विभिन्न कम्पनी तथा व्यक्तिको काम गर्न सक्नुहुन्छ । यो एउटा चुनौती पनि हो जसले सधैँ तपाईंलाई अगाडि बढ्ने प्रेरणा दिन्छ । विश्वमा कन्टेन्ट राइटिङ र ग्राफिक डिजाइन फ्रिलान्सिङ काममध्येमा सबैभन्दा लोकप्रिय मानिन्छन् ।

फ्रिलान्सिङका अवसर

फ्रिलान्सिङ गर्न चाहनेका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विभिन्न अवसर छन् । यदि तपाईंसँग कुनै विषयमा ज्ञान, सिप वा दक्षता छ भने तपाईं फ्रिलान्सिङ गर्न सक्नुहुन्छ । सामग्री लेखन, सम्पादन, वेबसाइट वा मोबाइल एप निर्माण तथा डिजाइनलगायत अन्य धेरै काम विभिन्न क्षेत्रमा स्वतन्त्र रूपमा काम गर्न सकिन्छ ।



सन् २०२२ मा इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस) ले गरेको एक अध्ययनमा नेपालबाट ६६ हजार ५०९ जनाले सूचना तथा सञ्चार प्रविधि (आइसिटी) क्षेत्रमा रही फ्रिलान्सिङ सेवा दिएको उल्लेख छ । त्यसो त नेपालमा पछिल्लो समयमा फ्रिलान्सिङमार्फत विदेशका नाम कहलिएका कम्पनीमा काम गर्ने युवाको सङ्ख्या बढ्दो छ ।

अनलाइनबाट के गर्न सकिन्छ ?

फ्रिलान्सिङ गर्न चाहनेका लागि अनलाइन प्लेटफर्म निकै उपयुक्त मानिएको छ । तपाईंले घरमै बसेर विश्वको काम गर्न सक्नुहुन्छ । यस्ता काममा ग्राफिक



डिजाइन, भाषा अनुवाद (अङ्ग्रेजीलाई नेपाली रूपान्तरण वा अन्य कुनै भाषा अनुवाद), घोस्ट राइटिङ (अर्काको नाममा पैसा लिएर लेखिदिने), व्यावसायिक योजना, थेसिस टाइप गर्ने, कुनै पनि संस्थाको अनलाइन लाइभ च्याट गरिदिने एजेन्ट, अनलाइन सपोर्ट, डिजिटल मिडिया प्लानर, इमेज क्लिपिङ, इमेज प्रोसेसिङ, भ्वाइस रेकर्ड रूपान्तरण, अडियो/भिडियो सम्पादन, एनिमेसन, लोगो डिजाइन, अटो क्याड डिजाइन, वेबसाइटका लागि कन्टेन्ट निर्माणलगायतका काम गर्न सकिन्छ।

कोर्स कहाँ लिने ?

फ्रिलान्सिङ गर्न चाहनेले सिपमूलक कोर्स अफलाइन वा अनलाइन लिन सक्छन्। तपाईं रहेको स्थानमा रहेका सिप सिकाउने कम्पनी वा इन्स्टिच्युटबाट आफूलाई चाहिने र अनलाइनमा

लोकप्रिय फ्रिलाइन्सिङ काम

- लेखा र वित्त।
- प्रशासनिक।
- मार्केटिङ।
- कानुन।
- लेखन तथा सम्पादन।
- ग्राहक सेवा।
- द्विभाषी।
- कम्प्युटर र सूचना प्रविधि (आइटी)।
- चिकित्सा र स्वास्थ्य तथा औषधि।
- सम्पादन।
- मानव संसाधन व्यवस्थापन।
- शिक्षा र प्रशिक्षण।
- केही लोकप्रिय फ्रिलाइन्स प्लेटफर्म

काम पाइने कोर्स लिन सक्नुहुन्छ। अथवा यस्ता कोर्स अनलाइनमै पनि खोज्न सकिन्छ। यस्ता अनलाइन कोर्स शुल्क तिरेर युडेमी, युडासिटी, कोड एकेडेमी, ब्लक, स्किल सेयर, आइभर्सिटी, कोर्सएरालगायतका वेबसाइटमार्फत लिन सकिन्छ।

निःशुल्क रूपमा युट्युब, भिमोलगायतका भिडियो सेयरिङ प्लेटफर्मबाट सजिलैसँग सिक्न मिल्छ। साथै तपाईंले यस्ता कोर्स इन्टरनेटमा उपलब्ध इ-बुक, गाइड बुकका साथै विभिन्न सिप सिकाउने वेबसाइटबाट पनि लिन सिक्नुहुन्छ। यस्ता अनलाइन कोर्स गरेर सर्टिफिकेटसमेत लिन सकिन्छ।

यी प्लेफर्ममा गएर तपाईंले आफ्नो रुचि अनुसारको काम खोज्न सक्नु हुन्छ।

फ्रिलान्सिङमा काम गर्दा कुनै अफिस, कम्पनी वा सङ्घसंस्थामा काम गरे जस्तो हुँदैन। यसमा आम्दानीमा उतारचढाव आउन सक्छ। कुनै कम्पनीमा कर्मचारी भएर काम गर्दा निश्चित तलब हुन्छ। फ्रिलान्सिङमा निश्चित तलब हुँदैन तर फ्रिलान्सिङमा काम बढी आएमा धेरै आम्दानी हुन्छ भने काम थोरै भएमा आम्दानी पनि घट्छ। १० देखि ५ बजेको निश्चित कार्यालय समय हुँदैन। तलबका लागि महिना कुर्नुपर्ने बाध्यता पनि हुँदैन।

काम गर्ने र गराउने दुवैका लागि फ्रिलान्सिङ उपयुक्त आधुनिक तरिका हो। कर्मचारी राखेर काम गराउनुभन्दा फ्रिलान्सरबाट निश्चित समयका लागि काम गराउन कम्पनीलाई सस्तो पर्छ। फ्रिलान्सरलाई पनि एकै समय विभिन्न कम्पनीको काम गर्न पाउँदा आम्दानी बढ्न जान्छ। अहिले विश्वमै युवामाझ फ्रिलान्सिङ निकै लोकप्रिय काम गर्ने विधि भएको छ। जसमा मन लागेको काम आफ्नो अनुकूल समयमा गर्ने स्वतन्त्रता रहन्छ।





- अपवर्क।
- फाइभर।
- टपटेल।
- फ्रिलान्सर डटकम।
- फ्लेक्स जेब्स।
- सिम्प्ली हायर।
- गुरु।
- लिङ्डइन।
- बेहेन्स।
- ९९ डिजान्स।
- ड्रिबल।
- पिपुल पर आवर।
- टाक्स र्‍याबिट। ▪



परोपकारको भावना समेटिएका पाटीपौवा



■ यमबहादुर दुरा

अठार पुराणका रचयिता वेदव्यासले आफ्ना सबै कृतिको सार एकै श्लोकमा भनेका छन्, "परोपकारः पुण्याय, पापाय परपीडनम् ।" अर्थात् अरूलाई उपकार गर्दा पुण्य मिल्छ भने दुःख दिँदा पाप लाग्छ । यस भनाइको परिपूरक आशयलाई यसरी पनि व्यक्त सकिन्छ, अरूको परोपकार गर्नु जत्तिको ठूलो धर्म र अरूलाई पीडा दिनु जत्तिको ठूलो पाप अर्को छैन ।

परोपकारी कार्यलाई जीवन दर्शनका रूपमा आत्मसात् गर्ने वेदव्यासजस्ता मनीषीका सत्कर्मयुक्त जीवन दर्शनबाट हाम्रा पुर्खाहरू परोपकारी कार्यमा सरिक भएका अनेकौँ दृष्टान्त भेटिन्छन् । परोपकारी भावनालाई जीवनको मार्गदर्शक सिद्धान्त मान्ने सत्कर्मीहरूले सम्पादन गरेका अनेकन् लोकहितकारी कार्यको दृष्टान्तका रूपमा पाटीपौवा, सत्तल एवं धर्मशाला निर्माणलाई पनि लिन सकिन्छ ।

पाटीपौवा, सत्तल एवं धर्मशाला निर्माणको रचनागर्भ नै परोपकारी भावनाबाट तयार भएको प्रस्ट छ । मूलतः बटुवा, खेताला, गोठाला, तीर्थयात्री एवं सर्वसाधारणलाई लक्षित गरी यस्ता संरचना निर्माण गरिएका

हुन्छन् । उनीहरूलाई घामपानी, हुरी–बतास, झरी–बादल जस्ता प्रतिकूल मौसम तथा साँझ–रातमा आश्रय लिन सहज होस् भन्ने आशयबाट पाटीपौवा निर्माण गरिएको हुन्छ ।

विगतमा पाटीपौवा निर्माणमा राजादेखि रङ्कसम्मको सहभागिता थियो । राजामहाराजाले कीर्ति तथा यश कायम गर्न पाटीपौवा निर्माण गरेको देखिन्छ । जनस्तरमा निर्मित पाटीपौवा धनले भन्दा पनि मनले खडा भएको प्रतीत हुन्छ । आफूसँग पैसा नभए पनि कतिपय नारी धर्मात्माले पेवापात बेचेर प्राप्त रकमसमेत खर्च गरी पाटीपौवा उभ्याएको पाइन्छ ।

जनस्तरमा निर्मित पाटीपौवाले जनताका पसिना, श्रम र फराकिलो मनको थुप्रै कथा–कुथुङ्ग्री भेटिन्छन् । ग्रामीणजनले श्रमदान गरेर सामूहिक रूपमा पाटीपौवा निर्माण गरिएको अनेकन् दृष्टान्त छन् । कतिपय धर्मात्मा नारीले आफ्ना पेवापातबाट आएको रकम खर्च गरेरसमेत पाटीपौवा निर्माण गर्न लगाएको मौखिक इतिहास गाउँघरमा सुन्न पाइन्छ ।

परिभाषा

बटुवा, खेताला–गोठाला आदिलाई घामपानी, हुरी–बतासजस्ता प्रतिकूल मौसम तथा साँझ–रातमा आश्रय लिन सहज होस् भनी निर्माण गरिएको संरचना नै पाटीपौवा हुन् । ठाउँ अनुसार पाटी, पौवा, पाटीपौवा, सत्तल, देवल, एवं धर्मशाला जस्ता नामले पुकारिने यस्ता आश्रयस्थल आमजनताको हितलाई केन्द्रमा राखी निर्माण गरिएका हुन् । सार्वजनिक आश्रयस्थलका रूपमा रहेका पाटीपौवासँग आमजिन्दगी जोडिएको हुन्छ ।

पाटी, पौवा, पाटीपौवा, सत्तल, देवल एवं धर्मशालालाई एक–आपसमा समानार्थी शब्दका रूपमा बुझिए पनि हरेक शब्दले घेरथोर फरक–फरक अर्थ पनि बोकेको देखिन्छ । 'बृहत् नेपाली शब्दकोश' (दसौँ संस्करण) ले यी शब्दलाई कतै समनार्थीका रूपमा त कतै फरक कोणबाट परिभाषित गरिएको पाइन्छ । 'बृहत् नेपाली शब्दकोश' को परिभाषा यस्तो छः

पाटी–

बटुवाहरूलाई विश्राम गर्न तथा वास बस्नका निमित्त बनाइएको घर, धर्मशाला, टौवा, ठाँटी (बृहत् नेपाली शब्दकोश, २०७५, पृ.७६०) । यस परिभाषाले 'पाटी' लाई बटुवाहरूको आश्रयस्थलका रूपमा चित्रण गरेको देखिन्छ ।

पौवा–

१. बटुवाहरूका लागि पानीको समेत व्यवस्था भएको पाटी, पानीयशाला वा पौशाला ।
२. ठाँटी, टहरो वा धर्मशाला (पूर्ववत्, २०७५, पृ.८०९) । पौवासम्बन्धी १ नम्बरको परिभाषाले बटुवाहरूको आश्रयस्थलमा पानीको व्यवस्थालाई



अनिवार्य सर्तका रूपमा परिभाषित गरेको देखिन्छ । यसका अतिरिक्त यस परिभाषाले पानी खाने थलो अर्थात् पौशालालाई पनि समाविष्ट गरेको पाइन्छ ।

पाटीपौवा–

बटुवाहरूलाई वास बस्नका निम्ति बनाइएको तथा पानीको समेत व्यवस्था भएको पाटी वा पौवा (पूर्ववत्, २०७५, पृ.७६०) । फरक–फरक शब्दहरू पाटी र पौवालाई जोडेर एउटै शब्द बनाइएको यस शब्दको अर्थ प्रत्यक्ष वा परोक्ष रूपमा पाटी र पौवासम्बन्धी पूर्ववर्ती परिभाषासँग मेल खाएको देखिन्छ ।

सत्तल–

यात्री, बटुवा आदिका निम्ति सरकार वा धर्मात्मा व्यक्तिहरूद्वारा विशेषतः देवस्थलमा निर्मित ठूलो कोठा, तला आदि भएको घर, पाटी वा धर्मशाला (पूर्ववत्, २०७५, पृ.१२२३) । यस परिभाषाले धेरै मानिस एकैचोटि बस्न सम्भव हुने विशालकाय संरचनालाई सत्तलका रूपमा चित्रण गरिएको पाइन्छ ।

देवल–

देवताका मूर्ति स्थापना भएको मन्दिर, देवालय वा देवगृह (पूर्ववत्, २०७५, पृ.६२६) । देवललाई कतिपय अवस्थामा पाटीपौवाकै समनार्थीका रूपमा बुझ्ने गरिएको भए पनि शब्दकोशको परिभाषाले यसलाई फरक अर्थमा परिभाषित गरेको देखिन्छ । 'बृहत् नेपाली शब्दकोश' ले देवालयलाई मानव आश्रयस्थलभन्दा पनि देवताको आश्रयस्थलका रूपमा परिभाषित गरेको छ ।

धर्मशाला–

यात्री, बटुवा, भिक्षु आदिलाई निःशुल्क बस्नका लागि बाटाघाटा तीर्थस्थलमा बनाइएको घर, पाटी वा पौवा (पूर्ववत्, २०७५, पृ.६४६) । यस परिभाषामा बौद्धभिक्षुले आश्रय लिने थलो नै धर्मशाला हो भन्ने मनोविज्ञान कताकता झल्कन्छ । हिमाञ्चल प्रदेशको धर्मशाला शहर यही मनोविज्ञानबाट बनेको स्थाननाम हो भन्ने छनक मिल्छ ।

इतिहास

पाटीपौवा, ठाँटी वा धर्मशाला निर्माण नेपालको समृद्ध परम्परा हो । हाम्रोजस्तो धर्मभीरु समाजमा वरत्र र परत्र सुधार्न एवं कीर्ति वा यश कमाउन प्राचीनकालदेखि नै यस्ता लोकहितकारी संरचना बनाउने गरिएको पाइन्छ । लिच्छविकालमा पनि पाटी, पौवा, धर्मशाला तथा धारा बनाउने चलन रहेको थियो भन्ने देखिन्छ ।

पुरातत्त्व विभागको प्रकाशन 'प्राचीन नेपाल' मा प्रकाशित पाटीपौवासम्बन्धी लेखमा प्रकाश दर्नालले इतिहासकार धनवज्र वज्राचार्यले हाँडीगाउँ र मङ्गलबजारको अभिलेख अध्ययन गर्दा लिच्छविकालमा कीर्ति कायम गर्न पाटी, पौवा, धर्मशाला, धारा बनाउने चलन रहेको फेला पारेको उल्लेख गरेका छन् । यद्यपि अहिले लिच्छविकालीन पाटीपौवाको अस्तित्व भेटिँदैन । हाल बचेका पाटीपौवा सत्तलहरू पन्ध्रौँ–सोह्रौँ शताब्दीपछिका बढी छन् (दर्नाल, २०४९, पृ. ५३–५४) ।

अहिलेसम्म उपलब्ध प्रमाणका आधारमा नेपालमा काष्ठमण्डप सबैभन्दा पुरानो सत्तल देखिएको छ । 'प्राचीन नेपाल' मा 'काष्ठमण्डप' शीर्षकमा रमेशजङ्ग थापाको लेख प्रकाशित छ । त्यस लेखमा वि.सं. १२०० मा लेखिएको हस्तलिखित ग्रन्थ 'नामसङ्गीति' मा काष्ठमण्डपको उल्लेख भएको चर्चा गरिएको छ (थापा, २०२५, पृ.३३ र ३७) ।

पुरातत्त्व विभागको प्रकाशन 'प्राचीन नेपाल' मा प्रकाशित पाटीपौवासम्बन्धी लेखमा प्रकाश दर्नालले इतिहासकार धनवज्र वज्राचार्यले हाँडीगाउँ र मङ्गलबजारको अभिलेख अध्ययन गर्दा लिच्छविकालमा कीर्ति कायम गर्न पाटी, पौवा, धर्मशाला, धारा बनाउने चलन रहेको फेला पारेको उल्लेख गरेका छन् । यद्यपि अहिले लिच्छविकालीन पाटीपौवाको अस्तित्व भेटिँदैन ।

मेरी स्लसर र गौतमवज्र वज्राचार्यले एसियाको कला र पुरातत्त्वमा केन्द्रित जर्नल 'अटाइबियस एजे' (भोल्युम ३६, नम्बर ३, सन् १९७४) मा उपत्यकाका मध्यकालीन भवनहरूको वास्तुकला र सांस्कृतिक पक्षबारे खोजमूलक लेख प्रकाशन गरेका छन् । स्लसर र वज्राचार्यद्वारा मध्यकालीन भवनहरूको चर्चा गर्ने क्रममा उपत्यकाका पुराना मुख्य मुख्य सत्तल तथा पाटीहरूको पनि चर्चा गरिएको छ ।

कर्कप्याट्रिकले आफ्नो पुस्तक 'एन अकाउन्ट अफ द किङ्डम अफ नेपाल' नाम नलिई उल्लेख गरेका काठको संरचनाबारे स्लसर र वज्राचार्यले राय दिएका छन् । यी दुई

अध्येताका दृष्टिमा कर्कप्याट्रिकले नाम नलिई वर्णन गरेका कतिपय काठको संरचना सत्तल वा धर्मशाला हुन् ।

कास्की जिल्लाको पर्यटकीय थलोमा गणना हुने वीरेठाँटी नेपालका पुरानो ठाँटीमध्ये एक मानिन्छ । यो ठाँटी तीन शताब्दीभन्दा पुरानो देखिन्छ । पोखराबाट निस्कने समाचारपत्र समाधान दैनिकको अनलाइन संस्करणमा वीरेठाँटीको विगत र वर्तमानबारे २०८० साल माघ २ गते प्रकाशन गरेको समाचारको सारसङ्क्षेप यस्तो छ :



कास्कीस्थित दाङसिङ–मोहरियाका वीरे गुरुङले १७७६ सालमा मोदी र भुरुम्दी नदीको दोभानमा ठाँटी निर्माण गरेका थिए । भोटमा नुन लिन जाने ढाक्रे तथा मुक्तिनाथ जाने भक्तजनको सुविधालाई लक्षित गरी ठाँटी निर्माण गरिएको थियो । त्यही ठाँटी समयक्रममा निकै चर्चित बन्यो र प्रसिद्धि कमायो, जुन कालान्तरमा 'वीरेठाँटी' नामबाट परिचित बन्यो । त्यस ठाँटीलाई १९९२ मा जमदार ज्ञानी गुरुङले जीर्णोद्धार गरेका थिए । दुई खोलाको दोभानमा रहेको ठाँटी जोखिममा परेपछि २०४७ मा क्याप्टेन चीनबहादुर गुरुङको नेतृत्वमा ठाँटी छहरेकुनामा पुनर्निर्माण गरियो । ठाँटी निर्माता वीरे गुरुङले दिएको योगदानलाई चिरस्थायी बनाउन उनका परिवारजनले 'वीरे म्हिगी कोने गुठी स्थापना' समेत स्थापना गरेका छन् ।

अब आउँछ सोह्रखुट्टे पाटीको किस्सा । नेपालको राजनीतिक तथा सैनिक इतिहासमा झुल्किरहने पात्र कपर्दार भोटु पाँडेले काठमाडौँमा खडा गरेको सोह्रखुट्टे पाटी पुरानोमध्ये एक मानिन्छ । यस पाटीको ऐतिहासिकताबारे नेपालखोज (पुस २३, २०७९) मा सुनिल उलक लेख्छन्–

वि.सं. १८४५ को कार्तिकमा काजी बलभद्र शाह मातहतका कपर्दार भोटु पाँडेले भोट सैनिकको कैदबाट मुक्त भएर आएपछि २० रोपनी जग्गासहित पाटी बनाइदिएका थिए । चारैतिर चार/चार वटा ठूला ठूला काठका खम्बा खडा गरी सोह्रवटा खुट्टाको टेकामा ठड्याइएको पाटी भएकाले सोह्रखुट्टे पाटी भन्ने गरिन्थ्यो । भोटु पाँडेले यस्तै पाटी पनौतीमा पनि बनाइदिएका थिए तर हाल दुवै पाटीको अस्तित्व छैन । वि.सं. २०७१ सालमा सडक विस्तारको नाममा रातारात सडक विभागले यसलाई भत्कायो ।

यी त पाटीपौवा, ठाँटी तथा धर्मशाला निर्माणसँग सम्बन्धित सङ्क्षिप्त ऐतिहासिक प्रसङ्ग मात्र हुन् । गाउँबस्तीमा पाटीपौवा, ठाँटी तथा धर्मशाला निर्माणसँग सम्बन्धित किस्सा–कथा मौखिक रूपमा ज्यादा भेटिन्छ । यस्ता संरचनासम्बन्धी लिखित इतिहास ज्यादै न्यून छ, जुन ज्यादै छिरल्लिएको अवस्थामा छ । आमजिन्दगीसँग गाँसिएका यस्ता आश्रयस्थलको मौखिक इतिहास सङ्कलन गरी अन्वेषण गर्न धेरै अर्थमा बाँकी नै छ ।

केही ठाउँमा विद्यालयको नाम पनि ठाँटी शब्दसँग जोडिएको छ । जस्तैः लमजुङको पसगाउँ ठाँटी मावि तथा पाल्पाको दरैठाँटी मावि । यसले पाटीपौवा वा ठाँटीमा शिक्षादीक्षा हुन्थ्यो भन्ने तथ्यलाई इङ्गित गर्छ । दुराडाँडास्थित धुवाँउने ठाँटीमा भाषा पाठशाला सञ्चालन भएको स्थानीय अग्रजहरूबाट सुनिँदै आएको हो ।

बहुपक्षीय उपयोग

मूलतः बटुवा, खेताला, गोठालालाई घामपानी, हुरी–बतास, झरी बादलजस्ता प्रतिकूल मौसमबाट ज्यान ओताउन सहज होस् भनी सार्वजनिक

आश्रयस्थलका रूपमा पाटीपौवा निर्माण गरिएको हुन्छ। धार्मिक क्षेत्र वा देवस्थलमा भक्तजनको आश्रयका लागि पाटीपौवा निर्माण गरिएको पाइन्छ। यद्यपि पाटीपौवाको उपयोगिता यतिमा मात्र सीमित रहँदैन। देश, काल र परिस्थिति अनुसार यस्ता सार्वजनिक आश्रयस्थलको बहुपक्षीय उपयोग भएको देखिन्छ।

विगतमा पाठशाला नभएको अवस्थामा कतिपय ठाउँमा पाटीपौवा वा ठाँटीलाई पठनपाठन गर्ने थलोका रूपमा पनि प्रयोग गरिएको पाइन्छ। केही ठाउँमा विद्यालयको नाम पनि ठाँटी शब्दसँग जोडिएको छ। जस्तैः लमजुङको पसगाउँ ठाँटी मावि तथा पाल्पाको दरैठाँटी मावि। यसले पाटीपौवा वा ठाँटीमा शिक्षादीक्षा हुन्थ्यो भन्ने तथ्यलाई इङ्गित गर्छ। दुराडाँडास्थित धुवाँउने ठाँटीमा भाषा पाठशाला सञ्चालन भएको स्थानीय अग्रजहरूबाट सुनिँदै आएको हो।

कतै कतै त जागरुक व्यक्तिहरूले पाटीपौवा वा ठाँटीमा पुस्तकालय सञ्चालन गरी स्थानीय पठन संस्कृतिलाई योगदान दिएको पाइन्छ। दुराडाँडाको धुवाँउने ठाँटीमा पण्डित तोयनाथ अधिकारी, मुखिया हरिभक्त पौडेल, लप्टन शेषकान्त अधिकारी, श्रीकान्त अधिकारीलगायतका अग्रजले २००८ सालमा 'प्रभात' नामक पुस्तकालय सञ्चालन गरेको प्रसङ्ग विजयराज न्यौपानेले आफ्नो कृति 'लमजुङको साहित्यिक इतिहास' मा उल्लेख गरेका छन् (न्यौपाने, २०६८, पृ.२४)।

गाउँघर र शहरबजारबीच पाटीपौवा प्रयोगमा केही भिन्नता देखिन्छ। गाउँघरको पाटीपौवामा बटुवा तथा आमजनताले आश्रय लिने गर्छन्। यसका अतिरिक्त तीज, दशैँ-तिहारजस्ता चाडवाडमा भेला भई नाचगान र रामरमितामा गर्ने पनि गरिन्छ। यस्ता पाटीपौवामा विवाह-व्रतबन्धजस्ता सामाजिक जमघटका अवसरमा धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक अनुष्ठान गरी भोजभतेर गरिएको दृश्य पनि देखिन्छ।

थारू समुदायमा पनि ठाँटीघर प्रचलनमा रहेको पाइन्छ। नागरिक अनलाइनमा अर्जुन ओलीले २०७८ साल चैत १८ गते लेखेअनुसार थारू समुदायमा पहिले-पहिले बाहिरबाट आउने पाहुनालाई आफ्नो मूल घरमा नसुताउने चलन थियो।

यस्ता सार्वजनिक आश्रयस्थलमा स्थानीयस्तरको भेला, मेला एवं बैठक आयोजना पनि गरिन्छ। यस दृष्टिले गाउँघरका कतिपय पाटीपौवा सामुदायिक भवनका रूपमा पनि प्रयोग भएको छनक मिल्छ।

शहरबजारको पाटीपौवामा बिहान-बेलुका भजनकीर्तन गर्ने, किरियापुत्री बस्नेजस्ता गतिविधि हुने गरिएको पाइन्छ। शहरबजारका कतिपय पाटीपौवामा कामबाट फर्केपछि साथीसङ्गीसँग भेटघाट गरी वार्तालाप गर्ने थलोका रूपमा पनि प्रयोग गरिएको देखिन्छ।

विगतमा काठमाडौँ उपत्यकाका सत्तल वा पाटीलाई परम्परागत क्वारेन्टाइनका रूपमा प्रयोग गरिएको दृष्टान्त पनि भेटिन्छ। मल्लकालमा ल्हासाको व्यापारबाट फर्केका व्यापारी दुई हप्ता जति घरपरिवारसँग घुलमिल हुँदैनथे। यस्तो अवस्थामा उनीहरू पाटीपौवा तथा सत्तलमा आश्रय लिन्थे।



उनीहरूले आफूलाई कुनै रोग लागेको भए परिवारजन सङ्क्रमित नहोऊन् भनी सत्तल, पाटी वा सामुदायिक भवनलाई क्वारेन्टाइनका रूपमा प्रयोग गर्ने गर्थे। यो क्रम २००७ सालसम्म चल्यो। यस्तो प्रसङ्ग कमलरत्न तुलाधरको पुस्तक 'क्याराभान टु ल्हासा' मा पढ्न पाइन्छ।

थारू समुदायमा पनि ठाँटीघर प्रचलनमा रहेको पाइन्छ। नागरिक अनलाइनमा अर्जुन ओलीले २०७८ साल चैत १८ गते लेखेअनुसार थारू समुदायमा पहिले-पहिले बाहिरबाट आउने पाहुनालाई आफ्नो मूल घरमा नसुताउने चलन थियो। पाहुनालाई मिठो मसिनो खुवाउने तर मूल घरमा नसुताई ठाँटीघरमा सुताउने गरिन्थ्यो।



लेखक डा. कृष्ण सर्वहारीका अनुसार थारू समुदायका मुखिया अर्थात् बडघरले ठाँटीघरमा बैठक राख्थे। ठाँटीघरमा अन्नपात पनि सुकाइन्थ्यो। थारू समुदायको परम्परासँग जोडिएको ठाँटीघर पछिल्लो समयमा तीव्र गतिमा हट्दै गएको छ।

स्थाननाम

असङ्ख्य पाटीपौवा तथा ठाँटी रहेको देशमा पाटीपौवा तथा ठाँटीबाट बनेका स्थाननाम नहुने कुरै भएन। पौवा भञ्ज्याङ (पाँचथर) तथा काठमाडौँमा जहरसिङ पौवा, चुच्चेपाटी, सोह्रखुट्टे, जोरपाटी र ललितपुरमा पुल्चोकपाटी, भैँसीपाटी, सुनधारापाटी, बालकुमारीपाटी, कुमारीपाटी छन्। त्यस्तै बाहुनीपाटी (सिन्धुपाल्चोक), ठाँटीपोखरी (गोरखा) तथा धुवाँउने ठाँटी, खत्री ठाँटी (लमजुङ) आदि केही उदाहरण हुन्।

यसैगरी कास्कीमा वनठाँटी, वीरेठाँटी, रानीपौवा, अर्घौं पौवा रहेको छ भने स्याङ्जामा ढुङ्गेठाँटी, पर्वतमा बाहाकी ठाँटी तथा अर्घाखाँचीमा लामपाटी, बल्कोट पौवा र दैलेखको दुल्लु पौवा आदि पाटीपौवासँग साइनो गाँसिएका स्थाननाम हुन्। अछाम जिल्लाको तत्कालीन गाविसको नाम नै ठाँटी रहेको पाइन्छ।

कतिपय ठाउँमा पाटीपौवा गायब भइसकेका छन्। अब तिनको नाम मात्र बाँकी छ। देशको राजधानीमा रहेको सोह्रखुट्टे पाटीलाई यसको ज्वलन्त दृष्टान्तका रूपमा लिन सकिन्छ। यो पाटी कसरी लोप भयो भन्नेबारे अगाडि नै चर्चा भइसकेको छ। यसैगरी प्रकाश दर्नालले रानीपोखरीको दक्षिणी भागमा 'हात्तीपाटी' नामले चिनिने गोलाकार पाटी रहेको र हाल त्यो पाटी लोप भइसकेको उल्लेख गरेका छन्।

साहित्यकार कृष्णप्रसाद पराजुलीको चर्चित कृति 'पूर्व एक नम्बर' ले काभ्रे र सिन्धुपाल्चोक जिल्लाको मीठो चिनारी दिन्छ। त्यस कृतिमा काभ्रे र सिन्धुपाल्चोक जिल्लामा रहेका केही पाटीपौवाको नाम पनि समाविष्ट छ। जस्तैः भैँसेपाटी (साँगा), मथुरापाटी (फूलबारी), श्यामपाटी (दाप्चा), सोह्रखुट्टेपाटी (पनौतीफाँट), ठाँटीपाटी (भमरकोट), जोरपाटी (पाँचखाल), बालुवापाटी (देउपुर), हिगुवापाटी (महादेवस्थान) आदि।

राणा प्रधानमन्त्री देवशमशेरलाई पदमुक्त गरी धनकुटा धपाइँदा साँगाको पाटीमा एक रात बिताएको प्रसङ्ग पनि 'पूर्व एक नम्बर' मा भेटिन्छ (पराजुली, २०५०, पृ.८९-९०)।

पाटीपौवासँग जोडिएका यस्ता अनगन्ती स्थाननामलाई मिहिन ढङ्गले अध्ययन गर्ने हो भने नेपाली जनजीवनको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक पाटाहरू उद्घाटित हुन सक्छन्। यसबाट लोकजीवनमा विद्यमान परोपकारी प्रवृत्ति, स्थाननाम, यात्रा संस्कृति एवं स्थानीय भूगोलबारे पनि अमूल्य जानकारी प्राप्त गर्न सकिन्छ।

यस्ता पाटीपौवाबारे अध्ययन गर्दा सार्वजनिक आश्रयस्थलको वास्तुशिल्प, वास्तुकला, निर्माण सामग्री आदिबारे विभिन्न लुकेका रोचक पक्ष खोतल्न सकिन्छ। पाटीपौवासम्बन्धी अध्ययनले स्थानीय इतिहास लेखनमा दरिलो योगदान पुग्ने देखिन्छ।

समापन

वर्तमान घडीमा पाटीपौवा, सत्तल, देवल, धर्मशालाजस्ता लोकहितैषी सम्पदा चौतर्फी अतिक्रमण र बेवास्ताको चपेटामा परिरहेका छन्। शहरी क्षेत्रका कतिपय सार्वजनिक पाटीपौवा निजी प्रयोगमा समेत आएको देखिन्छ। बढ्दो बसाइँ–सराइ, सडक विस्तार, शहरीकरण, विकास परियोजनाको विवेकविहीन गतिविधि आदिका कारण एकातिर भएका पाटीपौवा बिरानो बन्दै गएका छन् भने अर्कोतिर तीव्र गतिमा लोप हुँदै गएका छन्।



बिग्रे भत्केका तथा भग्नावशेष अवस्थामा रहेका सम्पदालाई जनस्तर तथा राज्यस्तरको सहयोगबाट जीर्णोद्धार कार्य अघि बढाइनुपर्ने टड्कारो खाँचो छ । यस्ता सम्पदाको उचित संरक्षण र संवर्धन आवश्यक छ ।

कतिपय अवस्थामा प्राकृतिक कारणले समेत यस्ता सम्पदामा क्षति पुगिरहेको छ । प्रकाश दर्नालले पूर्वउद्धृत लेखमा वि.सं. १८९० र १९९० को भूकम्पबाट पाटीपौवा तथा सत्तलहरू भत्किएको उल्लेख गरेका छन् । २०७२ सालको भुइँचालोले काष्टमण्डपलगायत धेरै सत्तल तथा पाटीपौवा क्षतिग्रस्त हुन पुगेको तथ्य सर्वविदितै छ ।

समयको बदलिँदो प्रवाहसँगै पाटीपौवा उपयोगविहीन बन्नु एक अर्थमा स्वाभाविक छ । विगतमा मोटरमार्ग थिएन । पैदलयात्राको विकल्प नभएको त्यस कालखण्डमा अधिकांश यात्रु पैदल यात्रा गर्थे । बाटोमा सुविधायुक्त होटल नहुँदा जहाँतहीँ बास पाउने अवस्था थिएन । यस्तो अवस्थामा पाटीपौवा वा ठाँटीको सहारा लिनु एक मात्र विकल्प थियो ।

अहिले समयले काँचुली फेरिसक्यो । देशभर माकुराको जालोजस्तै मोटरबाटो निर्माण हुन थाले । ठाउँठाउँमा सुविधायुक्त होटल खुल्न थाले । अब पाटीपौवामा बास बस्नुपर्ने आवश्यकता रहेन । सौखको रूपमा बाहेक पैदल यात्रा गर्नुपर्ने विवशता हट्दैछ । मोटरमार्ग प्रयोग गर्ने प्रचलन आमजिन्दगानीको हिस्सा बनिसक्यो । हाम्रो वर्तमान युगको वास्तविकता यही हो ।

समयले नै पाटीपौवा, ठाँटी वा धर्मशालाको महत्त्व घटाइदियो । यसको अर्थ यस्ता सम्पदालाई बेवास्ता गर्नुपर्छ भन्ने चाहिँ कदापि होइन । यिनीहरू हाम्रा सामाजिक तथा सांस्कृतिक सम्पदा हुन् । यस्ता सम्पदासँग हाम्रो परोपकारी परम्परा, यात्रा संस्कृति एवं लोकजीवनका धेरै आयाम जोडिएका छन् ।

यिनीको वैज्ञानिक तरिकाले सर्वेक्षण गरी लगत राख्न आवश्यक छ । सोही आधारमा बिग्रे भत्केका तथा भग्नावशेष अवस्थामा रहेका सम्पदालाई जनस्तर तथा राज्यस्तरको सहयोगबाट जीर्णोद्धार कार्य अघि बढाइनुपर्ने टड्कारो खाँचो छ । यस्ता सम्पदाको उचित संरक्षण र संवर्धन आवश्यक छ । यस दिशामा राज्यको विवेकशील कदम आवश्यक छ । परोपकारी भावनासँग जोडिएको यस्तालाई नयाँ पुस्तालाई देखाउन श्रेयस्कर रहन्छ, जसबाट भावी पुस्ता अभिप्रेरित हुन सकून् ।

'आवश्यक वस्तु संरक्षण ऐन, २०१२' ले पनि यस्ता सम्पदालाई महत्त्व दिएको छ । त्यस ऐनले आवश्यक वस्तुको परिभाषामा 'सर्वसाधारणको उपयोगको पाटी, पौवा, सत्तलहरू' लाई समाविष्ट गरिएको छ । कानुनले भन्दा पहिले नै पुर्खाले मन, वचन र कर्मले लोकहितका लागि पाटीपौवा र सत्तल निर्माण गर्ने सत्कर्म आत्मसात् गरिसकेका छन् । हाम्रा पुर्खाका सत्कर्मबाट अभिप्रेरित भई लोकहितैषी काममा हात बढाउन हाम्रा पाटीपौवा अटल प्रेरणास्रोत हुन् । ■

माझीको जीवन नै नदी

डुङ्गा खियाएर नदीको एक किनाराबाट अर्को किनारासम्म पुऱ्याउने मानिसको परिचय त्यतिमै सीमित छैन उनीहरूले माछा मारेर खाने र बेच्ने पनि गर्छन् । विगतमा माझीको सहायताले खोला नतर्नेहरू कमै होलान् ।

माझीको आफ्नै वेशभूषा, भाषा र संस्कृति छ । २०७८ सालको जनगणना अनुसार नेपालका ६३ जिल्लामा एक लाख ११ हजार ३५२ माझीको बसोबास रहेको छ । माझी समुदायका आफ्नै चाडपर्व रहे पनि ती ओझेलमा परेका छन् । सङ्ख्यामा कमी हुनु, अनेक कारणले मूलधारमा आउन नसक्नु, राज्यले प्रोत्साहन नगर्ने कारणले ती चाडपर्व माझी समुदायमा मात्रै सीमित बनिरहेका छन् तर कतिपय स्थानीय तहले माझीका चाडपर्व प्रवर्धन गर्नमा जुटेको देखिन्छ ।





केशवराज पौडेल

माझी समुदायको मुख्य पेशा माछा मार्ने, डुङ्गा (नाउ) मा राखेर मानिसलाई नदी तार्नु हो । विकास निर्माणसँगै नदीमा पुल निर्माण भएपछि डुङ्गामा राखेर मानिसलाई नदी पार गराउने पेशाबाट माझीहरू विमुख हुन थालेको देखिन्छ ।

नदीमा माछा मार्दा र डुङ्गा तार्दा मानवीय क्षति नहोस् भन्ने कामनासहित बर्सेनि माझी समुदायले फागुनको साँहिली मङ्गलबार लदी पूजा गर्ने गरेका छन् । त्यसको आफ्नो महत्त्व रहेको छ ।

जलको पूजा गर्ने चलन माझी समुदायमा परम्परादेखि रहिआएको छ । हरेक पटक डुङ्गामा बस्नुअगाडि या माछा मार्ने जाल लिएर जलाशयमा पस्नुअगावै यस समुदायमा जल देवताको सम्झना गर्ने चलन छ । यही चलनको एउटा संस्थागत अभ्यास र उच्चतम विश्वासको प्रतिरूपका रूपमा लदी पूजालाई लिइन्छ ।

नदी किनारमा माछा मार्ने, कृषि र पशुपालन पेशा पनि अपनाउने माझी समुदायले प्राकृतिक विपत् नआओस् भनेर



हिउँदको अन्त्यतिर लदी पूजा गरिन्छ। माझी समुदायको सबैभन्दा ठूलो पर्व मानिन्छ लदी पूजालाई।

जनजाति समुदायमा पर्ने माझीको जीवन नदीजन्य उत्पादनसँग जोडिएको छ। त्यसैले उनीहरू देवका रूपमा नदीको पूजा र प्रार्थना गर्छन्। उनीहरूको इष्ट देवता नै जल देवता हुन्। ३३ कोटि देवीदेवता भाकेर नदी किनारमा उनीहरूले पूजा गर्छन्। उनीहरूले पूजा गर्दा कृषि औजार, माछा मार्ने जाल, नदी खियाउने औजार राख्ने गर्छन्। औजारमा उनीहरूले बलि पनि चढाउने चलन छ।

माझीको बसोबास सुरक्षित भने छैन। नदी किनारको असुरक्षित बसोबाससँगै नदीमा माछा मार्ने व्यवसाय नै मुख्य पेशा भएकाले उनीहरूले पूजा गरेर आफ्नो र आफ्नो समुदायको सुरक्षाको कामना गर्छन्।

नदीमा पुल निर्माण तथा क्रसर उद्योग सञ्चालनले डुङ्गा चलाउने र माछा मार्ने पेशा सङ्कटमा परेकोमा राज्यले संरक्षण दिन आवश्यक रहेको माझी समुदायको माग छ। माझी उत्थान सङ्घको अध्यक्ष चिनीमाया माझीका अनुसार लदी पूजा शताब्दीयौँको परम्परा हो र राज्यले यसको संरक्षणमा विशेष चासो दिनुपर्छ।



लदी पर्वमा कोसी पूजा गरेपछि नदीमा पौडी खेल्दा बगाउँदैन भन्ने मान्यता रहेको भनाइ छ सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिकाका मनराम माझीको। त्यति मात्रै नभएर नदीसँग भाकल गरेको कुरा लदी पूजाले पूरा गर्ने मान्यता रहेको छ।

लदी पूजाका दिन नदीको किनारमा ढुङ्गाको देवता, सिमली र बाँसको थान बनाएर नाउ, माछा मार्ने जाल, माछा हाल्ने फुरुङ्गोलाई पूजा गरिन्छ। सामूहिक विशेष पूजाआजा गर्दै कोसीलाई बोका, कुखुरा र परेवाको बलिसमेत दिइन्छ। साथै लदी पूजामा माझी समुदायले मौलिक पोशाक गुन्यु चोली र फेटा इस्टकोटमा सजिएर चामलको पिठोबाट बन्ने गोलमाडी परिकार खाने गरिन्छ।

माझी जातिको जीवन लदी अर्थात् नदीसँग जोडिएको हुन्छ। माझी जातिको जीविकोपार्जन पनि नदी र नदीजन्य पदार्थबाटै हुन्छ। त्यसैले उनीहरू नदीको पूजा गर्छन्। माझी जातिलाई प्रकृति पूजक जाति मानिन्छ।

लदी पूजा कहिलेदेखि मनाउन थालियो त्यसको यकिन समय भन्न सकिन्न तर सयौँ वर्षदेखि यो प्रचलनमा रहेको छ। मछ्यगन्धाबाट उत्पत्ति भएको मान्यता राख्ने माझी समुदायले परापूर्वकालदेखि नै लदी पूजा गर्दै आएको किंवदन्ती छ, लिखित प्रमाण भने माझीहरूसँग छैन।

लदी पूजामा माझी जातिले बगेको पानीलाई पूजा गर्छन्। लदी भनेको माझी भाषामा कोसी अथवा नदी हो। नदी, कोसीको पूजा गर्नु नै लदी पूजा हो।

नदीमा काम गर्नुपर्ने, नदीमै आश्रित रहनुपर्ने जीविकोपार्जनको मुख्य थलो, आम्दानीको स्रोत जे भने पनि कोसी अथवा नदी नै रहेकाले नदीले आफूहरूलाई जोगाइराखोस् भन्ने हेतुसहित माझीहरूले लदी पूजा गर्छन्।



यसको सामाजिक महत्त्व पनि छ । एकै ठाउँमा बाक्लो बस्तीमा बस्न रुचाउने माझीहरू सामूहिक रूपमै खेती, माछा मार्ने कार्य गर्छन् । यसले उनीहरूबीच आत्मीयता र सामाजिक भावना प्रगाढ हुन्छ ।

लदी पूजाका लागि माझी समुदायले एक हप्ताअगाडि नै मानिसको सङ्ख्या अनुमान गरी प्रत्येक घरबाट रकम र चामल उठाउँछन् । सो चामलबाट माझी समुदायका महिलाले जाँड (मुन) बनाउँछन् । उठेको रकमबाट पाठी, राँगालगायत किन्ने गरिन्छ ।

लदी पूजाको अघिल्लो दिन माझी समुदायबाटै दुई पुजारीको व्यवस्था गरिन्छ । उनीहरूले घाम अस्ताएपछि केही पनि खान पाउँदैनन्, जसलाई उपासे बस्नु भनिन्छ । उनीहरूले नै पूजा सम्पन्न गर्छन् । लदी पूजा गर्न गाईको गोबर, ठूलो धँगेरीको सातवटा बोट, टोटलाको अण्डा, डुङ्गा, जाल, एक लोटा जाँड, आठ रेखी, सात कोठा, भेटी सातवटा, अक्षता, अबिरलगायतका सामग्री चाहिन्छ ।

पूजामा विभिन्न जीवजन्तुको बलि पनि दिइन्छ, जसलाई भोग चढाउनु भनिन्छ । कसैले भने आफ्नो र आफ्नो परिवार वा अन्य कुनै प्रयोजनका लागि केही कुरामा आशिष मागेका हुन्छन् अर्थात् भाकल गरेका हुन्छन् । सोही भाकल फुकाउन पनि लदी पूजामा माझीले जीवजन्तुको बलि दिने गर्छन् ।

यसरी पूजामा बलि दिइएका जीवजन्तुको कलेजो, मुटुलगायतका अङ्ग अँगेनामा पोलेर जाँडसहित देवीदेवतालाई चढाइन्छ । माझी समुदायका मानिसमा बलि दिइएका जीवजन्तुको मासु प्रसादका रूपमा थोरै थोरै भए पनि भाग लगाएर पुऱ्याइदिनुपर्ने चलन रहेको छ ।

लदी पूजाको समयमा बोलचाल नभएका छरछिमेक, दाजुभाइबीच पनि अनिवार्य रूपमा बोलचाल गर्नुपर्ने हुन्छ । सो दिन बोल्नैपर्ने भएकाले यसलाई मेलमिलापको पर्वका रूपमा पनि माझी समुदायले लिने गरेका छन् ।

खोला किनारका सबै काम सकिसकेपछि माझीहरू घाटबाट गीत गाउँदै पुजारीको घरसम्म लावालस्कर लागेर जान्छन् । पुजारीको घरमा महिला माझीहरू बसिरहेका हुन्छन् र उनीहरूले खोला किनाराबाट आएकाहरूलाई सुनपानीले छर्केपछि मात्र शुद्ध हुने माझी समुदायमा विश्वास गरिन्छ ।

त्यसको भोलिपल्ट पनि बाधा फुकाउने चलन छ । त्यहाँ पुनः सबैको उपस्थिति अनिवार्य हुन्छ । पुजारीले धूप हालेर शक्ति मागिसकेपछि घटवारे (डुङ्गा चलाउने व्यक्ति) ले डुङ्गालाई खोला वारिपारि गरिसकेपछि लदी पूजा सकिन्छ । ■

लाहा खेती

दीपक सुवेदी

विशेष रुखका नरम हाँगामा टाँसिएर त्यही हाँगाको रस चुसेर आफ्नो जीवनचक्र पूरा गर्ने परजीवीलाई लाहा भनिन्छ ।

लाहाका प्रकार

क) भाले लाहा

लाहा भाले र पोथी गरी दुई प्रकारका हुन्छन् । भाले लाहा खुट्टा, आँखा, टाउको भएको १४/१५ मिलिमिटर लम्बाइको तथा कलेजी रङको हुन्छ । पोथीसँग यौन सम्पर्क भएपछि यसको मुख कुच्चिन्छ । जसले गर्दा खान नसकेर दुई/तीन दिनमै मर्छ । एउटा भालेले ४० वटा पोथीसँग यौनक्रिडा गर्न सक्छ ।

ख) पोथी लाहा

यसको आकार चारदेखि पाँच मिलिमिटर तथा कलेजी रङको हुन्छ । पोथी लाहा जीवनपरन्त एक ठाउँबाट अर्को ठाउँमा हिँड्दैन । किनकि यसको आँखा, कान, खुट्टा हुँदैन । यसको पेट, मुख र मलद्वार मात्र हुन्छ ।

लार्भा अवस्थामा लाहा भाले वा पोथी के हो छुट्टिएको हुँदैन । जब भाले वा पोथी छुट्टिन थाल्छ त्यसबेला पोथी लाहाको पेट, मुख र मलद्वारबाहेक कुनै अङ्ग बाँकी रहँदैन । यसको आयु अन्डा उत्पादनपछि सकिन्छ ।

पोथी र भालेको घर अलग अलग हुन्छ । सहवास गर्ने बेलामा भाले आफ्नो घरबाट निस्केर पोथीको शरीरमाथि पुग्छ ।

जब भाले वा पोथी छुट्टिन थाल्छ त्यसबेला पोथी लाहाको पेट, मुख र मलद्वारबाहेक कुनै अङ्ग बाँकी रहँदैन । यसको आयु अण्डा उत्पादनपछि सकिन्छ ।







रङ्गिन लाहा

यो वर्षमा दुई पटक उत्पादन हुन्छ। पहिलो चार महिना र दोस्रो आठ महिनामा उत्पादन हुने गर्छ। वैशाख/जेठमा लगाएको लाहा असोज कात्तिमा झिक्नु पर्छ। असोज कात्तिकमा लगाएको लाहा वैशाख/जेठमा झिक्ने गरिन्छ। गर्मी महिनामा चार महिनामा उत्पादन हुन्छ भने जाडो महिनामा लाहा उत्पादन हुन पाँच महिना लाग्छ।

कुसुमी

यो छ/छ महिनामा उत्पादन हुन्छ। असार/साउनमा लगाइन्छ र माघ/फागुनमा झिक्नु पर्छ। माघ/फागुनमा लगाएको असार/साउनमा झिक्नु पर्छ।

व्यावसायिक दृष्टिले रङ्गिन लाहाभन्दा कुसुमी लाहा उत्कृष्ट मानिन्छ। रङ्गिन लाहाको उत्पादन कम हुन्छ। यसबाट उत्पादन भएको लाहा कमसल मानिन्छ। रङ्गिन लाहाको तौल पनि बढी हुने गर्छ। रङ्गिन लाहाभन्दा कुसुमी लाहाको उत्पादन मूल्य र सामानको टिकाउपन पनि बढी हुन्छ।



लाहा उत्पादन हुने रुख

नेपालमा रङ्गिन लाहा पलाँस, सिरिस, पिपल, बयर, रहर, लिची, मौवा आदि प्रजातिको रुखमा उत्पादन हुन्छ। कुसुमी लाहाको उत्पादन कुसुम, सेमियालता, बयर, खयर आदि प्रजातिका रुखमा हुने गर्छ।

लाहा उत्पादन

भाले र पोथीको यौनक्रिडापश्चात् पोथी कीराको शरीरमा परिवर्तन हुन्छ। त्यसले हाँगाको रस अत्यधिक चुस्ने गर्छ, अनि अण्डा पार्नका लागि आफ्नो घर निर्माण गर्छ। पोथीको शरीरबाट एक प्रकारको गम वा नरम पदार्थ निस्कन्छ, जसलाई लाहा भनिन्छ। लाहा भालेले बनाउन सक्दैन।

लाहा उत्पादनका लागि मनसुनी वर्षा र १५ डिग्री सेल्सियसदेखि ४०/४५ डिग्री सेल्सियससम्म तापक्रम राम्रो मानिन्छ। वातावरणका दृष्टिले नेपालमा यसको खेती उपयुक्त देखिन्छ।

यसको बजार

लाहाको प्रयोग फर्निचरको रङ, गरगहना, मेकअपका सामान, जुत्ताको पोलिस, नेल पोलिस, क्याप्सुल, ट्याब्लेट, बिजुलीका बल्ब, लाहा छाप, हातहतियार आदिमा प्रयोग गरिन्छ। त्यसैले यसको बजार नेपालमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमा समेत छ। ■

बुद्ध जब राजमहल फर्किए



■ रतन भण्डारी

सिद्धार्थ गौतमका पिता शुद्धोदन तिलौराकोटका राजा थिए। शाक्यवंशीय राजा शुद्धोदनको राज्यको राजधानी कपिलवस्तु थियो। शुद्धोदनकी रानी मायादेवीले गर्भधारणपछि छ वटा दाँत भएको श्वैत हात्ती आफ्नो गर्भमा रहेको सपना देखेकी थिइन्। पछि राजधानी कपिलवस्तुबाट माइती देवदह जाँदा मायादेवीलाई बाटोमै प्रसव व्यथा लाग्यो। त्यसपछि उनले लुम्बिनी पुष्करिणी सरोवर छेउ आरामका लागि रुखको फेदमा सुस्ताउँदा उनलाई पुत्रलाभ भयो।

शाक्य कुलीय परम्परा अनुसार पाँचौँ दिनमा त्रिवेदमा पारङ्गत १०८ ब्राह्मणमध्ये सर्वश्रेष्ठ ब्राह्मणहरूबाट नवजात शिशुको नामकरण गरियो। सबै मनोकामनाले पूर्ण गर्ने भन्ने अर्थमा ब्राह्मणहरूले नवजात शिशुको नाम 'सर्वार्थसिद्ध' राखे। 'सर्वार्थसिद्ध' लाई पछि 'सिद्धार्थ' भन्न थालियो। भनिन्छ सिद्धार्थ गौतम जन्मनेबित्तिकै केही पाइला हिँडेका थिए।




बाल्यकाल

सिद्धार्थ जन्मेको सात दिनमै आमा मायादेवीको निधन भयो। त्यसपछि उनको पालनपोषण सौतेनी आमा प्रजापति गौतमीबाट भएको थियो। सौतेनी आमा गौतमीले पालनपोषण गरेका कारण सिद्धार्थको नामका पछाडि 'गौतम' थपियो र उनलाई सिद्धार्थ गौतम भनिन थाल्यो। पछि सिद्धार्थको बाल्यकाल कपिलवस्तुकै राजमहलको सुख-सयलमा बित्यो।

विवाह

तत्कालीन समयमा कोलीय र शाक्य वंशसँग मेल खाने अर्को वंश नहुँदा ती दुई वंशबीच मात्रै बिहेवारी चल्थ्यो। कोलीय वंशीय राजा सुप्पबुद्ध र रानी पाल्मिताकी सुन्दर कन्या यशोधरासँग शाक्यवंशीय राजकुमार सिद्धार्थ गौतमको विवाह भएको थियो।

विवाहबन्धनमा बाँधिँदा सिद्धार्थ र यशोधरा दुवै १६ वर्षका थिए। यशोधराले श्रीमान्को काममा सधैँ साथ दिन्थिन्, सिद्धार्थको ख्याल राख्थिन्। जब सिद्धार्थ सर्वसाधारणको दुःखपीडा र वास्तविकता बुझ्न बाहिर निस्कन्थे यशोधरा सँगै जान्थिन्। विवाह भएको १३ वर्षपछि सिद्धार्थ र यशोधरालाई पुत्रलाभ भयो।



वैराग्य

सिद्धार्थ गौतम बाल्यकालदेखि नै गम्भीर प्रकृतिका थिए। स्वभावले उनी चिन्तनशील थिए। राजमहलमा सुखसयल भए पनि उनी बाहिर निस्कन्थे। दरबारबाहिर जनमानसमा घुलमिल हुन्थे। दरबारबाहिर निस्किँदा उनले बूढा, रोगी र अशक्तलाई देखे, मृतलाई देखे। यिनै कारण सिद्धार्थ गौतममा वैराग्य उत्पन्न हुन गयो। त्यसपछि उनी मानिस किन दुःखी हुन्छ ?, कसरी रोगी हुन्छ ?, के कारणले वृद्ध हुन्छ ?, के कारणले मर्छ ? जस्ता प्रश्नको जवाफ खोज्न थाले।

यिनै प्रश्नले सिद्धार्थमा वैराग उत्पन्न भयो। त्यसपछि उनी यी प्रश्नको जवाफ खोज्न थाले। सोही कारण सिद्धार्थ गौतम पिताको विरासतका रूपमा प्राप्त राज्य र राजसिंहासन त्यागेर सन्न्यासी जीवन जिउन तयार भए। सांसारिक मायामोह त्याग्दै दरबार छोडे।

महा-अभिनिष्क्रमण

जुन रात सिद्धार्थ गौतम राजमहल त्यागेर महा-अभिनिष्क्रमणमा जाँदै थिए सोही दिन उनलाई पुत्रलाभ



भयो। सिद्धार्थ राजमहल (घर) छाड्न चाहन्थे तर पुत्र आगमनले उनीमा बलियो आकर्षण पैदा भयो। साथसाथै उनीभित्र हजारौँ आशङ्का पनि उब्जे। "घरमा पुत्रको आगमन भएको छ, म भने घर छोडेर जाँदैछु।" उनी सोच्न थाले।

यतिबेला घर छोडेर जानु कत्तिको उचित हो ?, मेरो जिम्मेवारी र दायित्व के हो ?, उत्तरदायित्व के हो ?, छोराको जन्ममा यशोधराको जत्तिकै मेरो पनि संलग्नता छ। यी असहाय नारीलाई मैले एक्लै छोडेर सम्पूर्ण भार बोकाउनु न्यायसङ्गत हो ?, यी प्रश्नले सिद्धार्थको मन घेरियो।

त्यसैले सिद्धार्थले राजमहल छोड्ने दिन पुत्रको आगमनलाई 'मार्ग अवरोधक' का रूपमा लिए। सोही कारण उनले छोराको नाम 'राहु-केतु' सँग जोडेर 'राहुल' राखे।

सिद्धार्थले राजमहल छोड्ने रात पुत्र राहुल एक दिनका थिए। त्यसैले महल छोड्नुअघि सिद्धार्थ छोरा राहुलको अनुहार हेर्न चाहन्थे। किनकि उनी सदाका लागि सांसारिक मायामोह त्याग्दै थिए। छोराको अनुहार हेर्न उनी पत्नी यशोधराको कोठामा गए। यशोधरा राहुललाई छातीमा टाँसेर सुतेकी थिइन्। छोरासँग पछि भेट होला नहोला एक पटक अनुहार हेरौँ भन्ने चाहना सिद्धार्थको थियो। त्यसैले उनी पुत्र राहुलको मुख हेर्न नजिक गए तर पत्नी यशोधरा ब्युँझिने डरले उनले राहुलको मुहार हेर्न सकेनन्। यशोधरा ब्युँझिए आफूलाई रोक्ने आशङ्का सिद्धार्थमा थियो। त्यसैले सिद्धार्थ पुत्र राहुलको अनुहारसम्म नहेरी महलबाट चुपचाप बाहिर निस्के।

बुद्धत्व प्राप्ति

सांसारिक मायाजाल र भौतिक सुखसुविधाबाट वाक्क सिद्धार्थ गौतमले ती कुराबाट उन्मुक्तिका लागि दरबार छाडेका थिए। सांसारिक सुखसुविधा त्यागेका थिए। यसरी वैराग्यका कारण दरबार छाडेपछि सिद्धार्थले विभिन्न स्थानमा पुगेर ध्यान गरे। पछि बोधगयामा

यसरी वैराग्यका कारण दरबार छाडेपछि सिद्धार्थले विभिन्न स्थानमा पुगेर ध्यान गरे। पछि बोधगयामा तपस्यारत सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त भयो।

तपस्यारत सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्त भयो । उनी सांसारिक दुःखको जडसम्म पुगे र दुःखको कारण मानिस स्वयं रहेको रहस्य उजागर गरे ।

१२ वर्षमा कपिलवस्तु फिर्ता

बोधगयामा बुद्धत्व प्राप्त गरिसकेपछि सिद्धार्थ गौतम 'महात्मा बुद्ध' बने । बुद्धत्व प्राप्त गरेपछि एकदिन उनले आफ्नो पैतृक थलो तिलौराकोट पुग्ने निधो गरे । सोही क्रममा उनी राजमहल छोडेको १२ वर्षपछि तिलौराकोटको कपिलवस्तु फर्के ।

बुद्धको घर छोड्ने निर्णयसँग यशोधरा असन्तुष्ट थिइन् । त्यसैले बुद्धले आफ्ना शिष्य आनन्दलाई भने, "म एक पटक राजमहल, कपिलवस्तु फर्कनुपर्छ । राजमहलमा यशोधरा पर्खिबसेकी छन् । उनीमा १२ वर्षको क्रोध सञ्चित छ तर म भने अब उनको श्रीमान् हुन सक्दिनँ र पनि उनी अझै मेरी श्रीमती हुन् । यो ज्ञानी र अज्ञानीबीचको बुझाइ हो । अब म उनको श्रीमान् रहिनँ । म अब केही छैन । न म कसैको श्रीमान्, न कसैको पिता या छोरा तर पनि यशोधरा मेरी पत्नी नै हुन् । उनको भावना अहिले पनि उस्तै छ । उनी रिसाएर बसेकी छन् ।"

हुन पनि बुद्धले छोडेर गएपछि यशोधराले बुद्धविरुद्धमा एक शब्द बोलिनन् । उनले १२ वर्ष चुपचाप बिताइन् । यस कुराले बुद्धका पिता शुद्धोदन पनि अचम्ममा परे । बुद्ध परिवारका सबै छक्क थिए । पछि बुद्ध राजमहल कपिलवस्तु फर्कंदा उनको स्वागतार्थ मानिसको सागर उर्लियो । पिता शुद्धोदन, परिवारका सदस्य सबै आए तर यशोधरा आइनन् । बुद्धले त्यहाँ सबैलाई देखे तर यशोधरालाई देखेनन् । यशोधरालाई नदेखेपछि बुद्धले भने, "यशोधरा यहाँ आउँदिनन् किनभने मैले उनलाई छाडेर भागेको छु, उनले होइन । त्यसैले मैले नै उनलाई भेट्न जानुपर्छ ।"



यशोधरालाई भेट्न राजमहलमा प्रवेश गर्नुअघि बुद्धले आफ्ना शिष्य आनन्दलाई भने, "तिमीले मलाई तिम्रो चार सर्त स्वीकार गर्न अनुमति दियौ भने आज मलाई एक घण्टा एक्लै छोडिदेउ किनकि म यशोधरालाई चिन्छु । यदि तिमी पनि मसँगै भयौ भने यशोधराले तिम्रा अगाडि आँसु खसाल्ने छैनन् । तिम्रासामु मलाई गाली गर्ने छैनन् । तिम्रो अघि उनले शिष्टाचार कायम गर्ने छिन् । त्यसैले यदि तिमीले सक्यौँ भने मलाई केही समय देऊ ।"

त्यो समय पुरानो प्रतिज्ञाविपरीत बुद्धले शिष्य आनन्दसँग अनुमति मागेको एउटै घटना थियो । अनि आनन्दले एउटै प्रश्न गरे, "परम ज्ञान प्राप्त गरेपछि बुद्धत्व प्राप्त हुन्छ, पत्नी को हो ?, कुन श्रीमान् ?"

अनि बुद्धले भने, "मलाई थाहा छ तर यशोधरालाई थाहा छैन । एक दिन उनलाई थाहा दिनका लागि मैले उनीतर्फ केही कदम चाल्नुपर्छ ।"

जब बुद्धले राजमहलमा प्रवेश गरे यशोधरा चिच्चाइन्, रोइन्, कराइन्, अनेक गुनासा गरिन्, आफ्ना पीडा सुनाइन् र छोरा राहुलबारे सुनाइन् । यशोधराको १२ वर्षदेखिको आक्रोश आँसुका रूपमा बगिरह्यो तर बुद्ध भने चुपचाप उभिइरहे, उनका कुरा सुनिरहे तर यशोधराका कुनै प्रश्नको जवाफ दिएनन् ।

आनन्दले बुद्धलाई उनको भिक्षापात्र दिए । सांसारिक मायामोह सब त्यागेका बुद्धसँग छोरा राहुललाई दिनलाई भिक्षापात्रबाहेक केही थिएन ।

त्यसपछि यशोधराले आँखा पुछिन् र ध्यानपूर्वक बुद्धलाई हेरिन् । अनि भनिन्, "हजुर किन बोलिरहनु भएको छैन ? के हजुरको बोली हरायो ? यदि हजुरले मलाई राजमहल छोड्ने निर्णय सुनाएको भए के म त्यति अनुमति दिन नसक्ने थिएँ ? के हजुरलाई त्यति आत्मविश्वास थिएन ? के मप्रति हजुरको विश्वास थिएन ? म क्षत्रीय कुलकी छोरी सबै छोडेर एक्लै जान्छु भन्दा के म बाधक बन्ने थिएँ ? हजुर रात्रिको समय चुपचाप भाग्नु भयो । यो कस्तो प्रकारको विश्वास हो ? कस्तो प्रेम हो ? त्यो पनि छोरा जन्मेकै दिन । प्रेममा मेरो विश्वास थियो, तर हजुरले तोड्नुभयो ।"



बुद्ध चुपचाप यशोधराका सबै गुनासा सुनिरहे तर यशोधराले उनलाई किन चुप लागेको भनेर सोधिन् । यशोधराका कुरा सुनिरहेका बुद्धले भने, "तिम्रा सबै कुरा सुनाउ । जसबाट १२ वर्षअघि यो महल छोडेर गएको मान्छे फर्केर आएको देख्दा तिमीलाई राहत मिलोस् तर यतिबेला तिमी अरू कसैसँग कुरा गर्दैछौ, त्यो १२ वर्षअघि भागेर गएको तिम्रो श्रीमान्सँग होइन । १२ वर्षअघि भागेर गएको मानिस हराइसक्यो । समाप्त भइसक्यो तर अब त्यो मानिस कोही अर्को भएर

आएको छ। तिमी उसलाई ध्यानपूर्वक हेर। तिम्रा सबै क्रोध सकिएपछि मात्रै तिम्रा आँखा खुल्नेछन्। त्यसैले तिमीले जे जे भन्नु छ भन। जे जे गुनासा छन् ती सबै सुनाउ। मन हलुका पार। अनि म १२ वर्षपछि फर्केको छु। तिमीले चिन्न सक मैले यस अवधिमा के गुमाएँ र तिमीले नै हेर मैले के पाएँ। अनि तिमीबाट भागेको मान्छेको तर्फबाट म के जवाफ दिऊँ, त्यो मरिसक्यो।"

त्यसपछि यशोधराले छोरा राहुललाई अघि सारिन् र व्यङ्ग्य गर्दै भनिन्, "छोरा राहुल तिम्रा पिता यिनै हुन्। जब तिमी एक दिनका थियौ तब यिनी तिमीलाई छोडेर भागे। यी तिम्रा पिता भगौडा हुन्। तिमी बारम्बार मलाई सोध्थ्यौ नि मेरा पिता को हुन् भनेर। यी यिनै सज्जन हुन्, जो तिम्रो अगाडि खडा छन्। अब तिम्रा पितासँग तिम्रो इच्छा अनुसार जे-जे माग्नु छ माग। हात फैलाएर माग।"

यशोधराका कुरा सुनेपछि बुद्धले शिष्य भिक्षु आनन्दलाई बोलाए। बुद्धले आनन्दसँग भिक्षापात्र कहाँ छ भनेर सोधे। आनन्दले बुद्धलाई उनको भिक्षापात्र दिए। सांसारिक मायामोह सब त्यागेका बुद्धसँग छोरा राहुललाई दिनलाई भिक्षापात्रबाहेक केही थिएन। त्यसैले उनले आफूसँग भएको एउटै भिक्षापात्र छोरा राहुललाई दिए। भिक्षापात्र केवल सन्न्यासीलाई मात्र दिन सकिन्थ्यो र दिइन्थ्यो। त्यसैले छोरा राहुललाई भिक्षापात्र दिँदै बुद्धले भने, "राहुल आजबाट तिमी भिक्षु बन्यौ। तिमी सन्न्यासी भयौ। मसँग कुनै सांसारिक धन छैन, भएको सन्न्यास हो त्यही मैले तिमीलाई दिएँ र तिमी त्यसको मालिक भयौ।"



यशोधराका लागि उल्लिखित व्यङ्ग्य उनका लागि निकै महँगो साबित भयो। व्यङ्ग्यका कारण उनले ठूलो मूल्य चुकाइन्। राहुल चानचुने बालक थिएनन्, उनी बुद्धका सुपुत्र थिए। त्यसैले उनले पिताको आज्ञा शिरोपर गरे। पिताका चरण स्पर्श गर्दै उनकै पछि लागे। राहुल अद्‌भुत बालक थिए। १२ वर्षको नाबालक उमेरमै उनी यति परिपक्व थिए कि उनी पिताले देखाएको सन्न्यासमार्ग पछ्याउन सफल रहे। त्यस घटनाले यशोधरालाई भने थप चिन्तित तुल्यायो। श्रीमान् त गए गए, छोरा पनि गयो।

यशोधरा नै भिक्षुणी बनिन्

बुद्धका कुरा सुनेपछि यशोधराले उनलाई राम्ररी हेरिन्। नभन्दै उनका अगाडि बुद्धका रूपमा उभिएका महामानव पूर्णतया पृथक् थिए। उनी ती सिद्धार्थ थिएनन् जसलाई यशोधराले चिनेकी थिइन्। उनी १२ वर्षअघि काम वासनाले ग्रसित सिद्धार्थ पनि थिएनन्, जो आफ्नी पत्नीलाई भेट्न आएका हुन्। ती त महामानव महात्मा बुद्ध थिए, जोसँग यशोधरा साक्षात्कार गरिरहेकी थिइन्। ती महामानव बुद्ध त त्यहाँ चिरनिद्रामा रहेकाहरूलाई ब्युँझाउन आएका थिए।

अब यशोधरासँग बुद्ध र छोराका पछि लाग्नुको विकल्प थिएन। त्यसपछि उनले बुद्धलाई भनिन्, "अब मलाई पनि भिक्षुणी बनाऊ। अब म कसका लागि बस्ने ?"

त्यसपछि यशोधराले पनि बुद्धको खुट्टा ढोगिन्। सन्न्यास लिइन् र भिक्षुणी बनिन्। अनि बुद्धसँग आफूलाई दुःख मुक्तिको बाटो मागिन्। आफूले दुःख मात्र भोगेको तर बुद्धले खुशीको सूत्र भेटाएकाले त्यो प्राप्तिको याचना गरिन्। यसरी छोरा राहुलसँगै यशोधरा पनि भिक्षुणी बनिन् र बुद्धमार्ग अवलम्बन गरिन्। ■



प्रा. पुरुषोत्तम दाहाल


पत्रकार एवं साहित्यकार

पेशाले राजनीतिशास्त्रका प्राध्यापक भए पनि पुरुषोत्तम दाहालको बहुआयामिक व्यक्तित्व धेरैका लागि प्रेरणास्पद छ । विसं को तीसको दशकदेखि पत्रकारितामा लागेका दाहाल अझै पनि पत्रकारितामै सक्रिय छन् । प्रजातन्त्र पुनर्स्थापनापछि रेडियो नेपालमा 'घटना र विचार' कार्यक्रम सञ्चालन गरेर उनले रेडियो कार्यक्रमका क्षेत्रमा समेत कुशल प्रस्तोताको छवि स्थापित गरे । प्रजातान्त्रिक आन्दोलनमा लागेर जेल जीवनसमेत बेहोरेका दाहाल खरो राजनीतिक विश्लेषक मानिन्छन् । साहित्यिक क्षेत्रमा कविता, कथा, उपन्यास र संस्मरणका क्षेत्रमा कलम चलाएर एक दर्जनभन्दा बढी कृति प्रकाशित गरिसकेका दाहालका शान्ता (उपन्यास), कालपात्र (उपन्यास), मेरो पत्रकारिता (संस्करण), साँध (कविता सङ्ग्रह), अन्धकारको यात्री (कवितासङ्ग्रह), चर्चित कृतिमा पर्दछन् ।

उनको बहुआयामिक व्यक्तित्व बन्नका लागि पुस्तक नै सबैभन्दा ठूलो माध्यम भएको विचार व्यक्त गर्दै उनी भन्छन्- "पुस्तक सुसंस्कृत जीवनको आधार बनेको छ । यदि पुस्तकको आविष्कार नभएको भए श्रुति र स्मृति परम्पराले नै निर्वाह चल्ने थियो होला । पौराणिक ग्रन्थहरु यसरी नै जीवित रहन सकेका थिए । श्रुति र स्मृतिलाई शिलामा, विभिन्न धातु पत्रमा, वृक्षपत्रमा उतार्ने अभ्यासले क्रमशः पुस्तकको आविष्कार सहज बनेको अनुमान उनको छ ।

आज पुस्तकहरु कागजरहित यन्त्र, उपकरण वा औजारमा परिणत हुन लागेका छन् । समय, आवश्यकता र आविष्कारलाई मानिसले कुन रुपमा, कहिले उपयोग गर्ने हुन् थाहा हुँदैन । आफूलाई अध्ययनशील विद्यार्थी भएको बताउने दाहाल रामायण र महाभारतले आफूमा पारेको प्रभावलाई कुनै पुस्तकले भेट्न नसक्ने विचार व्यक्त गर्छन् । एकै विषयवस्तुका धेरै पुस्तकलाई एकसाथ राखेर पढ्ने उनको बानी भएकाले पुस्तकालयको टेबुलमा धेरै वटा पुस्तक एकसाथ फिँजाइएका हुन्छन् । उनले पछिल्लो समयमा पढेका पाँच पुस्तक यस्ता छन् :

जेल डायरी



विश्वेश्वरप्रसाद कोइरालाका सबै कृतिको उत्तिकै महत्त्व छ। उनका उपन्यासहरूले नेपाली साहित्यमा उच्च स्थान बनाएका छन्। प्रायः सबै कृति जेल जीवनका बेला लेखिएका हुन्। जेल डायरी दैनिकी जस्तो भए पनि यसमा बीपीको विचार, मान्छेका आनीबानी, राजनीतिक सन्दर्भ, पढेका पुस्तकहरूप्रतिको धारणालगायतमा गहिरो विचार सम्प्रेषण भएकाले बीपीलाई बुझ्न यो कृति पढ्नुपर्ने हुन्छ।

लक्ष्मी निबन्धसङ्ग्रह




नेपाली निबन्धका क्षेत्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जस्तो निबन्धकारिता अहिलेसम्म मैले अरूमा पाएको छैन। आत्मपरक निबन्धमा उनको 'लक्ष्मी निबन्धसङ्ग्रह' सर्वकालिक कृति मानिन्छ। सानो कुरालाई पनि गहन भावमा सम्प्रेषण गर्ने खुबी कवितामा मात्रै नभएर निबन्धमा पनि भएका देवकोटा बेजोड प्रतिभा भएका कारण जति पटक पढे पनि यो निबन्ध कृति पहिलो पटक पढिरहेको छु जस्तो लाग्छ।

शिरीषको फूल




प्रगतिशील साहित्यकार पारिजातको 'शिरीषको फूल' उपन्यास मलाई उनका अन्य कृतिभन्दा अब्बल लाग्दछ। शून्यवादी दर्शनमा आधारित उपन्यासले नेपाली औपन्यासिक क्षेत्रमा एक खालको प्रभाव पार्न सफल छ। मेरो हकमा यो उपन्यास पनि पटक पटक पढिने कृतिमा परेको छ।

राष्ट्र परराष्ट्र



डा. भेषबहादुर थापाको संस्मरणात्मक कृति 'राष्ट्र परराष्ट्र' पढेर नेपाली राजनीति र परराष्ट्र सम्बन्धका बारेमा धेरै कुराको ज्ञान हासिल गर्ने अवसर प्राप्त भयो। लामो समय प्रशासन र कूटनीतिक क्षेत्रमा काम गरेको अनुभव, तत्कालीन राजा र राजतन्त्रप्रतिको गहिरो विश्लेषणसहित बाहिर नआएका विचार पनि पुस्तकमा उल्लेख हुनुले पढ्न छुटाउन नहुने कृतिमा पर्दछ।

कठैबरा काठमाडौँ



साहित्यकार/समालोचक हरि गौतमको 'कठैबरा काठमाडौँ' ले केही समयअघि घट्टेकुलो समाजले प्रकाशित गरेको 'कवितामा काठमाडौँ' कृतिको स्मरण गरायो। वास्तवमा काठमाडौँ निकै टिठलाग्दो शहर बन्दै गएको छ। पूरै नेपाल यहीँ थुप्रिएको छ। देशको शासनसत्ता सम्हाल्छु भन्छ तर आफैँ तहसनहस छ। गौतमले काठमाडौँप्रति व्यङ्ग्य पनि गरेका छन् भने टिठ पनि देखाएका छन्। ■

– प्रस्तुति : तुलसीहरि कोइराला

■ बद्रीप्रसाद घिमिरे



१. **बाल्यकालमै दृष्टि र श्रवणशक्तिविहीन हेलेन केलर आफ्नो अद्भुत सुँघ्ने शक्तिका सहायताले मान्छे चिन्ने गर्थिन् ।**

२. कुनै पनि नदी नजोडिएको समुद्र लालसागर हो। जसलाई विश्वकै सबैभन्दा तातो र नुनिलो समुद्र मानिन्छ। यस समुद्रको प्रतिएक लिटर पानीमा ४६ ग्रामसम्म नुन पाइन्छ।

३. मानिसको मुटुमा दायाँ र बायाँ गरी दुई प्रकोष्ठ हुन्छन्। बायाँ प्रकोष्ठले मुटुले गर्ने ८५ प्रतिशत काम एक्लै गर्छ। यस कारण मुटु रोग लाग्दा बायाँ प्रकोष्ठ बढी क्षतिग्रस्त हुन्छ।

४. **'ओ' समूहको रगतलाई युनिभर्सल डोनर भनिन्छ किनभने यो रगत अन्य समूहको रगत भएकालाई दिन मिल्छ तर 'ओ' समूहको रगत भएको मानिसलाई 'ओ' बाहेक अरु समूहको रगत दिन मिल्दैन । त्यस्तै सबै रगत समूह स्वीकार गर्ने एबी समूहलाई युनिभर्सल एक्सेप्टर भनिन्छ ।**



५. आफ्नी श्रीमती पिठ्युँमा बोकेर दौडिने प्रतियोगिता फिनल्यान्डमा हरेक वर्ष आयोजना गरिन्छ। यस प्रतियोगिताको रोचक पक्ष त के छ भने विजयी हुनेले श्रीमतीको तौल बराबरको बियर उपहारस्वरूप प्राप्त गर्छ।

६. संसारमा १३ अङ्कलाई धेरैजसो देशमा अशुभ मानिन्छ। कतिसम्म भने स्कुल, कलेज, होटल र अस्पतालमा १३ नम्बरको कोठा नराखी १२ पछि १४ लेखिन्छ तर इटालीमा भने १३ लाई शुभसूचक अङ्क मानिन्छ।



७. बाँदर पाल्ने व्यक्तिका लागि इन्डोनेसियामा अनौठो कानुन लागू गरिएको छ । त्यो के हो भने बाँदरको फोटो परिचयपत्रमा टाँस्नु अनिवार्य छ ।

८. भोक लाग्दा खानेकुरा नपाउँदा आफ्नै अङ्ग (भुजा) खाने जीव अक्टोपस हो ।

९. मानिसपछिको दोस्रो सामाजिक प्राणी बाँदरलाई मानिन्छ । आफ्नो समूहको कुनै बाँदर बिरामी भयो भने सबै बाँदर खान छोडेर चिन्ता लिन थाल्छन् ।

१०. कमिलामाथि गरिएको एक अध्ययनले के देखाएको छ भने कमिलाले आफ्नो तौलभन्दा तीन सय गुणा बढी तौलको वस्तु तान्न सक्छ ।

११. पेटमा लुसिफेरिन नामको विशेष अङ्गका कारण जुनकिरी राति चम्किन्छ । यस अङ्गले एउटा विशेष खालको रसायन पैदा गर्छ, जसले अक्सिजनको सम्पर्कमा आउनासाथ प्रकाश उत्पन्न गर्छ ।



१२. आफ्नो नाम फरक फरक ११ वटा 'स्पेलिङ' प्रयोग गरेर लेख्ने साहित्यकार विलियम शेक्सपियर हुन् ।

१३. अमेरिकाको मिनेसोटा राज्यमा एउटै डोरीमा महिला र पुरुषको कट्टु सुकाउनु गैरकानुनी मानिन्छ । ■






अमेरिकामा कहिलेदेखि दुई दलको वर्चस्व?

संयुक्त राज्य अमेरिकामा लामो समयदेखि दुई मुख्य राजनीतिक दलको वर्चस्व रहिआएको छ। इस्वी संवत्‌को १९ औँ शताब्दीको मध्यदेखि राजनीतिक दल डेमोक्रेट्स र रिपब्लिकन अमेरिकाको राजनीतिमा अग्रपङ्तिमा देखिन्छन्। मतदानका लागि अमेरिकीहरूका अगाडि किन यति थोरै विकल्प छन् ? यथार्थमा यो राष्ट्रमा स्थापनाको लगत्तै दुई दलीय प्रणाली दीर्घस्थायी हुन पुग्यो।

आरम्भिक राजनीतिक दलहरू

सन् १७८९ मा नयाँ संयुक्त राज्य अमेरिकाको सरकारको रूपरेखा तयार गर्ने बेला संविधानमा राजनीतिक दलका बारेमा कुनै कुरा उल्लेख गरिएको थिएन। अमेरिकाका धेरैजसो संस्थापकहरूमा यस्ता दलीय समूहप्रति ठूलो अविश्वास रहेको थियो। अलेक्जेन्डर ह्यामिल्टनले त लोकप्रिय सरकारका लागि दलहरूलाई 'धेरै नै घातक रोग' को संज्ञा दिए। जर्ज वासिङ्टनले सन् १७९६ मा आफ्नो बिदाइका लागि राखिएको कार्यक्रममा सम्बोधन गर्दै राजनीतिक दलले 'डरलाग्दो निरङ्कुशता' लाई जन्म दिने चेतावनी दिएर अमेरिकी जनतालाई सचेत पारेका थिए।



तैपनि त्यतिबेलासम्म भरखरै जन्मेको देशमा विभिन्न राजनीतिक गुट सङ्गठित हुन थालिसकेका थिए। वासिङ्टनको

राष्ट्रपति कार्यकालमा राजनीतिक कुलीन वर्गले आफूलाई दुई परस्पर विरोधी समूहमा विभाजित गरेको इतिहासमा स्पष्ट लेखिएको छ। ह्यामिल्टनको नेतृत्वमा 'फेडरलिस्ट्स' अर्थात् सङ्घवादी तथा थोमस जेफरसनको नेतृत्वमा 'एन्टिफेडरलिस्ट्स' अर्थात् सङ्घवाद विरोधी। 'एन्टिफेडरलिस्ट्स' एक अर्थमा 'डेमोक्रेटिक-रिपब्लिकन्स' थियो। नयाँ सङ्घीय सरकार राज्य सरकारको सापेक्ष कत्तिको शक्तिशाली हुनु पर्छ तथा ग्रेट ब्रिटेन र फ्रान्ससँग संयुक्त राज्य अमेरिका पङ्क्तिबद्ध हुनु पर्छ कि पर्दैन भनी यी दुवै समूहबीच चर्को बहस भयो।

कोलगेट विश्वविद्यालयमा राजनीति विज्ञानका सहप्राध्यापक साम रोजेनफेल्ड भन्छन्, "मेरो विचारमा अपेक्षा र आशा कस्तो थियो भने आमहितका लागि नीति बनाउन प्रतिभा सम्पन्न विधिबाट शक्ति पृथकीकरणको सिद्धान्तमा रहेर सरकार निर्माण गरिनु पर्छ। यसको अर्थ सबै जना सहमत हुने नीति निर्माण गरिनु नै सर्वोत्तम हो तर यथार्थमा मानिसहरू असहमत छन्।"

राष्ट्रपति जर्ज वासिङ्टनले आफ्नो बिदाइ कार्यक्रममा सम्बोधन गर्दा राजनीतिक समूहबीच आपसी मतभेदका बारेमा बोलेका थिए। राष्ट्रपतिबाट बिदाइ लिइरहँदा वासिङ्टनले सबै अमेरिकीलाई आफ्नो राजनीति र क्षेत्रीय आबद्धताभन्दा माथि उठेर राष्ट्रका लागि गोलबद्ध हुन आग्रह गर्नुले राजनीतिक समूहप्रति उनको अविश्वास झल्किन्छ।

डेमोक्रेटिक र रिपब्लिकन पार्टीहरूको उद्भव

सन् १८०० को निर्वाचनमा जेफरसनले जोन एडम्सलाई पराजित गरेका थिए। यहीँबाट 'फेडरालिज्म' अर्थात् सङ्घवादको विसर्जन सुरु भयो। जो सन् १८१२ को युद्धको समाप्तिसँगै एक राजनीतिक धारका



संयुक्त राज्य अमेरिकामा यसरी दुई दलको वर्चस्व रहनुका पछाडिको कारण बुझ्न हामीले अमेरिकाको निर्वाचन कसरी सम्पन्न हुन्छ भनी जान्नु महत्त्वपूर्ण छ।

रूपमा सदाका लागि शून्यमा परिणत भयो। जेम्स मुनरो राष्ट्रपति रहेको त्यस काललाई 'असल भावनाको युग' भनियो किनभने राष्ट्रिय दलबीच मतभेद सापेक्षिक कम थियो।

रोजेनफेल्ड भन्छन्, "एकछिनलाई तपाईंले सबै डेमोक्रेटिक निर्णय यस एकल डेमोक्रेटिक-रिपब्लिकन दलको प्रभावशाली निर्देशमा भएको देख्नुहुन्छ तर असहमति कतै गएन। वास्तवमा सङ्घीय सरकारको भूमिका तथा राज्य सरकारको सापेक्ष सङ्घीय सरकारको शक्तिका बारेमा त्यस्तै खालको असहमति देखिरहेको छ।"

सन् १८२४ को निर्वाचनमा एन्ड्रु ज्याक्सनको दाँजोमा लोकप्रिय मत कम पाएर पनि जोन क्विन्सी एडम्स राष्ट्रपति निर्वाचित हुनु एक महत्त्वपूर्ण क्षण थियो। मार्टिन भान बुरेनको नेतृत्वमा रहेको ज्याक्सनका समर्थकको समूहले जेफरसनवादको आदर्शमा आधारित रहेर एक नयाँ गठबन्धन निर्माण गरे, जो डेमोक्रेटिक पार्टी बन्यो। सन् १८२८ र १८३२ मा यस पार्टीले ज्याक्सनका साथमा निर्वाचनमा जसरी सफलतापूर्वक शक्ति सञ्चय गर्‍यो, त्यसले कैयौँ पक्ष देखायो- राजनीतिक जुलुस र मनोनयन परिपाटी पनि पर्छन्। यो आधुनिक समयको दलीय राजनीतिको विशेषता भएको हामी देख्न सक्छौँ।

यसैबीच ज्याक्सनका नीतिको विरोधीले गोलबद्ध भएर ह्विग पार्टी गठन गरे। जो अधिक शक्तिशाली केन्द्रीय सरकारको पक्षधर 'फेडरलिस्ट' परम्पराको निकट थियो। सन् १८५० को दशकसम्म ह्विग पार्टी पतन भयो तथा डेमोक्रेट्सलाई जवाफ दिन दासत्वविरोधी नयाँ रिपब्लिकन पार्टीको उदय हुन पुग्यो। यद्यपि त्यसपछिका वर्षमा तिनीहरूको मार्गचित्र र अवस्थामा धेरै नै परिवर्तन आए पनि दुवै दल संयुक्त राज्य अमेरिकामा प्रभावशाली रहिआएका छन्।

संयुक्त राज्य अमेरिकामा यसरी दुई दलको वर्चस्व रहनुका पछाडिको कारण बुझ्न हामीले अमेरिकाको निर्वाचन कसरी सम्पन्न हुन्छ भनी जान्नु महत्त्वपूर्ण छ। अमेरिकाको निर्वाचनमा देशभरि खसेको



युरोपेली देशहरूमा सरह समानुपातिक प्रतिनिधित्व हुने बहुदलीय प्रणालीका बारेमा उल्लेख गर्दै रोजेनफेल्डले भनेका छन् ।

मत (यसलाई पपुलर मत भन्ने गरिन्छ) का आधारमा जित हारको निर्णय हुँदैन । देशभरि सबैभन्दा बढी 'पपुलर' मत ल्याएर पनि राष्ट्रपतिको उम्मेदवार हारेको अमेरिकाको इतिहासमा दृष्टान्त छन् । हरेक राज्यको जनसङ्ख्याका आधारमा निर्वाचनका लागि प्रतिनिधि सङ्ख्या (इलेक्टोरल कलेज) तोकिएको हुन्छ र यसैका आधारमा निर्वाचनमा विजेताको निर्णय गरिन्छ । उदाहरणका लागि क्यालिफोर्निया राज्यमा जसले बढी मत ल्यायो त्यही उम्मेदवारले सो राज्यका सबै इलेक्टोरल कलेज मत पाउँछ । त्यसरी हरेक राज्यको इलेक्टोरल मतका आधारमा राष्ट्रपति निर्वाचनको निर्णय हुने गर्छ । यसमा अमेरिकाभरिको कुल मतको हिसाबकिताबले कुनै अर्थ राख्दैन ।

अमेरिकाको दुई दलीय राजनीतिक प्रणालीले गर्दा रिपब्लिकन र डेमोक्रेटिक पार्टीभन्दा बाहिरका उम्मेदवारले राष्ट्रपति निर्वाचनमा जित हासिल गर्नु कठिन छ ।

यसको नतिजा मानिसमा निर्वाचनयोग्य आफ्नो मन पर्ने उम्मेदवारलाई मतदान गर्ने प्रवृत्ति विकास भएको देखिन्छ, जो उम्मेदवार सधैँ (अमेरिकामा) या त रिपब्लिकन या डेमोक्रेट हुन्छ । रोजेनफेल्ड भन्छन्, "अमेरिकी निर्वाचनको आरम्भिक प्रक्रियाले दलभित्र नै नीतिगत सङ्घर्ष गराउँछ । जसबाट आमनिर्वाचनका त्यस्ता आदर्श उम्मेदवार तयार हुन्छन्, जसले मतदाताको सम्भावित समूहलाई आकर्षित गर्न सकून् ।"


कतिपय युरोपेली देशहरूमा सरह समानुपातिक प्रतिनिधित्व हुने बहुदलीय प्रणालीका बारेमा उल्लेख गर्दै रोजेनफेल्डले भनेका छन्, "यस्तै खाले सङ्घर्षले अन्यत्र नयाँ दल सिर्जना गर्दछ । यहाँचाहिँ यो आन्तरिक रूपमा मात्र प्रसारित हुन्छ ।"

अन्य कारक तत्त्वका अतिरिक्त यी संरचनात्मक विशेषताका कारण अमेरिकाको इतिहासमा दुई शताब्दीयता दुई दलीय प्रणाली टिकेकै छ, तथापि जनधारणा सर्वेक्षणहरू (जस्तै सन् २०२२ को प्यु रिसर्च पोल) ले दुई दलीय प्रणालीको लोकप्रियताका बारेमा जस्तोसुकै तथ्य सार्वजनिक गरेको होस् । ■

-युवामञ्च

मृत्युदण्डले मर्दैन अपराध







■ रामप्रसाद आचार्य

विश्वका विभिन्न मुलुकमा जघन्य अपराध गरेका अपराधीलाई मृत्युदण्ड दिने गरिन्छ । मृत्युदण्ड दिने तरिका फरक फरक छन् । कतै झुन्डाएर, कतै टाउको काटेर, कतै गोली हानेर, कतै घातक सुई दिएर र त कतै विषालु ग्यास सुँघाएर मृत्युदण्ड दिने गरिन्छ । मृत्युदण्डले अपराधी त मर्छ तर अपराध मर्दैन । त्यसैले मृत्युदण्ड दिने मुलुकमा अपराधमा कमी आएको छैन ।

विश्वमा पहिलो पटक अमेरिकामा नाइट्रोजन ग्यास सुँघाएर मृत्युदण्ड दिइएको छ । सन् १९८८ मा एलिजावेथ सेनेट नामकी महिलाको हत्या गरेको आरोपमा दोषी केनेथ युजिन स्मिथलाई मृत्युदण्ड दिइयो । उनले एक हजार अमेरिकी डलर पाउने आशामा सेनेटको हत्या गरेका थिए । ती बन्दीले आफूलाई पहिलो पटक नाइट्रोजन ग्यास सुँघाएर मृत्युदण्ड दिन लागिएको हुँदा त्यसलाई रोक्न गरेको निवेदन अमेरिकाको सर्वोच्च अदालतले अस्वीकार गरेको थियो । स्मिथका वकिलले त्यसलाई 'क्रुर र अस्वाभाविक' सजाय भन्दै रोक्न गरेको निवेदन न्यायाधीशहरूले दुई पटक अस्वीकार गरेका थिए ।

होल्मन कारागारमा मृत्युदण्ड दिनुअघि स्मिथले भनेका थिए,



“आज राति अलाबामाले मानवतालाई एक कदम पछाडि सारिदिने छ । मलाई समर्थन गर्नुभएकोमा धन्यवाद । तपाईंहरू सबैलाई माया ।”

मृत्युदण्ड दिइँदा मास्कभित्र नाइट्रोजन ग्यास छिर्न थालेपछि स्मिथ हाँसेको र आफ्ना परिवारजनप्रति माया देखाउन अलिकति निहुरिएका थिए । स्मिथ दुईदेखि चार मिनेट छटपटाएको र उनले पाँच मिनेट छिटोछिटो सास फेर्दै प्राण त्यागेका थिए । मिसावटरहित नाइट्रोजन सुँघ्दा शरीरका कोष क्षतिग्रस्त हुन्छन् र मानिसको मृत्यु हुन्छ ।

सन् १९९६ देखि मृत्युदण्ड कुरिरहेका ५८ वर्षीय स्मिथले यो पर्खाइ यातनापूर्ण भएको बताएका थिए । सो हत्यामा सामेल स्मिथका सहयोगी जोन फरेस्ट पार्करलाई सन् २०१० मै मृत्युदण्ड दिइएको थियो ।

यसैगरी जापानमा एक पुरुषलाई ३६ जनाको ज्यान जाने गरी आगजनी गरेको कसुरमा झुन्ड्याएर मृत्युदण्ड दिइएको छ । कैयौँ देशले मृत्युदण्ड हटाएको भए पनि त्यस्तो सजाय दिइएका घटना भने विश्वभरि बढिरहेका छन् ।

मृत्युदण्ड दिने देश

हाल विश्वका ५५ देशमा जघन्य अपराधीलाई मृत्युदण्ड दिइने गरिएको अन्तर्राष्ट्रिय मानवाधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले जनाएको छ ।

तीमध्ये नौ देशले धेरैको हत्या वा युद्ध अपराधजस्ता एकदमै जघन्य अपराधमा मात्र मृत्युदण्ड दिन्छन् । तीमध्ये २३ देशले विगत १० वर्षदेखि मृत्युदण्डको सजाय कार्यान्वयन गरेका छैनन् ।

मानिसको मस्तिष्कमा राखियो चिप

अमेरिकामा पहिलो पटक मानिसको मस्तिष्कमा चिप प्रत्यारोपण गरिएको छ । अर्बपति एलन मस्कको कम्पनी न्युरालिङ्कले यो चिप निर्माण गरेको हो । ताररहित चिप प्रत्यारोपणमा सफलता मिलेको मस्कले बताएका छन् ।

प्रारम्भिक नतिजाले न्युरोन अर्थात् स्नायु कोषिकामा उत्साहप्रद सङ्केत देखाएको छ । चिप प्रत्यारोपण गरिएका बिरामीको अवस्थामा सुधारसमेत आएको छ ।

न्युरालिङ्क कम्पनीले मानव मस्तिष्कलाई कम्प्युटरसँग जोड्ने उद्देश्य राखेको छ । चिप राखेर स्नायु प्रणालीसँग सम्बन्धित जटिल अवस्थालाई निराकरण गर्न खोजिएको छ ।

स्वास्थ्यसम्बन्धी अमेरिकी नियामक निकाय फुड एन्ड ड्रग एड्मिनिस्ट्रेसन (एफडिए) ले गत मेमा मस्कको कम्पनीलाई मानवमा चिप परीक्षण गर्ने अनुमति दिएको थियो ।

शल्यक्रिया गर्दा एउटा रोबटले शल्यक्रियामार्फत ६४ वटा लचिला त्यान्द्रा मानिसको मस्तिष्कमा राख्ने न्युरालिङ्कले जनाएको छ । त्यस्ता त्यान्द्रा मानिसको रौँभन्दा पातला हुन्छन् । ती त्यान्द्रा



एम्नेस्टीले आधिकारिक तथ्य, सञ्चार माध्यममा आएका विवरण तथा पीडितका परिवार वा प्रतिनिधिहरूले दिएको सूचनामा आधारित भएर मृत्युदण्डको विवरण सङ्कलन गर्छ।

धेरै अपराधीलाई मृत्युदण्ड दिने देश चीनलाई मानिएको छ तर चीनले मृत्युदण्ड दिँदाको प्रयोगबारे सूचना दिँदैन। चीनबाहेक अन्यत्र गत वर्ष विश्वमा आठ सय ८३ जनालाई मृत्युदण्ड दिइएको थियो।

एम्नेस्टीका अनुसार सन् २०२२ मा ५२ देशमा दुई हजार १६ जनालाई मृत्युदण्डको सजाय तोकियो। सन् २०२१ मा ५६ देशले दुई हजार ५२ मृत्युदण्ड



हिँडडुल गर्ने आशय नियन्त्रण गर्ने मस्तिष्कको एउटा भागमा राखिन्छ। ती त्यान्ड्राले मस्तिष्कबाट निस्किने सङ्केत एउटा एपमा तारबिनै प्रसारित गर्न र तिनको अभिलेख राख्न सघाउँछन्। त्यो उपकरण ब्याट्रीबाट चल्छ। मस्तिष्कबाट सङ्केत पाउने एपले मानिसले कसरी चल्न वा हिँडडुल गर्न चाहेको छ भन्ने छुट्याउँछ।

न्युरालिङ्कको यो साधनलाई 'टेलिप्याथी' नाम दिइएको छ। यसले फोन वा कम्प्युटरलाई नियन्त्रण गर्न अनि तिनका माध्यमबाट लगभग सबै उपकरणलाई केवल सोचेर मात्रै नियन्त्रण गर्न सक्षम बनाउने छ।

आफ्ना हातखुट्टा प्रयोग गर्न नसक्ने मानिस यसको प्रारम्भिक प्रयोगकर्ता हुने छन्। यसको मद्दतबाट प्रयोगकर्ताले मस्तिष्कबाटै कम्प्युटर तथा स्मार्ट फोनलाई नियन्त्रण गर्न सक्ने छन् अर्थात् कम्प्युटर तथा स्मार्ट फोन चलाउनका लागि हातले छुनुपर्ने छैन।

हाल यसको उद्देश्यचाहिँ वायरलेस ब्रेन कम्प्युटर इन्टरफेसमा काम गर्नु रहेको छ। यसमा सर्जिकल रोबोट तथा सुरक्षित प्रत्यारोपणमा ध्यान दिइएको छ। सन् २०३० सम्ममा २२ हजार मानिसको मस्तिष्कमा चिप जडान गर्ने लक्ष्य कम्पनीको छ। ■

सुनाए। कैयौँ बन्दी वर्षौं वा दशकौँसम्म मृत्युदण्डको पालो कुरेर बस्छन्।

सन् २०२१ मा १८ देशले र सन् २०२२ मा २० देशले मृत्युदण्ड सजाय कार्यान्वयन गरेका थिए। चीनबाहेक धेरै मृत्युदण्ड दिने देशमा इरान, साउदी अरब, इजिप्ट र अमेरिका पर्छन्। उत्तर कोरियाले पनि निरन्तर मृत्युदण्ड दिँदै आएको भनिए पनि स्वतन्त्र रूपले पुष्टि हुँदैन।


साउदी अरबमा सन् २०२२ मा ३० वर्षयताकै सर्वाधिक ५७ जनालाई मृत्युदण्ड दिइयो। कैयौँ वर्षदेखि मृत्युदण्ड कार्यान्वयन नगरेका बहराइन, कोमोरोस, लाओस, नाइजर र दक्षिण कोरियाले सन् २०२२ मा मृत्युदण्ड दिएका थिए।

सन् २०२२ मा विश्वमा लागूऔषध अपराधमा दोषी तीन सय २५ जनालाई मृत्युदण्ड दिइयो। सन् २०२३ मा सिङ्गापुरले २० वर्षयता पहिलो पटक महिलालाई मृत्युदण्ड दिएको थियो।

मृत्युदण्ड हटाएका देश

अहिले विश्वका एक सय १२ देशमा मृत्युदण्ड प्रयोग गरिँदैन। सन् १९९१ मा त्यस्ता देशको सङ्ख्या जम्मा ४८ थियो। सन् २०२२ मा छ वटा देशले मृत्युदण्डलाई आंशिक वा पूर्ण रूपमा हटाए। कजाखस्तान, पपुआ न्युगिनी, सिएरा लिओन र सेन्ट्रल अफ्रिकन रिपब्लिकले मृत्युदण्ड पूरै हटाएका छन्। एक्वटोरिअल गिनी र जाम्बियाले यो सजाय एकदमै गम्भीर अपराधमा मात्र प्रयोग गर्छन्।

सन् २०२३ मा मलेसियाको संसद्ले हत्या र





आतङ्कवादसहित ११ किसिमका जघन्य अपराधमा अनिवार्य मृत्युदण्डको प्रावधान हटाएको छ।

त्यस्तै घानाको संसद्ले मृत्युदण्ड पूरै हटाउने पक्षमा मतदान गरेको छ।

मृत्युदण्ड दिने तरिका

अहिले टाउको काटेर मृत्युदण्ड दिने देश साउदी अरब मात्र हो। अन्य विधिमा फाँसी वा घातक सुई दिइन्छ वा गोली प्रहार गरिन्छ।

साउदी अरबले सन् २०२२ मा ८१ जनालाई मृत्युदण्ड दिएको थियो। परिवारलाई पूर्वजानकारी नदिई साउदी अरबमा बन्दीलाई मृत्युदण्ड दिने गरिएको छ। सन् २०१५ यता साउदी अरबमा मृत्युदण्ड दर दोब्बर भएको छ।

केही वर्षअघिसम्म साउदी अरबमा धेरैजसो सार्वजनिक स्थानमा टाउको काटेर मृत्युदण्ड दिइने गरिन्थ्यो। यसरी मृत्युदण्ड पाएकाहरूको नाम र उनीहरूमाथिको अभियोग सरकारको वेबसाइटमा सार्वजनिक गर्ने गरिन्थ्यो तर अहिले मृत्युदण्ड गुपचुप हुन थालेको मानव अधिकारकर्मी बताउँछन्। कुनै पनि किसिमका स्वतन्त्र नागरिक समाज र मानव अधिकार समूहले त्यहाँ काम गर्न पाउँदैनन्। मृत्युदण्डबारे ध्यानाकर्षण नगराए मानिसहरू गुपचुप मारिन्छन्।

इरानी युवतीको अन्तिम सन्देश

मृत्युदण्ड दिइएकी इरानकी २६ वर्षीया युवती रेहाना जब्बारीले मृत्युपश्चात् सबै अङ्ग दान गर्ने

इच्छा व्यक्त गर्दै आफ्नी आमालाई निकै मर्मस्पर्शी सन्देश पठाएकी थिइन् ।

अन्तर्राष्ट्रियस्तरमा अनेकन प्रयास भए पनि रेहानालाई त्यहाँको सर्वोच्च अदालतले मृत्युदण्डको फैसला सुनाएपछि गत अक्टोबरमा फाँसी दिइयो । 'इन्टेरियर डिजाइन' सम्बन्धी सल्लाह लिन भन्दै भेट गरेपछि जबरजस्ती करणीको प्रयास गर्ने पूर्व गुप्तचर अधिकारी अब्दोआली सरबन्दीलाई प्रतिकारका क्रममा चक्कु प्रहार गरी हत्या गरेको आरोपमा उनलाई इरानको सर्वोच्च अदालतले मृत्युदण्ड दियो । सात वर्षदेखि जेलमा सजाय भोगिरहेकी रेहानालाई गत अक्टोबर २५ मा फाँसी दिइयो ।

मृत्युदण्ड जस्तो सबभन्दा ठूलो दण्ड दिँदा पनि विश्वमा अपराध घटेको पाइन्न । मृत्युदण्ड नदिने मुलुकमा भन्दा मृत्युदण्ड दिने मुलुकमा अपराध झन् बढेको पाइएको छ ।

उनले गत अप्रिलमा यो सन्देश पठाएको भए पनि उनका समर्थकले मृत्युको भोलिपल्ट मात्रै यो सन्देश सार्वजनिक गरे । उनकी आमाले न्यायाधीशसँग पूर्वगुप्तचर अधिकारी सरबन्दीको हत्या आरोपमा छोरीको सट्टा आफूलाई फाँसी दिन माग गरेकी थिइन् ।

मृत्युदण्डजस्तो सबभन्दा ठूलो दण्ड दिँदा पनि विश्वमा अपराध घटेको पाइन्न । मृत्युदण्ड नदिने मुलुकमा भन्दा मृत्युदण्ड दिने मुलुकमा अपराध झन् बढेको पाइएको छ । मृत्युदण्डले अपराधी मरे पनि अपराध मर्दैन । ■

बेचिएका जुम्ल्याहा दिदीबहिनीको मिलन

जन्मिनेबित्तिकै बेचिएका जुम्ल्याहा दिदीबहिनीको १९ वर्षपछि भेट भएको छ ।

यी दिदीबहिनीको नाम एमी खवितिया र एनो सरतानिया हो । सोसल मिडियामार्फत उनीहरूको चिनजानी भएको थियो ।

यी दुई दिदीबहिनी युरोपेली मुलुक जर्जियामा एक अर्कोबाट निकै टाढा बस्दथे । उनीहरूलाई एक अर्काको बारेमा केही पनि थाहा थिएन तर एउटा टिकटक भिडियो र टेलिभिजन ट्यालेन्ट सोका कारणले उनीहरूबीच भेट भयो ।

एमीले जर्जिया गट ट्यालेन्ट नामक टेलिभिजन रियालिटी सो हेरिरहेकी थिइन् । उनको ध्यान आफ्नो जस्तै अनुहार भएकी एक जना प्रतिस्पर्धीमा गयो । उनीहरू त्यतिबेला १२ वर्षका थिए । ११ वर्षको उमेरमा उनीहरूले एउटै नृत्य प्रतियोगितामा भाग लिएका थिए । त्यहाँ मानिसले उनीहरू जुम्ल्याहा जस्तो अनुहार भएको भनेर कुरा गरे तर उनीहरू वास्तवमै जुम्ल्याहा भएको कुरा रहस्यमै रह्यो त्यतिबेला ।



अन्ततः टिकटक नै उनीहरूलाई भेट गराउने माध्यम बन्यो । एनोले टिकटक भिडियो हेर्दा ठ्याक्कै आफूजस्तै देखिने निलो कपाल भएकी केटी देखिन् । त्यसपछि उनीहरूबीच भर्चुअल्ली परिचय तथा कुराकानी भयो । डिजिटल दुनियाँमा एक अर्कालाई देखेपछि अन्ततः सन् २०२१ मा उनीहरूले भेटघाट गरे, राजधानी तिबिल्सीस्थित रुस्ताभेली पुलमा । अनि मात्र उनीहरूको लुकेको अतीतको खुलासा भयो ।

एमी र ऐनोको जन्म सन् २००२ मा भएको थियो । जुम्ल्याहा छोरी जन्माएसँगै आमा कोमामा गइन् । त्यसपछि पिता गोचा गखारियाले जुम्ल्याहा छोरी बिक्री गरे । एमी जुगडिडीमा हुर्किन् भने ऐनो तिबिल्सीमा हुर्किन् । दुवैजनालाई एकअर्काको अस्तित्वबारे पत्तो थिएन ।

सोसल मिडियामार्फत जोडिएका दिदीबहिनीले १९ वर्षपछि आफ्नी आमासँग भेट गर्ने निधो गरे । आफ्नी वास्तविक आमासँग भेट गर्न उनीहरू सफल भए । त्यो भेट निकै नै कारुणिक पीडाले भरिएको थियो । आमाले आफू कोमाबाट निस्किएपछि छोरीहरूको बारेमा सोध्दा उनीहरू मरेको जवाफ दिइएको थियो । ■

महिनाको खेलाडी

प्रीति राई (महिला फुटबल खेलाडी)

नेपाली महिला फुटबल टिमले अन्तर्राष्ट्रियस्तरमा चर्चा पाइरहेको छ । पश्चिमी एसियाली खाडी राष्ट्रहरुले खेल्ने वाफ फुटबल च्याम्पियनसिपमा आमन्त्रित टिमका रुपमा सहभागी भई नेपाली महिला फुटबल टिमले उच्चस्तरको फुटबल खेलेर फाइनलसम्मको यात्रा गरेको छ । प्रतियोगितामा सावित्रा भण्डारी (साम्बा) चार खेलमा नौ गोल गरेर सर्वाधिक स्कोरर बनिन् । प्रतियोगितामा नेपालकी प्रीति राई अझ चर्चामा रहिन् ।

प्रीतिले लेबनानविरुद्ध इन्जुरी समयमा डिबक्स बाहिरबाट सशक्त प्रहारमा गोल गरी नेपाललाई फाइनलमा पुऱ्याइन् तर सो गोलले मात्र होइन सो प्रतियोगितामा जसरी नेपालको मिडफिल्डको नेतृत्व प्रीतिले गरिन् त्यसबाट उनीमा ठूलो क्षमता रहेको स्पष्ट हुन्छ ।

प्रतियोगिताबाट नेपालले विश्व महिला फुटबलमा आफ्नो छवि उच्च पारेको छ भने प्रीति पनि नजरमा आइन् । विश्वमा धेरै सफल खेलाडी छन् तर सानै उमेरमा सफलता पाउने, सबैले चिन्ने नाम बन्ने खेलाडी कमै होला । प्रीति त्यस्तै भाग्यमानी खेलाडी हुन् । प्रीति नेपालको राष्ट्रिय महिला फुटबल टिमकी कान्छी खेलाडी हुन्, उनी १८ वर्षकी भइन् ।

प्रीतिले फेसबुक चलाउँदिनन् तर उनको फेसबुक पेज छ । वाफ च्याम्पियनसिपपछि सो पेजमा उनको फलोअर्स ह्वात्तै बढेर ६१ हजार पुगेको छ । प्रीति डेढ वर्षअघि नेपालमा भएको साफ महिला फुटबल च्याम्पियनसिपबाट दृश्यमा आएकी हुन् । सो प्रतियोगितामा दक्षिण एसियामा बलियो टिम भारतविरुद्धको खेलमा प्रीति सर्वश्रेष्ठ खेलाडी नै घोषित भएकी थिइन् । उनले गजबको कला देखाएर मिलाइदिएको पासमा रश्मि घिसिङले गरेको गोलबाट नेपाल पहिलो पटक भारतलाई हराउन सफल भएको थियो ।

२०७८ साल भदौमा बङ्गलादेशविरुद्धको मैत्री शृङ्खलामा सहभागी भएर प्रीतिले पहिलो पटक नेपालका लागि खेलेकी थिइन् । दशरथ रङ्गशालामा बङ्गलादेशविरुद्ध मैत्री खेलमा प्रीतिकै गोलबाट नेपाल २-१ ले विजयी भएको थियो । सो खेलमा पनि प्रीति सर्वश्रेष्ठ खेलाडी पनि भइन् ।

प्रीति फुच्ची र दुब्ली छिन् तर उनमा बल छलाउने अद्भुत क्षमता छ । एक, दुई विपक्षी खेलाडीलाई त प्रीतिले सजिलै छलाउँछिन् । प्रीतिको दुवै खुट्टा मज्जाले चल्छ । फुटबलमा दुवै खुट्टा चल्ने फुटबलर विपक्षीका लागि निकै खतरा हुन्छ । बललाई लिएर तेज गतिमा विपक्षीको डिबक्समा पुऱ्याउनमा पनि त्यत्ति नै सक्षम छिन्, गोल गर्न पनि सिपालु छिन् ।

प्रीतिको पुर्ख्यौली घर सोलुखुम्बु हो तर अहिले कपनमा बस्छिन् । उनलाई फुटबल खेल्न बुवा चन्द्रप्रसाद राई र ज्ञानमाया राईले सहयोग गरे । उनले नेपाल युथ प्रोग्राम अन्तर्गत फुटबल सिकेकी हुन् । प्रीतिले केटासँग फुटबल खेल्थिन् । उनले केटाको प्रतिस्पर्धामा एक्ली केटी भए पनि धेरै फुटसल प्रतियोगिता पनि खेलिन् ।

उमेर समूहको कोकाकोला यु-१५ मा प्रीतिले खेलिन् । त्यहाँ उनको खेल देखेर राष्ट्रिय यु-१५ मा चयन हुन समय लागेन । त्यसपछि उनले फर्केर हेर्नु परेको छैन । यु-१५ यु-१६ मात्र होइन कम उमेरमै यु-१८ उमेर समूहको साफ च्याम्पियनसिपमा नेपालको कप्तान पनि उनी बनेकी छन् । त्यसपछि १७ वर्षमै सिनियर टिमको महत्त्वपूर्ण सदस्य बनिन् । उनी घरेलु फुटबल नेपालको च्याम्पियन क्लब एपीएफबाट खेल्ने गर्छिन् ।

प्रीतिले सानै उमेरमा फुटबल खेल्ने क्रममा बङ्गलादेश, भुटान, बहराइन, चीन, उज्बेकिस्तान, म्यान्मार, साउदी अरबको भ्रमण गरिसकेकी छन् । उनको सपना छ नेपाललाई दक्षिण एसियाको च्याम्पियन बनाउने र विश्वकप खेल्ने । ▪

-प्रजित शाक्य


14

उकालो लाग्दै महिला फुटबल





■ सोमराज पोखरेल

नेपाली महिला फुटबल टिमले सन् १९८६ देखि अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न थालेको भए पनि अहिलेसम्म कुनै पनि उपाधि हासिल गर्न सकेको छैन। नेपालले सबैभन्दा बढी खेलेको साफ च्याम्पियनसिप हो, जसमा पाँच पटक उपविजेता भएको छ। त्यस्तै दक्षिण एसियाली खेलकुदमा तीन पटक उपविजेता बन्न सफल भएको छ। उपाधि जितको बाटोमा नेपालको तगारो प्रायः भारत हुने गरेको छ।

विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अनुसार महिला फुटबलमा नेपालको फिफा वरीयता अहिले १०५ छ। दक्षिण एसियामा भारत मात्र नेपालभन्दा अगाडि छ। भारतको वरीयता ६५ रहेको छ।

फागुनमा पश्चिम एसियाली फुटबल फेडेरेसन (वाफ) च्याम्पियनसिपमा आमन्त्रित टिमका रूपमा खेलेको नेपालले भने अहिलेसम्मकै सशक्त प्रदर्शन गरेको छ। नेपालले दमदार प्रदर्शन गर्दै उपविजेता पनि भयो। साउदी अरबको जेद्दामा भएको प्रतियोगितामा नेपाल जोर्डनद्वारा फाइनल खेलमा पेनाल्टी सुटआउटमा पराजित भएको थियो।

जोर्डनका सबै पाँच खेलाडीले पेनाल्टीमा गोल गरेका थिए। नेपालका तर्फबाट गीता राना, दीपा शाही र हीरा भुजेलले गोल गरे। चौथो पेनाल्टीमा अमृता जैसी चुकेकी थिइन्।

निर्धारित ९० मिनेटको खेलमा नेपाल र जोर्डन २–२ गोलको बराबरीमा रोकिएपछि खेलको निर्णय पेनाल्टीबाट गरिएको थियो। नेपालले खेलको इन्जुरी समयमा पाएको पेनाल्टीलाई गोलमा परिणत गर्दै खेल बराबरी गरेको थियो।

नेपालका लागि सविता रानामगरले पहिलो गोल गरेकी थिइन् भने गीता रानाले पेनाल्टी गोल गरिन्।

फाइनलमा नेपालका मिडफिल्डर प्रीति राई घाइते हुनाले पनि नेपालले दबाब महसुस गर्‍यो। यसैगरी नेपालका लागि सर्वाधिक गोल गरेकी सावित्रा भण्डारी 'साम्बा' ले फाइनलमा खेल्न पाइनन्। सावित्रा फ्रान्सेली





क्लब इभी गुइनगाम्पसँगको सम्झौताका कारण फाइनल खेलमा उपलब्ध नभएकी हुन् । उनले प्रतियोगितामा नौ गोल गरेकी थिइन् ।

नेपालले सेमिफाइनलमा लेबनानलाई २-१ गोल अन्तरले पराजित गरेको थियो। समूह चरणमा नेपालले पहिलो खेलमा सिरियालाई ४-१ गोल अन्तरले, दोस्रो खेलमा इराकलाई ५-० गोल अन्तरले र तेस्रो खेलमा प्यालेस्टाइनलाई ४-० गोल अन्तरले हरायो ।

खेलाडीलाई सेवासुविधा दिनुपर्छ – रमा सिंह

नेपाली महिला फुटबल टिमको पहिलो कप्तान एवं सञ्चारकर्मी रमा सिंहले नेपालको प्रदर्शनलाई सबैभन्दा अब्बल दर्जाका रूपमा परिभाषित गरेकी छन् । उनले साम्बा नखेल्दा र प्रीति घाइते भएर बाहिरिँदा समेत नेपाल अन्तिममा मात्रै गएर पराजित हुनु भनेको नेपालको जित नै भएको प्रतिक्रिया दिइन् ।

सिंहले नेपाली खेलाडीले केही सेवासुविधा र निरन्तरको प्रशिक्षण नहुँदा पनि यत्तिको नतिजा ल्याउनु चमत्कारै गरेको मान्नुपर्ने बताइन् । उनले यो खेलाडीको लगनले मात्र सम्भव भएको प्रतिक्रिया दिइन् ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले सन् २०२७ र २०३१ को विश्वकप छनोट खेल्ने तयारीमा वाफ च्याम्पियनसिपमा सहभागिता जनाएको बताएको छ ।

नेपाली खेलाडीलाई विस्तारै भारतसहित दक्षिण एसियाका क्वलसँगै युरोपेली क्लबले लिन थालेका छन् । प्रश्न यहीँनेरै छ उनीहरूले नेपाली खेलाडीलाई लैजान सक्छन् भने हामीले यहीँ थप सेवासुविधा दिएर उनीहरूलाई प्रशिक्षण गराउने हो भने त उनीहरूको भविष्य पनि राम्रो हुन सक्ने र नेपाली टिमको प्रदर्शन पनि सशक्त हुने थियो ।

३८ वर्षदेखि नेपालको भौतिक पूर्वाधारमा कुनै फरक नपरेको सिंहको स्मरण र नेपालको हालकी मिडफिल्डर प्रीति राईले भनेको भनाइसँग मेल खान्छ । प्रीतिले प्रतियोगिताको पहिलो खेलको पूर्वार्द्धमा खेल्नै नसकेको सुनाएकी थिइन् । उच्चस्तरीय मैदान लचिलो हुन्छ । रफ मैदानमा खेलेका खेलाडीलाई त्यस्तो मैदानमा खेल्न कठिन हुन्छ । ■

घातक हुन्छ प्यान्क्रियाजको क्यान्सर



मानव शरीरमा हुने प्यान्क्रियाजलाई भूमिकाको हिसाबले पाचन प्रणाली एवं 'इन्डोक्राइन' प्रणाली अन्तर्गत राखिएको छ। अर्थात् यो अङ्गको दोहोरो भूमिका छ। आमाशयको ठिक्क पछाडि रहने ग्रन्थियुक्त प्यान्क्रियाजलाई टाउको, जिउ र पुच्छरमा विभाजित गरिएको हुन्छ।

यस अङ्गमा रहेको 'आइलेट अफ ल्यान्गरहेन्स' ले इन्सुलिन, ग्लुकागोन, सोमाटोस्टाटिन र प्यान्क्रियाटिक पोलिपेप्टाइडलगायतका हर्मोन उत्पादन गर्छ भने 'एसिनर' कोषले पाचन रस उत्पादन गर्ने गर्दछ।

इन्सुलिन हर्मोनले रगतमा सुगरको मात्रा नियन्त्रण गर्दछ भने ग्लुकागोनले इन्सुलिनको उत्पादनलाई नियन्त्रणमा राख्छ। सोमाटोस्टाटिनले आवश्यकता अनुसार इन्सुलिन र ग्लुकागोनको उत्पादन रोक्न सक्छ। त्यसैगरी सोमाटोस्टाटिनले पाचन रस उत्पादन, कलेजोबाट पित्त उत्पादन तथा पित्त थैली खुम्चिन वा रित्तिन पनि रोक्न सक्छ। प्यान्क्रियाटिक पोलिपेप्टाइडले भने खाना खाएलगत्तै आमाशयबाट खाना रित्तिन रोकेर तथा पित्त उत्पादनमा सघाउ पुर्‍याएर पाचन कार्यमा सघाउँछ।

प्यान्क्रियाजका यिनै कोष अनियन्त्रित रूपमा वृद्धि भएर प्यान्क्रियाजमा क्यान्सर विकसित हुने हो। अधिकतर प्यान्क्रियाजको क्यान्सर पाचनरस उत्पादन गर्ने तथा पाचनरस बहने नलीबाट विकसित हुन्छ। धेरैजसो (६० देखि ७० प्रतिशत) प्यान्क्रियाजको क्यान्सर प्यान्क्रियाजको टाउकोपट्टिको भागमा विकसित हुन्छ।





प्राडा सुमनराज ताम्राकार

क्यान्सरको लक्षण

ट्युमरका कारण पित्त बहने क्रियामा अवरोध भएर जन्डिस देखापर्ने, बिनाकारण वा खाना नरुचेर तथा पाचनमा गडबडी भएर शारीरिक तौल घट्ने, दिसा सेतो हुन थाल्ने, पिसाबको रङ गाढा हुन थाल्ने, वाकवाकी लाग्ने हुन्छ ।

यसमा पेटको माथिल्लो भाग एवं पछाडिपट्टि माथिल्लो ढाडमा दुख्छ । पेटको यस्तो दुखाइ पृथक् खालको हुन्छ, जुन राति झन् बढी दुख्ने र अगाडि ढल्केर बस्दा अलि आराम महसुस हुने गर्छ । अपच हुने भएकाले चिल्लो अर्थात् चिप्लो दिसा, अधिक गनाउने हुन्छ । कब्जियत पनि हुन सक्छ । अवसाद (डिप्रेसन), थकान हुने, मुख सुक्खा





हुने, अनिँदो हुने, माथिल्लो पेटमा डल्लो देखिने हुन सक्छ । कलेजोभित्रका शिरा (रक्तनली) मा रगत आफैँ जम्न सक्छ ।

अन्य क्यान्सरभन्दा पृथक् यी क्यान्सरजन्य कोषले शरीरका अन्य भागमा छिट्टै छेड्ने क्षमता राख्छन् । त्यसो भएर क्यान्सर फैलिएर प्रभावित अङ्ग अनुसारको थप लक्षण देखा पर्न सक्छ । क्यान्सर फैलिने क्रममा सुरुमा नजिकैको लिम्फनोड (गिर्खा), त्यसपछि

मानिसलाई यो क्यान्सर लाग्ने सम्भावना हुन्छ भने आधाभन्दा बढी ७० वर्षमाथि उमेर समूहका हुन्छन् । धूमपान गर्ने (करिब २५ प्रतिशत), अत्यधिक मद्यपान गर्नेमा जोखिम बढी छ । रक्सी सेवनसँगै धूमपान गर्ने बानी छ र रक्सी पिउँदा सितनका रूपमा प्रशोधित मासु, रातो मासु, फ्राई वा ग्रिल वा पोलेको मासु पनि खाइने भएकाले पुरुष मानिसमा जोखिम अलि बढी देखिन्छ ।

परिवारमा कसैलाई प्यान्क्रियाजको क्यान्सर भइसकेको भए ७० वर्षको उमेरसम्ममा यो क्यान्सर लाग्ने ३० देखि ४० प्रतिशत सम्भावना रहन्छ ।



मोटोपना भएका, मधुमेह भएका, केही विरल वंशाणुगत समस्या भएका (५ देखि १० प्रतिशत) मा यो क्यान्सर लाग्ने जोखिम हुन्छ। शरीरको तौल (बिएमआई ३५ भन्दा बढी भएका) मा दोब्बर जोखिम हुन्छ। परिवारमा कसैलाई प्यान्क्रियाजको क्यान्सर भइसकेको भए ७० वर्षको उमेरसम्ममा यो क्यान्सर लाग्ने ३० देखि ४० प्रतिशत सम्भावना रहन्छ।

'प्यान्क्रियाटिक एडेनोकार्सिनो' मा भएका ५० प्रतिशत मानिसमा मधुमेह देखा परेको छ। त्यसैले मधुमेह प्यान्क्रियाजको क्यान्सरको जोखिम तत्त्व (कारण) वा नतिजा दुवै हुन सक्छ। प्यान्क्रियाजको जीर्ण प्रकारको सुजन पनि जोखिम नै हो।

यो निकै घातक क्यान्सरमा पर्दछ र धेरैजसो विकसित मुलुकमा देखिने गरेको छ। सन् २०१५ मा करिब सवा लाख मानिसको मृत्यु यसबाट भएको थियो। क्यान्सरका कारण मृत्यु हुनेमा यो अमेरिकामा तेस्रो मुख्य कारण र बेलायतमा पाँचौं मुख्य कारणमा पर्दछ।

यो क्यान्सर लागेपछि बाँच्ने सम्भावना निकै कम हुन्छ। 'एडेनोकार्सिनोमा' को त झन् नराम्रो छ। रोग लागेपछि एक वर्ष बाँच्ने सम्भावना २५ प्रतिशत र पाँच वर्ष बाँच्ने सम्भावना केवल १२ प्रतिशत मात्र छ। यो क्यान्सर बेलैमा पत्ता लगाउने हिसाबले गरिने 'स्क्रिनिङ' को पनि कुनै फाइदा छैन।

निदान

'मेडिकल इमेजिङ' (अल्ट्रासाउन्ड, सिटी स्क्यान, एमआरआई, पेट स्क्यान, एमआरसिपी) एवं खाद्यनलीभित्रैबाट गरिने (इन्डोस्कोपिक) अल्ट्रासाउन्डबाट यो क्यान्सरको अनुमान लगाउन सकिन्छ भने रगतमा कलेजोको काम गराई जाँच तथा 'ट्युमर मार्कर' (सिए १९-९) बाट अझ बढी प्रस्ट हुन्छ। शङ्कास्पद ठाउँबाट लिइएको मासुको बायोप्सीबाट यो क्यान्सरको निदान गरिन्छ।

विभिन्न थरीका 'प्यान्क्रियाटिक क्यान्सर' पत्ता लागेको छ। त्यसमध्ये अधिकतर 'एडेनोकार्सिनो' मा (९० प्रतिशत) छ। जुन खाना पचाउने पाचन रस उत्पादन गर्ने प्यान्क्रियाजको भागबाट विकसित हुन्छ। अन्य प्रकारमा 'एसिनर सेल क्यान्सर', 'सिस्टएडेनो क्यान्सर प्यान्क्रियाटिकोब्लास्टोमा' र 'प्यान्क्रियाटिक म्युसिनस सिस्टिक निओप्लाज्म' छन्। यसबाहेक

अमेरिकन क्यान्सर सोसाइटीका अनुसार सन्तुलित वजन, फलफूल र सागपात अधिक उपभोग, पूर्ण अन्न अधिक खाने गरेमा फाइदा गर्ने पाइए पनि प्रशोधित रातो मासु कम खाएमा प्याන्क्रियाजको क्यान्सरको रोकथाम वा कम हुन्छ भन्ने कुनै बलियो प्रमाण भेटिएन ।

अन्य समूहलाई 'नन-एडेनोकार्सिनोमा' भनिन्छ। यसमा 'न्युरोइन्डोक्राइन ट्युमर' पर्छन् जुन विशेषतः हर्मोन उत्पादन गर्ने प्यान्क्रियाजको भागबाट विकसित हुन्छ। यो 'एडेनोकार्सिनो' मा जत्तिको आक्रामक एवं घातक हुँदैन।

उपचार

यस क्यान्सरको उपचारका लागि शल्यक्रिया, रेडियोथेरापी, केमोथेरापी र 'प्यालियाटिभ केयर' छन् तर यो क्यान्सर लागेपछि पाँच वर्ष बाँच्ने सम्भावना केवल १३ प्रतिशत मात्र छ। त्यसो भएर रोग निको पार्ने उद्देश्यले उपचार लिइरहेका (शल्यक्रिया नै गराएका) बिरामीले पनि सुरुदेखि प्यालियाटिभ केयर लिनु राम्रो हुन्छ।

शल्यक्रियाले मात्र 'एडेनोकार्सिनोमा' को उपचार वा प्रभावित व्यक्तिको जीवनस्तर उकास्न सक्छ। प्यान्क्रियाजको क्यान्सर निको नै पार्ने उद्देश्यले 'ह्विपल्स' भनिने शल्यक्रिया गरिए पनि २० प्रतिशत अवस्थामा मात्र यो सम्भव छ। यस शल्यक्रियामा प्यान्क्रियाजको टाउको, सानो आन्द्रा (ड्युडेनम) को महत्त्वपूर्ण अंश निकालेर आमाशयलाई सिधै ठूलो आन्द्राको बीचको भाग (जेजुनम) मा जोडिन्छ।

शल्यक्रियाअघि 'निओएड्जुभेन्ट'का रूपमा वा शल्यक्रियापछि 'एड्जुभेन्टथेरापी' का रूपमा केमोथेरापी दिने गरिन्छ। रेडियोथेरापीले ट्युमरको आकार घटाउन मद्दत गर्दछ। त्यसो भएर अपरेसन अगाडि रेडियोथेरापी दिने गरे पनि शल्यक्रिया गर्न नमिल्ने अवस्थामा यसको भूमिका विवादास्पद मानिन्छ।

प्यान्क्रियाजको क्यान्सरलाई विभिन्न चार चरणमा सुरुवाती (पहिलो चरण) देखि पछिल्लो




(चौथो चरण) मा बाँडिएको हुन्छ। क्यान्सरको चरण अनुसार रेडियोथेरापी वा केमोथेरापीमध्ये कुनै एउटा वा यी सबैको मिश्रणयुक्त उपचारको छनोट गरिन्छ। 'प्यालियाटिभ केयर' भनेर दुखाइ कम गर्ने, लाक्षणिक आराम दिने, जीवनस्तर उकास्ने, पाचन सुधार्ने खालका औषधि दिइन्छ।

रोकथाम

धूमपान नगर्ने, शारीरिक तौल नियन्त्रणमा राख्नु पर्दछ। रातो एवं प्रशोधित मासु कम खाने गर्नु पर्दछ तर सन् २०१३ मा इन्टरनेसनल जर्नल अफ क्यान्सरले यो कुरा प्रमाणित गरिएको देखिएन। धूमपान गर्न छोडे २० वर्षपछि चुरोट नपिउने जत्तिकै हुन्छ। अमेरिकन क्यान्सर सोसाइटीका अनुसार सन्तुलित वजन, फलफूल र सागपात अधिक उपभोग, पूर्ण अन्न अधिक खाने गरेमा फाइदा गर्ने पाइए पनि प्रशोधित रातो मासु कम खाएमा प्यान्क्रियाजको क्यान्सरको रोकथाम वा कम हुन्छ भन्ने कुनै बलियो प्रमाण भेटिएन।

सन् २०१४ को अनुसन्धान विश्लेषण अनुसार सिट्रसयुक्त फलफूल अर्थात् भिटामिन सी हुने अमिला फलफूल, बेसार (यसमा पाइने कर्क्युमिन तत्त्व) ले प्यान्क्रियाजको क्यान्सरको जोखिम कम हुने पाइएको छ। त्यसैगरी पूर्ण अन्न, फोलेट, सेलेनियमयुक्त खाना र फ्राई नगरेको माछाले फाइदै पुऱ्याउँछ। ■

कुन अङ्गलाई के मन पर्छ



- **मुटु**
  टमाटर र आलु ।



- **दिमाग**
  साल्मन, साडिएन र टुना माछा तथा ओखर ।



- **आन्द्रा**
  सुकाएको बयर, आलुबखडा र दही ।



- **मांसपेशी**
  केरा, माछा, रातो मासु र अण्डा ।




- **हड्डी**
  सुन्तला, सेलरी र दूध ।



- **फोक्सो**
  ब्रोकाउली र बन्दागोभी ।



- **कपाल**
  सिमी र गेडागुडी, साल्मन तथा हरिया सागपात ।



- **आँखा**
  अण्डा, मकै र गाँजर ।

भाषा ज्ञान

कोलडी : कोरली, नबियाएको गाई

करजोरी : बिन्ती, नमस्कार

खाँडो जाग्नु : युद्धमा विजय हुँदै जानु

खापडो : खाने मुख, मुखाकृति

अदग्ध : आगोले नडढाएको

गइन्लो : छुचुन्द्रो

पलगन्डी : चार दाम

गुन्देला : सानो झ्याल

मुडगन्ती : हरेक व्यक्तिको गणना

अगेन्द्र : पर्वतराज, सुमेरु पर्वत

गुरुहन्ता : भयानक ज्यानमारा

प्रमुग्धता : बेहोसी, मुग्ध हुँदाको अवस्था

अगूढ गन्ध : गन्ध गुप्त नहुने वस्तु, हिङ

अग्न्युत्पात : आगलागी, आगोको वर्षा

भग्नचित्त : मन दुखाएको, चित्त भग्न भएको

भग्नाशा : आशा भङ्ग भएको

गेल्नु : काठ आदिलाई टुक्र्याउनु

दगच्नु : बल गरेर तान्नु

उपाकर्म : शुभकार्यको प्रारम्भ

अल्पाक्षरी : थोरै अक्षर भएको

पार्थक्य : विछोड, वियोग, बेमेल

Applicable	काम लाग्न योग्य, अनुकूल
Quench	शान्त गर्नु, दबाउनु
Immaterial	अनावश्यक, तुच्छ
Garnish	सजावट, आभूषण
Tame	अधीन, मामुली
Quad	चोक, कैदखाना, आँगन
Kindle	जलाउनु, उत्तेजित गर्नु
Majestic	प्रभावशाली, भव्य, राजसी
Unanimous	एकमत, सर्वसम्मत
Scream	चिच्याउनु, चित्कार
Nadir	पाताल, अधोगति, अवनति
Factoid	दोहोऱ्याउनु, लघु समाचार
Bookish	पढन्ते, अव्यावहारिक
Calibre	क्षमता, बुद्धि
Venture	साहस, जोखिम, उद्यम
Weep	रुनु, विलाप गर्नु
Severe	गम्भीर, कठिन
Quiver	कम्पन, व्याकुल हुनु
Own	आफ्नो, स्वयं
Obtain	प्राप्त गर्नु, लागू हुनु ।

Don't Say	Say
✗ Very Calm	✓ Serene
✗ Very Cold	✓ Freezing
✗ Very Colourful	✓ Vibrant
✗ Very Big	✓ Immense
✗ Very Big	✓ Thrilled



Words to Use Instead of VERY

✗	✓
very lazy	indolent
very fat	obese
very afraid	terrified
very crowded	bustling
very simple	basic
very tall	towering
very lively	animated
very eager	keen
very detailed	meticulous
very angry	furious
very beautiful	exquisite
very fast	quick
very risky	perilous
very short	brief

ब्रेन गेम

यस चित्रमा वृद्ध मानिसको श्रीमती खोज्नुहोस् ।



प्रश्न

सात चोरले मिलेर हीरा चोरे । उनीहरु चोरेको हीरा लिएर जङ्गल भागे र रात त्यहीँ बिताउन थाले । तीमध्येका दुई चोरले सोचे अन्य सबै सुतेका छन् किन नाइँ चोरेको हीरा आपसमा बराबर बाँढेर त्यहाँबाट भाग्ने तर बराबर बाँढ्न खोज्दा एक हीरा बढी भयो । त्यसपछि उनीहरुले तेस्रो चोरलाई जगाएर तीन जनामा हीरा बराबर बाँढ्न खोजे । यसो गर्दा पनि एक हीरा बढी भयो । आपसमा हीरा बराबर बाँढ्ने कोसिसमा एकपछि तेस्रो, चौथो गर्दै सातौँ चोरलाई पनि जगाइयो । जब सातौँ चोरलाई समेत भाग लगाएर हीरा बाँढियो अनि मात्र हीरा बाँकी रहेन । अब भन्नुहोस्, उनीहरुले कति हीरा चोरेका थिए ?

श्यामका कुल छ भाइ बिहिनी छन् । सबै जनाको जन्म दुई-दुई वर्षको अन्तरालमा भएको छ । सबैभन्दा सानी गीता हुन् । उनको उमेर सात वर्ष छ । श्याम सबैभन्दा जेठा हुन्, उनको उमेर कति हो ?

बुवा र छोराको उमेरको योग ६६ छ । बुवाको उमेरको सङ्ख्याको अङ्क पल्टायो भने छोराको उमेर आउँछ । यस अवस्थामा दुवैजनाको उमेर कति होला ?

उत्तर यसै अङ्कमा





चित्रमा दुईवटा बिरालो पत्ता लगाउनुहोस् ।



यस चित्रमा
पहरेदार कहाँ छ ?
पत्ता लगाउनुहोस् ।

अङ्कजाल प्रतियोगिता, चैत-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ ।
२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ ।
३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन् । ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ ।
४. समाधान २०८१ वैशाख १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ ।
५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ । केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन ।
६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ । दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ ।
७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४		९	६		१	३		८
		१				४		
३		६	८		९	७		२
	३			५			७	
८								६
	१		७		६		९	
			५	६	४			
			१		२			
		८				२		

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान माघ अङ्कको उत्तर

समूह क : १. तामाङ र नेपाल भाषा २. लियोनेल मेसी ३. थारू

समूह ख : १. पोखरा २. जलविद्युत् ३. कौसीतोषाखाना कार्यालय

समूह ग : १. त्रिभुवन राजपथ २. क्यारोल सेवेल ३. टङ्कप्रसाद आचार्य

समूह घ : १. जेन दिमिका गारेट (नेपाल) २. ट्रान्स नेपाल फ्रेट सर्भिस जेभी ३. जेभियर मिलेई

समूह ङ : १. नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) २. अमेरिका ३. हरित जलवायु कोष (GCF)

समूह च : १. डा. नवराज केसी २. ग्लोबल आइएमई बैङ्क लि. ३. अर्थ मन्त्रालय

समूह छ : १. हाका २. पार्कर सोलार प्रोब ३. सुनसरी

परिणामहरू

अङ्कजाल माघ अङ्कको उत्तर

७	४	६	८	१	३	९	५	२
१	९	५	७	६	२	८	४	३
८	२	३	४	९	५	७	६	१
९	५	२	१	७	८	४	३	६
४	७	१	५	३	६	२	८	९
३	६	८	९	२	४	५	१	७
५	१	७	३	४	९	६	२	८
२	३	४	६	८	७	१	९	५
६	८	९	२	५	१	३	७	४

गोलाप्रथाद्वारा विजयी

अञ्जना श्रेष्ठ, धरान-१३

पञ्चनारायण महर्जन, कीर्तिपुर

सही जवाफ पठाउने सहभागी :

आलोककुमार तिवारी वीरगन्ज-२६ बिर्ता, रत्न शाक्य, पुल्चोक, बुद्धिबहादुर दुरा मध्य नेपाल लमजुङ, शिला श्रेष्ठ कुलेश्वर काठमाडौँ, असीम श्रेष्ठ चिसापानी रामेछाप, कमला बस्नेत, पथरीशनिश्चरे, धनबहादुर पौड्याल, विराटनगर, सीता महर्जन, खुसिबुँ नयाँबजार, दिनेशराज पौडेल, नुवाकोट, अनर्धन घिमिरे, रामेछाप, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, सनिसा महर्जन, पाटन, कविता उप्रेती, माकलबारी काठमाडौँ, चन्द्रबहादुर मुखिया, हरि महर्जन, शुभगणपति बचत तथा ऋण सहकारी संस्था लि., शेषकान्त खनाल इमाडोल ललितपुर, रक्षा चौधरी भैँसेपाटी ललितपुर, रामाकान्त चौधरी, खडक नपा-१ सप्तरी, रोजन चालिसे, लालबन्दी सर्लाही, वीरेन्द्रप्रसाद भट्टराई, धनगढी-७ कैलाली, गौरीशङ्कर रेग्मी, काठमाडौँ, खेमराज घिमिरे कामनपा-९, दिवस भट्टराई, काठमाडौँ, नारायण लघु, भक्तपुर, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ, रघुवर श्रेष्ठ, कोटेश्वर, अनिता गैरे, गैँडाकोट, सरोज तामाङ, पाख्रीबास धनकुटा, प्रकाश भण्डारी 'विवेक' गैँडाकोट, उमेशकुमार मास्के, विराटनगर, निर्मला श्रेष्ठ, विराटनगर ।

माघ अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

जगदीश्वर कोइराला, नमोबुद्ध-५ काभ्रे

अशोक शर्मा, भक्तपुर

सही उत्तर मिलाउने अन्य सहभागी

उमेश थापा, प्राइम बैङ्क कमलपोखरी, पार्वती श्रेष्ठ, चिसापनी रामेछाप, शिला श्रेष्ठ कुलेश्वर काठमाडौँ, बुद्धिबहादुर दुरा मध्य नेपाल लमजुङ, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, गौरीशङ्कर रेग्मी, काठमाडौँ, वीरेन्द्रप्रसाद भट्टराई, धनगढी-७, रक्षा चौधरी भैँसेपाटी ललितपुर, रामाकान्त चौधरी, खडक नपा-१ सप्तरी, रत्न शाक्य, पुल्चोक, खेमराज घिमिरे कामनपा-९, वटुकृष्ण कसपाल, पुतलीसडक काठमाडौँ, निर्मला श्रेष्ठ, विराटनगर, उमेशकुमार मास्के, विराटनगर, खिना सारूमगर, धनकुटा, उपासना थापा सेन्ट जेभियर्स स्कुल ललितपुर, कल्पना रावल, बर्दिया, कृष्णचन्द्र गौतम, सुखीपुर सिराहा, प्रविना वज्राचार्य, काठमाडौँ, रोजन चालिसे, लालबन्दी सर्लाही, राजी प्रजापती, भक्तपुर, आयुष्मा प्रजापती, भक्तपुर, प्रतिष्ठा लामिछाने, भक्तपुर, सम्राट कोइराला, भक्तपुर, अनुप श्रेष्ठ, भक्तपुर, भक्तपुर, नारायण लघु, भक्तपुर, सहना श्रेष्ठ, न्युरोड, उज्ज्वलविलास वज्राचार्य, नयाँबजार, अञ्जना श्रेष्ठ, धरान-१३, रविकुमार सापकोटा, काठमाडौँ, हरि महर्जन, शुभ गणपति साकोस, दिवस भट्टराई, काठमाडौँ, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ ।

सामान्य ज्ञान प्रतियोगिता माघको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	प्रदीप विश्वकर्मा	गोरखा	१००
विजेता	कसम घिमिरे	भरतपुर, चितवन	१००
विजेता	रक्षा चौधरी	भैँसेपाटी, ललितपुर	१००
४	उमेश थापा	प्राइम बैङ्क, कमलपोखरी	१००
५	बुद्धिबहादुर दुरा	मध्य नेपाल, लमजुङ	१००
६	गणेश रावल	टीकापुर, कैलाली	१००
७	रोजन चालिसे	लालबन्दी, सर्लाही	१००
८	पवनकुमार श्रेष्ठ	नील वाराही मावि	१००
९	उपासना थापा	सेन्ट जेभियर स्कुल, ललितपुर	१००
१०	मनोज थापा	कैलाली	१००

◆ निर्मल

युवामञ्च कोठेपद प्रतियोगिता, चैत-२०८०

१		२		३		४		५
		६				७		
८	९			१०				
			११			१२		
१३		१४			१५			
१६				१७			१८	
		१९				२०		२१
२२				२३				
		२४				२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८१ वैशाख १५ भित्र आइपुग्नुपर्नेछ ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन ।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ । दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

१. पहिलो
२. पेलाइ, दबाउने काम
३. भाषाका नियमको वर्णन तथा व्याख्या गरिएको पुस्तक
४. आफ्नो इच्छा अनुसार वा अरूको सिफारिसमा कसैलाई नियुक्त गर्ने काम
५. वनजङ्गल सखाप पार्ने काम
९. साहुबाट सापटी लिएको धन, मूलधन
११. हिँडाइ, चाल, गमन
१३. नामन्जुरी, सहमत नहुँदाको स्थिति
१४. तिथिमा आधारित पात्रो अनुसार प्रत्येक तीन वर्षमा पर्ने अतिरिक्त महिना/मलमास
१५. राति आकाशमा देखिने उज्यालो पिण्ड/नक्षत्र
१७. एक देश
१८. पुराण अनुसार भगवान् विष्णुको एक नाम
२०. यज्ञमा चरु आदि होम गर्ने काम
२१. व्यक्तिमा रहेको क्षमता, सामर्थ्य

तेर्सो

१. पुराण अनुसार हिरण्यकश्यपुका पुत्र
३. कसरत
६. टाउको, माथा, उच्च भाग, शिखर
७. नाफाको विपरीतार्थक शब्द
८. लास जलाउने वा गाड्ने ठाउँ
१०. रङ्गीबिरङ्गी
११. समूह, जमात/बटालियन
१२. सूर्यकी पुत्री वा यमराजकी बहिनीको नाम
१४. ज्यादा, बढ्ता
१५. कपडा बुन्ने यन्त्र/सङ्गीतको सुर
१६. योग साधनाको अन्तिम तह/मृतको शवलाई गाडेको ठाउँ
१७. भाडाको घर वा कोठा
१९. थरथराहट, काँप्ने काम
२०. एकथरी रङ
२२. '......एकथोक, मुखमा अर्को थोक' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
२३. मानिस
२४. सजग, सावधान, होसियार
२५. नम्र व्यक्तिमा हुने गुण

कोठेपद प्रतियोगिता, माघ अङ्कको उत्तर

ख	ण्डि	त		शि	गा	र		न
रा		ब	दा	म		स	र	ह
बे	कु	ला		श्या	नि	मा		ति
	ष्ठ		खा	र		धु	नि	था
औ		चा	ला		प	री		र
म	सा	ला		ठे	ला		दा	
ब		च	य	न		का	ग	अ
हा	सि	ल		हे	र	फ		मि
ल		न	म	न		ता	हा	न

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : रामजनम चौधरी
जन्म स्थान : रुपौलिया, नवलपरासी
जन्म मिति : २०५५/०५/०७
जन्म समय : बिहान ९:१२ बजे

कृपया मेरो राशि, वर्तमान ग्रहदशा, विद्या, जागिर र भविष्यका बारेमा बताइदिनुहोला ।

तपाईंको जन्म तिष्य नक्षत्रको चौथो चरण अन्तर्गत पर्न गएकाले कर्कट राशि पर्दछ । वर्तमान समयमा तपाईंलाई सङ्कटाको दशा चलेकाले गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन एवं ढिलासुस्ती गराउने देखिन्छ । साथीसङ्गतमा विचार पुऱ्याउनुपर्ने समय रहेको छ । पढाइमा समेत बाधाअड्चन आइपर्ने देखिएकाले सफलताका लागि धेरै परिश्रम र लगनशीलताको आवश्यकता देखिन्छ । जागिरका लागि २९ वर्ष उप्रान्तको समय राम्रो छ । चिनाका ग्रह बलवान् भएकोले भविष्यमा उच्च सफलता मिल्ने देखिन्छ । सरस्वतीको आशीर्वाद लिएर आउनुभएकाले विद्या वृद्धि निरन्तर बढ्दै जाने छ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । भाग्य राम्रो लिएर आउनु भएकाले भविष्य उज्ज्वल देखिन्छ ।

नाम : केशवशरण रिमाल
जन्म स्थान : काठमाडौँ, थापाथली
जन्म मिति : २०५४/५/२
जन्म समय : बेलुकी ७:१६ बजे

कृपया मेरो पढाइ, जागिर, आर्थिक सफलताका साथै विवाहका लागि उपयुक्त समय कहिले देखिन्छ ? कृपया बताइदिनु होला ।

कठिन समय सकिएर राम्रो समयको सुरुवात भएको छ । जागिरका लागि आगामी नयाँ वर्षमा बलियो सम्भावना देखिन्छ । नयाँ वर्षबाट स्वदेश विदेश चौतर्फी सफलताको समय आउँदै छ । मनले सोचेका योजना नयाँ वर्षको प्रारम्भबाटै बन्दै जाने छन् । प्रेम प्रस्ताव आएता पनि विवाहका लागि भने २९ वर्ष उप्रान्त मात्र राम्रो समय छ । पढाइमा अभिरुचि बढेर जानुका साथै सोचे अनुसारको सफलता मिल्ने छ । यात्रा एवं भ्रमणका साथै मनोरञ्जनका अवसरसमेत प्राप्त हुने छन् । चिनामा सामान्य माङ्गलिक योग रहेकाले विवाह गर्दा चिना जुराएर गर्दा राम्रो हुने छ । चिनामा धन योग पर्न गएकाले भविष्यमा आर्थिक हिसाबले राम्रो सफलता मिल्ने देखिन्छ ।

नाम : उर्मिला खड्का
जन्म स्थान : काभ्रे, पनौती
जन्म मिति : २०४७/८/१३
जन्म समय : बेलुका ९:३० बजे

मेरो जन्म राशि, वर्तमान ग्रहदशा र दाम्पत्य सुखसम्बन्धका बारेमा बताइदिनुहोला ।

तपाईंको जन्म भरणी नक्षत्रको पहिलो चरण अन्तर्गत पर्न गएकाले मेष राशि पर्दछ । जस अनुसार तपाईंमा धार्मिक, सत्यवादी, प्रिय वक्ता, असल चरित्र जस्ता गुण रहेका छन् । नराम्रो समय भर्खरै मात्र सकिएर राम्रो समयको उदय भएको छ । सिद्धाको दशा समय प्रारम्भ भएकाले हर्ष आनन्द मनोरञ्जनका अवसर मिल्नुका साथै नयाँ कामको थालनी हुने तथा गरेको जागिरमा पदोन्नतिसमेत गराउने समय रहेको छ । चिनामा माङ्गलिक योगसमेत पर्न गएकाले दाम्पत्य सम्बन्धमा केही अविश्वास एवं असमझदारी आइपर्ने योग रहकाले सोचबुझका साथ सम्बन्धलाई बलियो बनाएर लैजानुपर्ने देखिन्छ ।

नाम : रवीन्द्र तिमल्सिना
जन्म स्थान : भरतपुर, चितवन
जन्म मिति : २०७८/०४/८
जन्म समय : दिनेको १२:५५ बजे

कृपया मेरो छोराको आयु, स्वास्थ्य, शिक्षा र भाग्य के कस्तो देखिन्छ ? कृपया बताइदिनु भए आभारी हुने थिएँ ।

बाबुको जन्म रेवती नक्षत्रको दोस्रो चरणमा पर्न गएकाले मीन राशि पर्दछ । लग्न स्थानमा बृहस्पति विराजमान भएकाले शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । चिनामा बालारिष्ट योग पर्न गएकाले आठ वर्षसम्मका लागि भने सामान्य स्वास्थ्यसम्बन्धी समस्या आइपर्ने देखिन्छ । पढाइमा उच्च सफलता प्राप्त गर्ने योग रहेको छ । चारित्रिक गुण राम्रा देखिन्छन् । कुण्डलीमा सामान्य राजयोग पर्न गएकाले भविष्यमा उच्च सफलता प्राप्त गर्ने देखिन्छ । छोरा आज्ञाकारी, मिलनसार मातापिताका भक्तसमेत बन्ने देखिन्छ ।

नाम : सरिता पौडेल
जन्म मिति : २०५८/६/७
जन्म समय : बिहान ९:४५ बजे
हालको ठेगाना : बागबजार, काठमाडौँ

मेरो विद्या, विवाह, वैदेशिकयोग र पारिवारिक सम्बन्धका बारेमा बताइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

कुण्डलीमा बृहस्पति बलियो भएकाले विद्यामा उच्च सफलताको योग रहेता पनि वर्तमान समयमा चलेको शनि दशाले गर्दा पढाइमा सामान्य बाधाअड्चनको सामना गर्नुपर्ने देखिन्छ । विवाहका लागि सामान्य माङ्गलिक योग पर्न गएकाले चिना जुराएर विवाह गर्दा राम्रो होला । विवाहका लागि ३१ वर्ष उप्रान्तको समय राम्रो देखिन्छ । चिनामा चर लग्न पर्न गएकाले स्वदेश एवं विदेश दुवैतर्फ सफलता प्राप्त हुने योग रहेको छ ।

२०८० साल चैत महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष मध्यम फलदायी महिना रहेको छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्नेछ। खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखापर्ने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। पठनपाठनमा मन्द प्रगतिको योग रहेको छ। आँखा एवं पेटसम्बन्धी समस्या देखिन सक्छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोञ्जनका अवसर मिल्ने छन्। सामान्य विवादको सम्भावना देखिएकाले बोलीचालीमा विशेष होसियारी अपनाउनुपर्ने देखिन्छ।

वृष उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत बढेर जाला। महिनाको उत्तरार्धमा आकस्मिक यात्राको सम्भावना रहेको छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। पठनपाठनमा लागेको अभिरुचि यथावत् रहने छ। आफन्त एवं पारिवारिक भेटघाटले मन रमाउला। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। रमाइलो ठाउँको यात्राको सम्भावनासमेत रहेको छ।

मिथुन सफलताको महिना रहेको छ। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने छ। विवादमा जित तपाईंको होला। शारीरिक आरोग्यता अनुकूल रहने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा मन लाग्ने छ। दाम्पत्य सम्बन्धमा मिठासको अनुभूति होला। धार्मिक सत्सङ्गको अवसर मिल्ने छ। आर्थिक पक्षका काममा राम्रै सफलता मिल्ने छ। सामाजिक मानप्रतिष्ठा बढेर जाला। महिनाको उत्तरार्धमा सामान्य अस्वस्थताको सम्भावना रहेको छ। युवावर्गका लागि मनोरञ्जनका अवसर मिल्ने छन्।

कर्कट मानसिक अस्थिरता केही बढेर जाला। सामान्य विवादको सम्भावना रहेकाले बोलीचालीमा विचार पुर्‍याउनुपर्ला। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्नेछ। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुर्‍याउनुपर्ला। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। अध्ययन अध्यापनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। आर्थिक पक्षका काममा मध्यम सफलता मिल्ने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

सिंह गर्न आँटेका काममा अनावश्यक बाधाअड्चन आउनुका साथै ढिलासुस्तीसमेत गराउने छ। शारीरिक परिश्रमका साथै मानसिक ताप केही बढी पर्ने छ। नजिकका व्यक्तिबाट विश्वासघात हुने सम्भावना देखिन्छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा समेत अभिरुचि लाग्ने छ। सामान्य चोटपटकको सम्भावना देखिएकाले यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ।

कन्या शारीरिक आरोग्यता अनुकूल रहने छ। मध्यम सफलताको महिना रहेको छ। नवीन कार्यको थालनी हुने देखिन्छ। ठूलो लगानी एवं लेनदेनसम्बन्धी आर्थिक कारोबारमा सतर्कता अपनाउनुपर्ने छ। घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखा पर्नेछ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने देखिएकाले सफलताका लागि धेरै परिश्रम गर्नुपर्ने छ। आफन्त एवं पारिवारिक रमाइलो भेटघाटको अवसर मिल्ने छ।

तुला सफलताको महिना रहेको छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। उच्च मनोबलका साथ कार्यक्षतमा समेत उल्लेख्य वृद्धि भएर जाने छ। धार्मिक एवं सामाजिक कार्यमा सहभागी हुनुपर्ने छ। रमाइलो ठाउँको यात्रा एवं मनोरञ्जनका अवसर मिल्ने छन्। रोकिएका योजनामा क्रमशः सफलता मिल्दै जाने छ। घरायसी पारिवारिक भेटघाटको अवसर मिल्ने छ। आर्थिक पक्षका कार्यमा राम्रो सफलता मिल्ने छ। पठनपाठनमा लागेको अभिरुचि यथावत् रहला।

वृश्चिक पाँचौं सूर्यका कारण सामान्य मानसिक अस्थिरता एवं दुविधा बढेर जानेछ। आर्थिक

पक्षका कामहरूमा सफलताको योग रहेको छ। पठनपाठनमा मन्द प्रगतिको सम्भावना रहेको छ। धार्मिक कार्यहरूमा सहभागी बन्नुपर्नेछ। दाम्पत्य सम्बन्धमा सामान्य असमझदारी बढेर जाला। शारीरिक आरोग्यता अनुकूल रहनेछ। महिनाको मध्यभागमा आकस्मिक यात्राको सम्भावना रहेको छ। उत्तरार्धमा रोकिएका काम बन्दै जानुका साथै मनोरञ्जनका अवसरहरू समेत मिल्नेछन्।

धनु मानसिक अस्थिरता केही बढेर जाला। यात्रा एवं स्थान परिवर्तनको योग रहेको छ। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ने छ। पठनपाठनका साथै बौद्धिक क्रियाकलापमा अभिरुचि बढेर जाला। सामाजिक कार्यबाट मान प्रतिष्ठा मिल्ने देखिन्छ। धार्मिक कार्यमा सहभागी बन्नु पर्ला। महिनाको प्रारम्भमा नवीन कार्यको थालनी हुने देखिन्छ। आर्थिक पक्षका काममा सफलताको सम्भावना देखिन्छ। बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्ने छ।

मकर मनोबल बढेर जानाले कार्यक्षमतामा वृद्धि भएर जाने छ। रोकिएका योजना सम्पन्न हुने छन्। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता समेत अनुकूल रहला। नयाँ आर्थिक लाभका अवसर मिल्ने छन्। सामान्य घरायसी झमेला आइपर्ने छ। सन्तान एवं पारिवारिक चिन्ताले सताउने छ। पठनपाठनमा सामान्य बाधाअड्चन आइपर्ने छन्। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्।

कुम्भ खर्चको मात्रा बढेर जाने छ। लेनदेनसम्बन्धी आर्थिक कारोबारका साथै ठूलो लगानी एवं नयाँ कामको थालनी गर्न उपयुक्त समय छैन। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। पठनपाठनमा मध्यम सफलताको महिना रहेको छ। गर्न आँटेका काम तथा योजनामा ढिलासुस्ती गराउने देखिन्छ। सामान्य विवादको समेत योग रहेकाले बोलीचालीमा विचार पुऱ्याउनुपर्ने छ। महिनाको उत्तरार्धमा मनोरञ्जनका अवसर मिल्ने छन्।

मीन कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्नेछ। सामान्य पेटसम्बन्धी अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनुपर्ला। लेनदेनसम्बन्धी आर्थिक कारोबारमा विशेष सावधानी अपनाउनुपर्ने छ। मानसिक अस्थिरता एवं दुविधा बढेर जाला। महिनाको उत्तरार्धमा यात्राको योग पर्न गएको छ। पठनपाठनमा लागेको अभिरुचि यथावत् रहने छ। धार्मिक एवं सामाजिक कार्यमा मन लाग्नेछ।

उत्तर

१. ३०१ हीरा।

२. १९ वर्ष

सबैभन्दा सानी गीताको उमेर सात वर्ष छ। सबैजनाको बीचमा दुई–दुई वर्षको अन्तर भएकाले यसरी हिसाब गर्न सकिन्छ : ७+२+२+२+२+२+२ = १९

३. ५१ र १५ वा ४२ र २४ वा ६० र ६

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ।

सामान्यज्ञान प्रतियोगिता चैत २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. मिसेस नेपाल क्यानडा २०२३ को उपाधि जित्ने सुन्दरी को हुन् ? [१]
२) विश्वकै ठूलो पानीजहाज कुन हो ? [३]
३) नेपालमा भूकम्प पूर्वसूचना प्रणाली कुन देशको सहयोगमा जडान गरिएको हो ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) द्वितीय विश्वयुद्धमा ब्रिटिस इन्डियाको सहयोगका लागि पठाइएको नेपाली सैन्य टोलीको नेतृत्व कसले गरेको थियो ? [३]
२) ७१ मेगावाटको क्यासकेड जलविद्युत् आयोजना कहाँ रहेको छ ? [३]
३) हाल राष्ट्रसङ्घको स्थायी प्रतिनिधिमा को छन् ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) त्रिभुवन विश्वविद्यालयको पहिलो कुलपति को थिए ? [५]
२) अन्तर्राष्ट्रिय युवा वैज्ञानिक पुरस्कार २०२३ बाट सम्मानित हुने नेपाली को हुन् ? [३]
३) जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता लागू गर्ने पहिलो सार्क राष्ट्र कुन हो ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) नेपालको संसद्लाई प्रतिनिधि सभा भनिन्छ भने भुटानको संसद्लाई के भनिन्छ ? [७]
२) नेपालमा कोतपर्व, भण्डारखाल पर्व र औलो पर्व कुन राजाको पालामा भएका घटना हुन् ? [३]
३) विश्वको तेस्रो ठूलो अर्थतन्त्र भएको राष्ट्र कुन हो ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) नेपाली वनस्पतिका पिता भनेर कसलाई चिनिन्छ ? [६]
२) दक्षिण अमेरिकाको सर्वोच्च शिखर एकान्कागुवाको सफल आरोहण गर्ने नेपाली पहिलो निजामती कर्मचारी को हुन् ? [६]
३) वि.सं. २०८० माघमा सम्पन्न भएको प्रथम विश्वविद्यालय खेलकुद प्रतियोगिताको उपाधि कसले जित्यो ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय शतक बनाउने महिला क्रिकेटर को हुन् ? [६]
२) नेपाली पाइलटमध्ये डिसिपीको लाइसेन्स प्राप्त गर्ने सफल पाइलट को हुन् ? [६]
३) रावलपिन्डी रिजोलुसन नामक कार्यक्रम केसँग सम्बन्धित छ ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) चर्खा प्रचार नामक अभियानमा रोक लगाउने राणा प्रधानमन्त्री को थिए ? [८]
२) पाश्चात्य राजनीतिका कौटिल्य भनेर कसलाई चिनिन्छ ? [६]
३) अपरेसन म्यान हन्ट भन्नाले के बुझिन्छ ? [८]

माघ अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८१ वैशाख १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८० साल चैतको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]
२) .... [३]
३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]
२) .... [३]
३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]
२) .... [३]
३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]
२) .... [३]
३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]
२) .... [६]
३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]
२) .... [६]
३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]
२) .... [६]
३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८० माघ १ देखि २९ गतेसम्मका राष्ट्रिय घटना

माघ ३ गते : मन्त्रीपरिषद् बैठकद्वारा नागरिक लगानी कोष, सांस्कृतिक संस्थान, सहिद गङ्गालाल हृदय केन्द्र र नरदेवी आयुर्वेद चिकित्सालय विकास समितिमा पदाधिकारी नियुक्त ।

माघ ४ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश जारी ।

– प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा असंलग्न आन्दोलन (नाम) को १९ औँ शिखर सम्मेलनलाई सम्बोधन ।

माघ ६ गते : विभिन्न आयोजनाका निर्माण व्यवसायीको बाँकी रहेको रकम भुक्तानी गर्न अर्थ मन्त्रालयद्वारा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई थप एक अर्ब ७१ करोड रुपियाँ निकासा ।

माघ ७ गते : विशेष अदालतद्वारा तत्कालीन संविधान सभा सदस्य इच्छाराज तामाङलाई सम्पत्ति शुद्धीकरण मुद्दामा दोषी ठहर ।

माघ ८ गते : राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि माघ ८ गते मध्यरातदेखि मौन अवधि सुरु ।

माघ ९ गते : सरकारद्वारा सङ्घीय संसद्को हिउँदे अधिवेशन माघ २२ गतेका लागि सिफारिस ।

माघ १० गते : अख्तियार दुरुपयोग अनसुन्धान आयोगद्वारा नेपाल टेलिकमका प्रबन्ध निर्देशक (हाल निलम्बित) सुनील पौडेल र सुरक्षित मुद्रण केन्द्रका कार्यकारी निर्देशक विकल पौडेललाई गैरकानुनी सम्पत्ति आर्जन गरेको दाबीसहित पक्राउ ।

– उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्कासँग संयुक्त राष्ट्रसङ्घका उपमहासचिव तथा निःशस्त्रीकरण मामिलाका लागि संयुक्त राष्ट्रसङ्घका उच्च प्रतिनिधि इजुमी नामामित्सबिच सिंहदरबारमा भेट ।

माघ ११ गते : राष्ट्रिय सभा निर्वाचनपछि माथिल्लो सदनमा माओवादी पहिलो र नेपाली कांग्रेस दोस्रो दल भएका छन् ।

माघ १५ गते : एनसेल अध्ययन समितिद्वारा प्रतिवेदन पेस । एनसेलको सेयर खरिद बिक्री नियमसम्मत नभएको निष्कर्ष ।

– मानव अधिकार उल्लङ्घनकर्ताको नाम सार्वजनिक, साठी जनालाई कारबाही सिफारिस ।

माघ १६ गते : अख्तियार दुरुपयोग अनसुन्धान आयोगद्वारा मालपोत कार्यालय ललितपुरका तत्कालीन मालपोत अधिकृत मीनबहादुर भट्टराईविरुद्ध चार करोड ४० लाख १५ हजार भ्रष्टाचार मुद्दा दायर ।

माघ १८ गते : केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) द्वारा सरकारी जग्गा हिनामिना गरेको आरोपमा अनुसन्धानका लागि व्यवसायी अरुण चौधरी, अतिनारायणसिंह थापा र सञ्जय ठाकुर पक्राउ ।

माघ १९ गते : सङ्घीय संसद्द्वारा आगामी आर्थिक वर्ष २०८१/८२ का लागि एक खर्ब ८७ करोड रुपियाँ बजेट सुनिश्चितताको माग ।

माघ २० गते : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रमुख तथा प्रहरी नायब महानिरीक्षक अर्जुन चन्दद्वारा पदबाट राजीनामा ।

माघ २१ गते : विशेष अदालतद्वारा सम्पत्ति शुद्धीकरण मुद्दामा संविधान सभा सदस्य इच्छाराज तामाङलाई पौने दुई अर्ब रुपियाँ जरिवाना र तीन वर्ष कैदको फैसला ।

माघ २३ गते : सङ्घीय संसद्को महासचिवमा पदमप्रसाद पाण्डेय नियुक्त ।

– कास्की प्रहरीद्वारा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेसहित थप १८ जनाविरुद्ध अनुसन्धान सुरु ।

माघ २४ गते : सर्वोच्च अदालतद्वारा गिरी बन्धु टी स्टिेट प्रालिलाई जग्गा सट्टापट्टा स्वीकृति दिने मन्त्रीपरिषद्को निर्णय बदर ।

माघ २५ गते : नक्कली कागजपत्र बनाएर नगर विकास समितिको जग्गा व्यक्तिका नाममा हस्तान्तरण गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा कैलालीको टीकापुर नगर विकास समितिका तत्कालीन तीन जना अध्यक्षसहित २४९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर । ■

– सरस्वती खत्री, क्षेत्री